# नेपालको संविधानको अनुसूचीमा उल्लेखित साझा अधिकारको विषयमा कानून निर्माणको आवश्यकता


नेपाल सरकार

**नेपाल कानून आयोग**

नयाँ वानेश्वर

# विषय-सूची

## परिच्छेद-१

## प्रारम्भिक (Preliminary)


१.१ विषय प्रवेश १

१.२ अध्ययनको आवश्यकता र औचित्य २

१.३ अध्ययनको उद्देश्य २

१.४ अध्ययनको विधि ३

१.५ अध्ययनको सीमा ३

१.६ अध्ययन समितिको गठन र कार्यादेश ३

१.७ अध्ययनको संरचना ४


## परिच्छेद-२

## संघीयता सम्बन्धी अवधारणागत संरचना

## (Conceptual Framework on Federalism)


२.१ संघीयताको अर्थ र परिभाषा ६

२.२ संघीयताका तह ७

२.३ संघीयताका प्रकारहरु ७

 २.३.१ निर्माण हुने प्रक्रियाको आधारमा ७

 २.३.२ अधिकार बाँडफाँट र कार्य सम्पादनको विधिका आधारमा ८

२.४ संघीयताका फाइदाहरु १०

२.५ संघीयताका बेफाइदाहरु १०

२.६ संघीय प्रणाली अबलम्बन गरेका देशहरु १०

२.७ नेपालमा संघीयता १२

 २.७.१ संघीय शासन प्रणाली स्थापनाको उद्देश्य १२

 २.७.२ नेपालमा संघीयताको विविध पक्ष १३

## परिच्छेद-३

## साझा अधिकारका विषयमा अन्तर्राष्ट्रिय कानूनी व्यवस्था

## (International Legal Provisions on Concurrent Powers)


३.१ अन्तर्राष्ट्रिय कानूनी व्यवस्था १८

३.२ संघीय मुलुकको व्यवस्था १९


## परिच्छेद-४

## नेपालको संविधानमा साझा अधिकारको विषय

## (Subject of Concurrent Powers in the Constitution of Nepal)


४ .१ साझा अधिकार सम्बन्धी अवधारणा ३६

४ .२ साझा अधिकार सम्बन्धी सिद्धान्तहरु ३७

४ .३ साझा अधिकारको प्रकृति ४०

४ .४ संघ, प्रदेश र स्थानीय तहको व्यबस्थापिकीय अधिकार ४३

४.४.१ संघको व्यबस्थापिकीय अधिकार ४४

४.४.२ प्रदेशको व्यबस्थापिकीय अधिकार ४४

४.४.३ स्थानीय तहको व्यबस्थापिकीय अधिकार ४५

४.५ संघ र प्रदेशको साझा अधिकारको सूची ४६

४.६ संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची ६२

४.७ संघबाट बनेका कानूनहरुको सूची १००

४.८ साझा अधिकारका सूची अन्तर्गत बनेका कानूनको विश्लेषण ११४


## परिच्छेद-५

## निष्कर्ष र सुझाव (Conclusion and Suggestion)


५.१ अध्ययनको निष्कर्ष १४४

५.२ सुझावहरु १४६

**सन्दर्भ सामाग्रीहरु** **१४९**

# परिच्छेद-१

## प्रारम्भिक (Preliminary)

### १.१ विषय प्रवेश (Introduction)

संघीयता (Federalism) विश्वमा प्रचलित एक शासन प्रणाली हो। संघीयताले समग्र राष्ट्रिय हितलाई एक आपसमा जोड्दै बहुल शासकीय प्रणालीबाट राष्ट्रको विकास गर्ने लक्ष्य राखेको हुन्छ। नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा स्वाधिनतालाई उच्च राख्दै लोक कल्याणकारी राज्य व्यवस्था स्थापना गर्ने परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइहरू बीचको सम्बन्ध संञ्चालन गर्ने उद्देश्यले नेपालमा वि.स.२०७२ साल असोज ३ गतेदेखि संघीय शासन प्रणाली अवलम्बन गरेको संविधान कार्यान्वयनमा आएको छ । यो संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने महत्वपूर्ण उद्देश्य राखेको देखिन्छ।

संविधानले देशको शासन प्रणाली संघीय स्वरुपको हुने व्यवस्था गरेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने र राज्य शक्तिको प्रयोग तीनवटै तहबाट संविधान र कानून बमोजिम हुने व्यवस्था गरेको छ। संविधानको धारा ५६ र ५७ मा संघ, प्रदेश र स्थानीय तहमा राज्य शक्तिको विभाजन, बाँडफाँड तथा अधिकार क्षेत्रको व्यवस्था गरिएको छ। सोही अनुसार संविधानको अनुसूची-५ मा संघको एकल अधिकारका विषय, अनुसूची-६ मा प्रदेशको एकल अधिकारका विषय, अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकारको विषय, अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको विषय र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयहरू समावेश गरिएको छ । नेपालको संविधानले संघ, सातवटा प्रदेश र सातसय त्रिपन्न वटा स्थानीय तह (स्थानीय सरकार) को व्यवस्था गरेको छ ।

संघीय शासन प्रणाली नेपालमा नयाँ अभ्यास रहेको, संघीय संसद, प्रदेश सभा र स्थानीय तहको दुई/ दुई पटक (वि.स.२०७४ र २०७९ सालमा) निर्वाचन भै संघीयताको अभ्यास भैरहेको अवस्था छ। संघ, प्रदेश र स्थानीय तहले आफूलाई आवश्यक पर्ने महत्त्वपूर्ण कानूनहरू निर्माण गरिरहेको अवस्था छ। संघमा जम्मा ३४८ वटा कानूनहरू कार्यान्वयनमा

रहेका छन्। विभिन्न प्रदेश तथा स्थानीय तहले दर्जनौ कानूनहरू तर्जुमा गरी लागू गरेको अवस्था छ ।

प्रस्तुत सन्दर्भमा संविधानको अनुसूचीमा उल्लेखित साझा अधिकारको विषयमा के कति कानूनहरू बनेका छन्? के कस्ता कानूनहरूको आवश्यकता रहेको छ भन्ने विषयमा विश्लेषण गरी साझा अधिकारका विषयमा आवश्यक कानूनहरू पहिचान गर्नु आवश्यक भएकोले संविधानले निर्दिष्ट गरे अनुसार कानून निर्माण कार्यलाई अगाडि बढाउन आवश्यक देखिन्छ।

## १.२ अध्ययनको आवश्यकता र औचित्य (Necessity and Justification of the Study)

नेपालको संविधानले संघीय सरकारलाई नीति निर्माण, नियमन तथा ठुला र वृहत् प्रभाव पार्ने आयोजना तर्जुमा एवं कार्यान्वयनको जिम्मेवारी दिएको छ भने प्रदेश तह विकास निर्माणको प्रमुख तह हुने र स्थानीय तह सेवा प्रवाहको पहिलो विन्दु हुने परिकल्पना गरेको छ। *नेपाल कानून आयोग ऐन, २०६३* को दफा १० मा नयाँ कानून बनाउने, विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन अनुसन्धान गर्ने गराउने, प्रचलित कानूनमा एकीकरण वा पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने जस्ता काम कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले कानून निर्माण गर्ने विषयलाई एकल र साझा अधिकारको रुपमा उल्लेख गरेको छ। साझा अधिकारका विषयमा संघले के कति कानूनहरू निर्माण गरेको छ र अब के कति, कस्ता कानूनहरूको निर्माण गर्नुपर्ने हो भन्ने विषयमा निष्कर्ष निकाल्न आवश्यक देखिएको, साथै प्रदेश सरकार तथा स्थानीय तहले साझा अधिकारका विषयमा संघीय कानून निर्माण नहुँदा प्रदेश र स्थानीय तहले प्रभावकारी काम कारवाही गर्न नसकेकोले साझा अधिकारका विषयमा संघले निर्माण गर्नुपर्ने कानूनहरूको पहिचान गरी यस विषयमा अन्तराष्ट्रिय कानूनी प्रावधान समेतको अध्ययन गर्दै ती कानूनहरू यथासक्य चाडो निर्माण गर्नुपर्ने आवश्यकता देखिएको छ।

## १.३ अध्ययनको उद्देश्य (Objectives of the Study )

संघीयता हाम्रो सन्दर्भमा नवीन शासन प्रणाली भए तापनि छोटो समयको अभ्यासबाट आफ्नै मौलिक प्रकृतिको संघीय प्रणालीको विकास हुने क्रममा रहेको छ। साथै संविधान जारी भएको छोटो अवधिमा संघ, प्रदेश र स्थानीय तहबाट सयौंको संख्यामा कानूनहरूको निर्माण

भई संघीय शासन प्रणालीलाई व्यवस्थित गर्ने काम भैरहेको छ। साझा अधिकारका विषयमा संघले बनाउनुपर्ने कानूनहरूको पहिचान गरी ती कानूनहरू यथासक्य चाँडो निर्माण गर्नुपर्ने तथा यस विषयमा अन्तराष्ट्रिय कानूनी प्रावधान र अन्य संघीय मुलुकको व्यवस्थाहरू समेतको अध्ययन गर्नुका साथै निर्माण गरिएका कानूनको समेत अध्ययन गरी सोको बारेमा आवश्यक सुझाव दिनु यस अनुसन्धानको उद्देश्य रहेको छ।

## १.४ अध्ययनको विधि (Methodology of the Study)

प्रस्तुत अध्ययनमा सैद्धान्तिक विधिको प्रयोग गरिएको छ। अध्ययनको आधारका रुपमा विभिन्न स्रोत सामाग्रीहरूबाट सम्बन्धित कानूनहरूको सैद्धान्तिक अध्ययन गरिएको छ । सैद्धान्तिक विधि अपनाई संकलन गरिएको सूचनालाई विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययन सम्पन्न गरिएको छ । समग्रमा भन्नुपर्दा यस अध्ययनमा सैद्धान्तिक विधि, विश्लेषणात्मक विधि र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ।

## १.५ अध्ययनको सीमा (Limitation of the Study)

नेपालको संविधानको अनुसूची ७ र ९ मा उल्लेखित साझा अधिकारका सूचीमा समावेश भएका संघ, प्रदेश र स्थानीय तहका अधिकारमा सिमित रही निर्माण भएका कानून तथा सो ले पारेको प्रभावको मूल्याङ्कन गर्नुको साथसाथै संघले निर्माण गर्नुपर्ने आवश्यक कानूनहरूको पहिचानमा सीमित रही यो अध्ययन गरिएको छ।

## १.६ अध्ययन समितिको गठन र कार्यदेश (Formation and Mandate of the Study Committee )

नेपाल कानून आयोगको आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्यक्रममा आयोगले विभिन्न कानूनको अध्ययन अनुसन्धान गर्ने वा गराउने सम्बन्धमा बजेट विनियोजन भएको छ । सोही शीर्षकमा रहेर आयोगले आवश्यक ठानेको कुनै विषयमा अध्ययन अनुसन्धान गरी Research Paper तयार गर्ने सम्बन्धमा मिति २०७९/०५/२६ को नेपाल कानून आयोगको निर्णय अनुसार नेपालको संविधानको अनुसूचीमा उल्लेखित साझा अधिकारको विषयमा कानून निर्माणको आवश्यकता सम्बन्धी अध्ययन गरी आयोगसमक्ष सुझाव पेश गर्ने कार्यका लागि देहाय बमोजिमको अध्ययन समिति गठन भएको छः

**अध्ययन समितिः**

(क) अध्यक्ष, नेपाल कानून आयोग -संयोजक
(ख) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य
(ग) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य
(घ) सचिव, नेपाल कानून आयोग -सदस्य
(ङ) सहसचिव (तर्जुमा हेर्ने), नेपाल कानून आयोग -सदस्य-सचिव

अध्ययन समितिको काम, कर्तव्य, अधिकार तथा कार्यदिश देहाय बमोजिम रहेको छः

- सम्बन्धित विषयमा नेपालको संविधानमा रहेका प्रावधान, अन्तराष्ट्रिय कानूनी प्रावधान तथा अन्य मुलुकको व्यवस्थाहरूको विस्तृत अध्ययन गर्ने,
- सम्बन्धित विषयमा नेपालमा विद्यमान कानूनी व्यवस्थाहरूको विस्तृत अध्ययन गर्ने,
- सम्बन्धित विषययमा यस आयोगका अधिकृत कर्मचारी, सरोकारवाला तथा विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्ने,
- आवश्यकतानुसार सरोकारवालासँग छलफल तथा अन्तक्रिया गर्ने,
- समितिले आवश्यकता अनुसार कार्यदल गठन गर्न सक्ने छ,
- समितिको संयोजक, सदस्य-सचिव तथा आमन्त्रित सदस्यहरूलाई तोकिए बमोजिमको बैठक भत्ता र खाजा उपलब्ध गराउने,
- अन्य आवश्यक कार्य गर्ने।

## १.७ अध्ययनको संरचना (Organization of the Study):

प्रस्तुत अध्ययनलाई पाँच परिच्छेदमा बिभाजन गरिएको छ। परिच्छेद-१मा सामान्य परिचय, अध्ययनको आवश्यकता र औचित्य, अध्ययनको उद्देश्य, सूचना संकलन र अध्ययन विधि लगायतका प्रारम्भिक विषयलाई समावेश गरिएको छ। परिच्छेद-२ मा संघीयताको अर्थ, यस्तो प्रणाली अबलम्बन गर्ने देशहरूको जानकारी , संघीयताका तह, प्रकार, संघीयताको फाइदा, बेफाइदा र नेपालमा संघीयता सम्बन्धी विषय समावेश गरिएका छन। परिच्छेद-३मा साझा अधिकारका विषयमा कानून निर्माण सम्बन्धी अन्तर्राष्ट्रिय कानूनी व्यवस्था तथा अन्य संघीय मुलुकको व्यवस्थाहरू उल्लेख गरिएको छ। परिच्छेद-४मा नेपालको संविधानमा साझा अधिकारको विषय अन्तर्गत साझा अधिकारको अवधारणा; साझा अधिकार सम्बन्धी सिद्धान्तहरू; साझा अधिकारको प्रकृति; संघ, प्रदेश र

स्थानीय तहको व्यबस्थापिकीय अधिकार; संघ र प्रदेशको साझा अधिकारको सूची; संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची; संघबाट निर्मित कानूनहरूको सूची र साझा अधिकारका सूची अन्तर्गत निर्माण गरिएका कानूनको विश्लेषण गरिएको छ। परिच्छेद-५ मा कानूनको औचित्यता तथा आवश्यकताको विश्लेषण गरी निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

# परिच्छेद-२

## संघीयता सम्बन्धी अवधारणागत संरचना ( Conceptual Framework on Federalism)

### २.१ संघीयताको अर्थ र परिभाषा ( Meaning and Definition of Federal System)

“संघीयता” शब्द अंग्रेजी भाषाको Federalism को नेपाली रूपान्तरण हो। Federalism शब्द ल्याटिन शब्द ’Foedus÷ बाट आएको हो। यसको अर्थ एकता, करार वा सन्धि अथवा सम्झौता भन्ने हुन्छ। सम्झौताका पक्षको खास र साझा इच्छाहरू प्रबर्द्धन गराउनु यसको उद्देश्य हो। यसै मान्यताबाट संघीयताको जन्म भएको हो।

Federalism is a combined or compound mode of government that combines a general government (the central or "federal" government) with regional (provincial, state, cantonal, territorial, or other sub-unit governments) in a single political system, dividing the powers between the two.[1]

Federalism is the theory or advocacy of federal principles for dividing powers between member units and common institutions. Federalism is a system of government in which power is divided between a central authority and various constituent units of the country.

Federalism is a system of government in which the same political component is governed by two or more levels of government following the power and functions as divided under the constitution.[2]

Federal government is a system of government which embodies a division of powers between a central and a number of regional authorities. Each of these in its own sphere is co-ordinate with the others and independent of them. **K.C. Wheare**

संघीयताले सरकारका विभिन्न तहहरूको बीचमा राजनीतिक शक्तिको बाँडफाँड र समायोजन गर्ने गर्दछ। संघीय शासन पद्धतिमा केन्द्रीय सरकारसँग शक्तिको बाँडफाँड हुन्छ। त्यसैले यो पद्धति एक प्रकारको समझदारी एंव प्रतिबद्धताको शासन पद्धति हो। समान उद्देश्य र साझा प्रतिबद्धताका आधारमा सरकारका दुई वा सोभन्दा बढी तहहरूद्वारा सञ्चालित शासन नै संघीय प्रणाली हो। त्यसैले यसलाई बहुल शासकीय प्रणाली पनि भनिन्छ । यस प्रणालीमा सामूहिक उद्देश्य प्राप्तिका लागि राज्यहरू संघीय राज्यको रुपमा रुपान्तरित हुन्छन् अथवा संघीय सरकारमा आवद्ध हुन्छन् । यस प्रणालीमा संविधानबाट नै राज्यशक्तिलाई विभिन्न तहका सरकारहरू बीच विभाजन गरी समन्वयात्मक र सहकार्यात्मक ढङ्गले शासन व्यवस्था सञ्चालन गरिन्छ। परराष्ट्र

---

[4] https://studysite.org

[6] *Khushee Prasad Tharu (PhD.), Distribution of Competence in Federal System: A Case Study of Nepal 2021 A.D.*

नीति, मौद्रिक व्यवस्था, रक्षा तथा प्रतिरक्षा जस्ता राज्यका मुख्य विषयहरू संघमा राखेर अन्य अधिकारहरू संविधानद्वारा नै तलका इकाइहरूमा दिइएको हुन्छ । सरकारका कामहरू हरेक तहमा अन्तिम निर्णय हुने गरी संविधानले नै बाँडफाँट गरेको हुन्छ । हरेक तहका सरकारहरू संविधान र कानूनको अधीनमा रही स्वायत्त हुन्छन् तर स्वतन्त्र होइन। संघीयता भनेको केन्द्र र प्रदेशबीच अधिकारको बाँडफाँट हो। तर सार्वभौमसत्ताको विभाजन भने होइन। राज्य संचालनको अधिकार केन्द्रमा मात्र सीमित नराखी स्थानीय राजनैतिक निकाय अर्थात् प्रदेशहरू गठन गरी तिनीहरूलाई निश्चित अधिकारसहित शासन प्रशासनका अधिकारहरू प्रयोग गर्ने गरी संवैधानिक व्यवस्था गर्नु संघीय शासन व्यवस्थाको मर्म हो।

लोकतान्त्रिक व्यवस्था, संवैधानिक सर्वोच्चता तथा विवाद समाधान संयन्त्रको व्यवस्था हुन्छ। हरेक तहका सरकारको आफ्नै कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका तथा प्रशासन यन्त्र पनि रहेका हुन्छन् । कुनै कुनै संघीय प्रणालीमा न्यायपालिकालाई एकात्मक स्वरूपमै राखिएको पनि पाइन्छ । नेपालले संघात्मक शासन प्रणाली अबलम्बन गरे पनि न्यायपालिकाको स्वरुप एकात्मक प्रकृतिको छ।

## २.२ संघीयताका तह (Level of Federalism)

विश्वमा संघीयता कार्यान्वयनका लागि विभिन्न तहहरूमा विभाजन गरिएको पाइन्छ। भारतमा संघ, राज्य र पञ्चायत एवं नगरपालिका सहितको तहमा विभाजन गरिएको छ। दक्षिण अफ्रिकामा राष्ट्रिय, प्रान्तीय र स्थानीय तहको व्यवस्था छ। स्वीट्जरल्यान्डमा केन्द्रमा संघ, प्रान्तमा क्यान्टोन र नगर स्तरमा कम्युनको व्यवस्था छ। अस्ट्रेलियामा संघीय कार्यकारिणी सरकार र राज्यहरू गरी दुई तह मात्रै छन्। जर्मनीमा संघीय, ल्यान्डर अथवा प्रदेश, काउन्टी र कम्युन गरी चारवटा तह छन् । ब्राजिलमा केन्द्र, राज्य र नगरपालिका समिति गरी तीन वटा तह छन्। नेपालमा संघ, प्रदेश र स्थानीय तह (पालिका) गरि तीन तहको संघीयता रहेको छ। यसरी हेर्दा संघीयता दुई, तीन र चार तहमा विभाजन भएको पाउन सकिन्छ।

## २.३ संघीयताका प्रकारहरू (Types of Federalism)

संघीयतालाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ :-

**२.३.१. निर्माण हुने प्रक्रियाको आधारमाः** निर्माण हुने प्रक्रियाको आधारमा संघीयता दुई प्रकारको हुन्छः-

(क) **जोडिएर बन्ने संघीयता (Coming Together):** दुई वा सो भन्दा बढी राज्यहरू आपसमा मिलेर बलियो संघको स्थापना गरेर संघीयताको अवलम्बन गरिन्छ। उदाहरणका लागि रुस, अमेरिका, अस्ट्रेलिया, स्वीटजरल्याण्ड लगायतका देशलाई लिन सकिन्छ।

(ख) **टुक्र्याएर बन्ने संघीयता (Holding Together):** कुनै एकात्मक राज्यलाई दुई वा सो भन्दा बढी सरकारका तह वा एकाइहरूमा विभाजन गरी संघीय प्रणालीमा गइन्छ। नाइजेरिया, इथियोपिया, जर्मनी लगायतले यो तरिका अवलम्बन गरी संघीयतामा गएका हुन्। नेपालले पनि यही तरिका अवलम्बन गरी संघीय प्रणालीमा गएको हो।

Coming Together अन्तर्गतका परिपक्व संघीयताका देशहरूमा केन्द्रीकरण बढ्दै गएको छ भने Holding Together अर्थात एकात्मक पद्धतिबाट संघीयतामा रुपान्तरित भएका संघीय देशमा विकेन्द्रित उपागमका अभ्यास महत्वपूर्ण मानिन्छ। संयुक्त राज्य अमेरिकामा सन् १८६० देखि १९३३ सम्म संघीयताको केन्द्रीकरणमा जोड दिएको देखिन्छ। संघीय शासन प्रणाली एक निरन्तर अभ्यास र बढ्दो मागको रुपमा रहेको छ। फरक-फरक अभ्यासमा राजनीतिक, प्रशासनिक, वित्तीय नियमन तथा केन्द्रीय प्रभावका आधारमा संघीय शासन निरन्तर परिवर्तनशील, सुधारोन्मुख र परिपक्वता हासिल गर्नेतर्फ केन्द्रित छ।

**२.३.२. अधिकार बाँडफाँट र कार्य सम्पादनको विधिका आधारमा** : अधिकार बाँडफाँट र कार्य सम्पादनको विधिका आधारमा संघीयता छ प्रकारका रहेका छन्ः-

**(क) द्वैध र सहयोगी संघीयता ( Dual Federalism and Cooperative Federalism):** द्वैध संघीयता अन्तर्गत संघीय र प्रादेशिक सरकारवीच जिम्मेवारीहरू छुट्टाछुट्टै हुन्छन्। यस्तो संघीयतामा दुई तहका सरकारले एउटै भुगोल र जनसंख्यामा शासन गर्छन् र स्वायत अधिकारहरू प्राप्त गरेका हुन्छन्। अष्ट्रेलिया, क्यानडा, भारत, पाकिस्तान र संयुक्त राज्य अमेरिकालाई यसका उदाहरणका रुपमा लिन सकिन्छ। समन्वयात्मक अधिकार पद्धतिमा पनि यस्तो संघीयताको अभ्यास हुन्छ। सहयोगी संघीयता (Cooperative Federalism) अन्तर्गत विभिन्न तहका जिम्मेवारीहरू अन्तरसम्बन्धित हुन्छन्। संघीय सरकारले नीति निर्धारण गर्दछ र तल्ला तहका सरकारले कार्यान्वयन गर्दछन्। यो पद्धति ब्राजिलले अवलम्वन गरेको पाईन्छ।

**(ख) प्रतिस्पर्धात्मक संघीयता ( Competitive Federalism):** वित्तीय संघीयताको अवधारणाबाट यो संघीयता विकसित भएको हो । कुनै पनि मुलुकमा यसको हुवहु अभ्यास भएको

पाईदैन । यो पद्धतिमा सबै तहमा खप्टिएका जिम्मेवारी हुन्छन। ती तहहरू सेवाग्राहीलाई सेवा दिन प्रतिस्पर्धा गर्दछन्। विश्लेषकहरू यस्तै प्रतिस्पर्धाले सरकारहरू बढी दक्ष, जिम्मेवार र जवाफदेही हुने अपेक्षा गर्छन्। यो सार्वजनिक रोजाइ (Public Choice) को मान्यतामा आधारित हुन्छ।

**(ग) असमान संघीयता (Asymmetric Federalism):** राजनीतिक प्रशासनिक र वित्तीय अधिकार, शक्ति र सम्वन्ध संघीय इकाइवीच असमान ढंगले वितरण गरिएको संघीय प्रणाली असमान संघीयता हो। विविधतालाई सम्वोधन गर्न स्वायत्तता र शक्ति फरक रूपमा वितरण गरिएको हुन्छ। भारतको काश्मिर प्रान्त, क्यानडाको क्युवेक प्रोभिन्स र मलेशियाको Sabah र Sarawak राज्य यसका उदाहारण हुन्।

**(घ) बहुतहको शासन वा बहुस्तरीय शासन (Multi-Level Governance):** यो अवधारणा शुरुमा यूरोपियन युनियनको निर्माण गर्दा बहुतहको शासनको अवधारणा विकास भएको हो। मूलतः यो पद्धति अन्तर्राष्ट्रिय संघीयतामा प्रयोग गरिएको छ।

**(ङ) बजार संरक्षित संघीयता (Market Preserved Federalism):** संघीयताको तुलनात्मक विश्लेषणका लागि Barry Weingast ले यो सैद्धान्तिक अवधारणा विकास गरेका हुन्। यस अन्तर्गत देहायका पक्ष समेटिन्छन् :

(१) सरकारका तहहरूवीच कार्य जिम्मेवारीको स्पष्ट बाँडफाँड हुनु पर्ने,

(२) स्थानीय सेवाहरू र वस्तुमा प्रथामिक अधिकार पाउनु पर्ने,

(३) आन्तरिक बजार (Common Market) संरक्षण संघीय सरकारमा रहनु पर्ने,

(४) सबै सरकारहरूले निर्णय सीमा (Hard Budget Constraint) र वितीय परिणामको सामना गर्नुपर्ने,

(५) राजनीतिक अधिकार संस्थागत हुनुपर्ने।

**(च) महासंघीय संघीयता (Confederal Federalism):** यस पद्धतिमा केन्द्रीय सरकारले सदस्य इकाइको एजेण्टको रुपमा काम गर्दछ। स्वतन्त्र कर लगाउने र खर्च गर्ने अधिकार हुँदैन। संयुक्त राज्य अमेरिकामा सन १७८१ देखी १७८७ सम्म यस्तो अभ्यास गरिएको थियो। संयुक्त राष्ट्र संघ र युरोपीयन युनियन यसका उदाहरण हुन्। संघीयताका सिद्धान्त,

आाधार र अभ्यास हेर्दा विविधता देखिन्छ। शुरुको अभ्यासमा धेरै फरक आएको पाइन्छ। यो केन्द्रीयता र विकेन्द्रीकरणमा रुमलिएको पाइन्छ।

## २.४ संघीयताका फाइदाहरू (Advantages of Federalism)

संघीय शासन प्रणालीका देहाय बमोजिमका फाइदाहरू हुन्छन् :-

(क) जनताको घरदैलोमा सरकारको उपस्थिति हुने हुँदा सेवा घरदैलोमा नै प्राप्त हुने,

(ख) शासन सञ्चालनमा सबै वर्ग र क्षेत्रको प्रतिनिधित्व हुने हुँदा अपनत्व कायम हुने,

(ग) केन्द्र सरकारको कार्यबोझमा कमी भई सरकारको कार्यमा गुणस्तर कायम हुन मद्दत पुग्ने,

(घ) आन्तरिक स्रोतको अधिकतम परिचालन हुनसक्ने हुँदा बाह्य निर्भरतामा कमी,

(ङ) जनचाहनामा आधारित सन्तुलित विकास गर्न मद्दत पुग्ने।

## २.५ संघीयताका बेफाइदाहरू (Disadvantage of Federalism)

संघीय शासन प्रणालीका देहाय बमोजिमका वेफाइदाहरू हुन्छन् :

(क) संघीय इकाइहरू बीच मतभेद आएमा राष्ट्रिय अखण्डतामाथि प्रश्न उठ्न सक्ने,

(ख) नीति कार्यक्रम तथा योजनाहरूमा दोहोरोपन आउन सक्ने,

(ग) जनतामाथि द्धैध शासनको भार पर्न सक्ने,

(घ) संघीय इकाइहरू बीच अस्वस्थ प्रतिस्पर्धा हुनसक्ने,

(ङ) थप भ्रष्टाचार र अनियमितताको सम्भावना रहने

## २.६ संघीय प्रणाली अवलम्वन गरेका देशहरू( Countries which Adopted Federal System)

विश्वका २८ देशहरूमा यस प्रणालीको अवलम्बन गरिएको छ। क्षेत्रफलको आधारमा विश्वका सबभन्दा ठूला ८ राष्ट्रहरूमध्ये ७ वटाले यस प्रणालीलाई अवलम्बन गरेका छन्। विश्वको कुल जनसङ्ख्याको करिब ४० प्रतिशत जनसंख्या यो प्रणाली अवलम्बन गर्ने

देशहरूको रहेको छ। क्षेत्रफलमा संसारको सवैभन्दा ठूलो राष्ट्र रसियादेखि सेन्ट किट्स जस्तो सानो मुलुकमा समेत यस प्रणालीले स्थान पाएको छ। ती २८ देशहरू निम्नानुसार छन्ः-

१. अर्जेन्टिना
२. अष्ट्रिया
३. अस्ट्रेलिया
४. इथियोपिया
५. इराक
६. कोमोरस
७. क्यानडा
८. जर्मनी
९. दक्षिण अफ्रिका
१०. नाइजेरिया
११. नेपाल
१२. पलाऊ
१३. पपुवा न्युगिनी
१४. पाकिस्तान
१५. बेल्जियम
१६. बोस्निया हर्जगोभिना
१७. ब्राजिल
१८. भारत
१९. भेनेजुयला
२०. मलेसिया
२१. दक्षिण सुडान
२२. मेक्सिको
२३. रसिया
२४. सेन्ट किट्स
२५. संयुक्त अरब इमिरेट्स
२६. संयुक्त राज्य अमेरिका
२७. स्वीट्जरल्याण्ड

२८. स्पेन

## २.७ नेपालमा संघीयता (Federalism in Nepal)

नेपालको संविधानले संघ, सात प्रदेश र सातसय त्रिपन्न स्थानीय तह रहने गरी तीन तहको सरकार (कार्यपालिका) को ब्यवस्था गरेको छ। त्यसैगरी तीनवटै तहमा ब्यवस्थापिकाको ब्यवस्था गरेको छ तर न्यायपालिका भने एकात्मक प्रणालीमा नै रहेको छ। यी तहहरू बीच सहअस्तित्व, सहसम्बन्ध र सहकार्यमा आधारित हुने गरी संघीय शासन प्रणालीको ब्यवस्था गरिएको छ। यस संघीयताले सहकारी संघीयताको सिद्धान्तलाई अन्तरसम्बन्धको मूल आधारको रूपमा मानेको देखिन्छ। सरकारका तीनै तहहरू प्रतिस्पर्धी नभएर सिंगो प्रणालीमा आबद्ध उप-प्रणालीको रूपमा रही नागरिकको बृहत् हितका लागि एक-आपसमा मिलेर सहकार्य गर्नु पर्ने हाम्रो संघीयताको मूल मर्म हो। नेपालको संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तहहरू एक-अर्को मातहतका अंग नभई संविधान र कानूनका सीमामा बाँधिएका सहयोगी र परिपूरक संरचना हुन् भन्ने स्पष्ट पारेको छ।

### २.७.१ संघीय शासन प्रणालीको स्थापनाको उद्देश्य (Objectives of the Establishment of Federal System)

नेपालमा संघीय शासन प्रणालीको स्थापना देहायका उद्दश्यले गरिएको देखिन्छः

- सबै जातजाति, धर्म, संस्कृति, पहिचानको संरक्षण र संवर्द्धन गर्न, जनताको भावनात्मक एकीकरण गर्न र लामो समयदेखिको द्वन्द्वको दीर्घकालीन रूपमा व्यवस्थापन गर्न,
- संविधानमा नै स्थानीय तहको सरकारको अधिकार उल्लेख गरी स्थानीय स्वशासनको प्रभावकारी अभ्यास गर्न र जनतामा गाउँगाउँमा सिंहदरवार पुगेको अनुभूति गराउन,
- आफ्नो क्षेत्रको विकासको लागि सम्बन्धित क्षेत्रका जनता र सरकारलाई नै जिम्मेवार बनाउन र विकासको लागि प्रतिस्पर्धाको वातावरण सिर्जना गर्न,
- विविधताको सम्मान, संरक्षण र उपयुक्त ढंगले व्यवस्थापन गर्न,
- केन्द्र सरकारको कार्य बोझ कम गरी केन्द्र सरकारलाई राष्ट्रिय नीति निर्माण, अनुगमन तथा मूल्याङ्कनमा बढी केन्द्रित गर्न,
- विभिन्न वर्ग, क्षेत्र, समुदायलाई राष्ट्रको मूल प्रवाहमा ल्याई राष्ट्रिय एकतालाई वास्तविक रूपमा नै बलियो तुल्याउन,

- स्थानीय जनचाहना बमोजिमको स्थानीय आवश्यकता, हित र प्राथमिकताको उचित सम्बोधन गर्न,
- स्थानीय साधन स्रोतको अधिकतम परिचालन गरी राष्ट्रलाई विकास र समृद्धिको यात्रातर्फ अघि बढाई नेपाललाई समृद्ध र नेपाली जनतालाई सुखी, खुसी र विवेकशील बनाउन।

### २.७.२ नेपालमा संघीयताको विविध पक्ष (Miscellaneous Aspects of Federalism in Nepal)

(क) **राजनैतिक संघीयताको प्रावधान (Provisions of Political Federalism):** नेपालको संविधानको भाग ४ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५०(१) मा लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइहरू बीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ भन्ने उल्लेख गरिएको छ। धारा ५१(ख)(४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रषटाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने एवं धारा ५१(ख) मा संघीय इकाइवीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने भन्ने उल्लेख गरिएको छ । राजनैतिक संघीयता स्थापना र कार्यान्वयनका लागि नेपालको संविधानले गरेको मुख्य- मुख्य प्रावधान देहाय बमोजिम रहेका छन्ः

- राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानून बमोजिम गर्ने [धारा ५६(२)]
- नेपालको कार्यकारिणी अधिकार नेपाल सरकार (संघ) मा हुने, संघीय कार्यकारिणी सम्बन्धी सम्पूर्ण काम नेपाल सरकारको नाममा हुने,
- नेपालको शासन ब्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने भूमिका नेपाल सरकारको हुने,

- नेपाल सरकारको नाममा हुने निर्णय वा आदेश र तत् सम्बन्धी अधिकार पत्रको प्रमाणीकरण संघीय कानून बमोजिम हुने,

- संघीय कार्यकारी प्रमुख (प्रधानमन्त्री)ले मन्त्रिपरिषदका निर्णय, संघीय संसदमा पेश गरिने विधेयक र यी विषयहरूसँग सम्बन्धित विषयमा राष्ट्रपतिले मागेको जानकारी र विवरण तथा नेपालको समसामयिक परिस्थिति र बैदेशिक सम्बन्धका विषयमा राष्ट्रपतिलाई जानकारी गराउनु पर्ने,

- नेपाल सरकारको कार्य विभाजन र कार्य सञ्चालनबारे नेपाल सरकारले नियम बनाउने र सो पालना भयो भएन भनी अदालतमा प्रश्न उठाउन नमिल्ने, प्रदेशको कार्यकारिणी अधिकार प्रदेश मन्त्रिपरिषदमा हुने, संघीय शासन लागू भएका बखत सोको प्रयोग प्रदेश प्रमुखले गर्ने,

- प्रदेशको शासन ब्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने भूमिका प्रदेश सरकारको हुने,

- प्रदेशको कार्यकारिणी कार्यहरू प्रदेश सरकारको नाममा हुने,

- प्रदेश सरकारको नाममा हुने निर्णय वा आदेश र तत् समबन्धी अधिकार पत्रको प्रमाणीकरण प्रदेश कानून बमोजिम हुने,

- प्रदेशको एकल अधिकार(Exclusive powers of Province) (अनुसूची-६) का विषय र साझा (Concurrent powers) अधिकार (अनुसूची-७ र ९) का विषयमा प्रदेशको कार्यकारिणी अधिकार हुने तर साझा अधिकार प्रयोगका विषयमा नेपाल सरकारसँग समन्वय गर्नु पर्ने,

- प्रदेश कार्यकारी प्रमुख (मुख्यमन्त्री)ले प्रदेश मन्त्रिपरिषदका निर्णय, प्रदेश सभामा पेश गरिने विधेयक र यी विषयहरूसँग सम्बन्धित विषयमा प्रदेश प्रमुखले मागेको जानकारी र विवरण तथा प्रदेशको समसामयिक परिस्थितिका विषयमा प्रदेश प्रमुखलाई जानकारी गराउनु पर्ने,

- प्रदेश सरकारको कार्य विभाजन र कार्य सञ्चालनबारे प्रदेश सरकारले नियम बनाउने र सो पालना भयो भएन भनी अदालतमा प्रश्न उठाउन नमिल्ने,

- सामाजिक साँस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम हुन सक्ने [धारा ५६(५)],

- तीनै तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, स्वाभिमान, सर्वाङ्गिण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणत्तन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्नु पर्ने ।[ धारा ५६(६)],

- संघको अधिकारमा रक्षा प्रतिरक्षा र सोसँग सम्बन्धित विषयहरू, कुटनीति र परराष्ट्रका विषयहरू, दण्ड ब्यवस्थाका विषयहरू जस्ता सारवान विषयहरू र आर्थिक केन्द्रीयताका विषयहरू, एकात्मक स्वरुपमा रहेको न्यायपालिकाका विषयहरू, राष्ट्रिय नीतिका विषयहरू संघको भूमिका वा जिम्मेवारीमा रहेको [धारा ५७(१) र अनुसूची- ५)],

- प्रदेशको शान्ति सुरक्षा, केही करका विषयहरू, प्रदेशको सेवा प्रवाह र प्रदेश ब्यापारका विषयहरू प्रदेशको जिम्मेवारीमा रहेको धारा [५६(२) र अनुसूची-६)],

- स्थानीय स्वायत्त शासनको सिद्धान्त बमोजिम स्थानीय तहबाट सम्पादन हुने विषयहरू, स्थानीय स्तरको विकास सम्बन्धी विषयहरू स्थानीय तहको जिम्मेवारीमा रहेको [धारा ५६(४) र अनुसूची-८],

- अवशिष्ट अधिकारको प्रयोग संघबाट हुने [धारा ५८]।

**(ख) प्रशासनिक संघीयताको प्रावधान ( Provisions of Administrative Federalism):** प्रशासनिक संघीयता स्थापना र कार्यान्वयनका लागि नेपालको संविधानको धारा २८५(१)ले नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य संघीय सरकारी सेवाहरूको गठन गर्न सक्ने र त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्तहरू संघीय ऐन बमोजिम हुने ब्यवस्था गरेको छ। त्यस्तै धारा २८५(२) ले संघीय निजामती सेवा लगायत सबै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानून बमोजिम खुला र समानुपातिक सिद्धान्तको आधारमा गर्नु पर्ने ब्यवस्था गरेको छ। धारा २८५ (३) मा प्रदेश मन्त्रिपरिषद, गाउँ कार्यपालिका र नगरपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न

सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्ने ब्यवस्था छ। यसरी संविधानले नै तीनै तहका सरकारले सरकारी सेवा गठन गर्नसक्ने ब्यवस्था गरी प्रशासनिक संघीयता (Administrative Federalism) को व्यवस्था गरेको पाइन्छ। धारा ३०२(१) मा प्रदेश र स्थानीय तहमा कर्मचारीको ब्यवस्था नभएसम्म प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्ने र उपधारा (२) बमोजिम संविधान प्रारम्भ हुँदाका बखत सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्ने सेवा प्रवाहको संक्रमणकालीन व्यवस्था (Transitional Provisions of public Service) गरेबमोजिम हाल प्रदेश र स्थानीय तहमा सेवा प्रवाह भइरहेको छ। धारा ३०४ मा संविधान प्रारम्भ हुँदाका वखत कायम रहेका नेपाल कानून खारेज र संशोधन नभएसम्म लागू रहने र संविधानसँग बाझिएको कानून संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक बर्षपछि बाझिएको हदसम्म अमान्य हुने ब्यवस्था रहेकोमा हाल यो अवस्था पार भइसकेको छ।

(ग) **वित्तीय संघीयताको प्रावधान ( Provision of Fiscal Federalism):** वित्तीय संघीयताले संघीय शासन प्रणालीलाई जनमैत्री शासन प्रणाली बनाउन सहयोग गर्दछ। संघीयताको सफल कार्यन्वयन गर्न वित्तीय संघीयताको आबश्यक शर्त हो । नेपालमा विविधताको सम्बोधन गर्दै राज्यबाट प्रदान गरिने सेवासुविधाको समान वितरण र विकास निर्माणको प्रतिफलमा समान हिस्सेदारी कायम गर्न संघ, प्रदेश र स्थानीय तहबीच राज्यशक्तिको बाँडफाँट गरिएको छ। नेपालमा संघीय राज्य संरचनाका केही आधार छन्। हाम्रो संघीयतामा बहु-सरकार प्रणालीको एकीकृत संविधान छ भने जनसंख्या र भौगोलिक सीमा तोकिएको छ। प्राकृतिक स्रोतसाधनको विद्यमानता र त्यसको उपयोगको नीति छ भने जातीय, सांस्कृतिक, सामाजिक र भाषिक सामञ्जस्यताको अनिवार्यता यसले माग गर्दछ। तीनै तहले आ-आफ्नो अधिकार भित्रको विषयमा आर्थिक अधिकार सम्बन्धी कानून बनाउने, बार्षिक बजेट बनाउने निर्णय गर्ने, नीति तथा योजना तयार गरी कार्यान्वयन गर्न सक्ने, संघले प्रत्येक बर्षको ज्येष्ठ १५ गते, प्रदेशले असार १ गते र स्थानीय तहले असार १० गतेभित्र बजेट ल्याउने, संघले साझा अधिकारका सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानून बनाउन सक्ने, तीनै तहले प्राकृतिक स्रोतको प्रयोगबाट प्राप्त रोयल्टीको निश्चित अंश परियोजना प्रभावित क्षेत्र र समुदायलाई वितरण गर्नु पर्ने, तीनै तहले प्राकृतिक स्रोतको उपयोगको लागि हुने लगानीमा

स्थानीय समुदायलाई प्राथमिकता दिनु पर्ने, बैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको मात्र हुने, वित्तीय अनुशासन सम्बन्धी ब्यवस्थामा संघको भूमिका रहने, तीनै तहले आफ्नो अधिकार भित्रको विषयमा कर लगाउन र राजश्व उठाउन सक्ने, साझा अधिकारको सूचीमा र कुनै तहको अधिकारको सूचीमा नपरेका कर लगाउने र राजश्व उठाउने विषयमा निर्धारण गर्ने संघको अधिकार हुने, वित्तीय हस्तान्तरण प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने, संघले खर्चको आवश्यकता र राजश्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने,प्रदेशले संघबाट प्राप्त अनुदान तथा खर्चको आवश्यकता र राजश्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने, संघले प्रदेश र स्थानीय तहलाई संघीय कानून बमोजिम सशर्त, समपूरक र विशेष अनुदान प्रदान गर्ने, राजश्व बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी हुनु पर्ने ब्यवस्था रहेको छ।

# परिच्छेद-३

## साझा अधिकारका विषयमा अन्तर्राष्ट्रिय कानूनी व्यवस्था

## ( International Legal Provisions on Concurrent Powers )

### ३ .१ अन्तर्राष्ट्रिय कानूनी व्यवस्था ( International Legal Provisions)

संघीय शासन प्रणालीको ऐतिहासिक पृष्ठभूमि हेर्दा सर्वप्रथम जोहान्सले आफ्नो सहर इमदेनलाई स्वतन्त्र राख्न सन् १६०३ मा यो अवधारणा ल्याएको र सन् १६६१ मा महासंघीय प्रणाली (Confederation) केन्द्रीकृत एकात्मक रोमन एम्पाएर दुईवटा सरकार र क्षेत्रीय शक्ति विभाजन सहित संघीय संरचनामा परिणत भएको पाइन्छ। सन् १७८१ मा ब्रिटिस शासन विरुद्ध लड्न १३ वटा अमेरिकी राज्यहरू मिलेर एउटा संघ बनाए। हाल विश्वमा २८ राष्ट्रले संघीय शासन प्रणाली अबलम्बन गरेको पाइन्छ।

सन् १९४५ पछि विश्वभर नै स्वतन्त्रता अर्थात् उपनिवेशिकरण(Decolonization) को लहर चल्यो। त्यसपछि जन्मिएका नयाँ स्वतन्त्र राज्यहरूले आफ्ना नागरिक सामु साम्राज्यवादी शक्तिले विगतमा गरेका गल्ती नदोहोर्याउने वाचा गरे। आफ्ना नागरिकको स्वतन्त्रता र लोकतान्त्रिक लालसाको सम्मान गर्दै राजनीतिक शक्तिको बाँडफाँड गरेर राष्ट्रिय एकता कायम गर्ने माध्यमको रूपमा विस्तारै संघीय अवधारणालाई अवलम्बन गर्न थाले। संघीयताको मुलभूत पक्ष भनेको संघ (केन्द्र) र प्रदेश वा अन्य संघीय इकाइहरूबीच अधिकारको विभाजन नै हो।

संघीय संरचनामा राज्यशक्तिको बाँडफाँड गर्दा मूलतः दोहोरो र एकीकृत गरी दुई पद्धति अपनाउने गरिन्छ। दोहोरो पद्धतिमा केन्द्र र प्रदेश दुवैका साझा अधिकारहरू रहेका हुन्छन्। क्यानडा, ब्राजिल र संयुक्त राज्य अमेरिकामा यो पद्धति कायम रहेको छ। दोस्रो एकीकृत पद्धतिमा केही अधिकारहरू केन्द्रमा निहीत हुन्छन् भने बाँकी विषयहरूमा केन्द्र र प्रदेश (स्थानीय तह भएको ठाउँमा समेत) सबैमा अधिकार रहेको हुन्छ। केन्द्रीय सरकारले बनाएको कानूनका आधारमा संघीय इकाइहरूले कानून निर्माण गर्दछन्। जर्मनी, अष्ट्रिया, स्पेन र दक्षिण अफ्रिकाले एकीकृत पद्धति अपनाएका छन्। तर भारत र स्वीटजरल्याण्डमा भने दुवै पद्धतिका विशेषताहरू पाइन्छन्। यसप्रकार विश्वमा संघीय शासनको स्वरूप र ढाँचा त्यहाँको आवश्यकता अथवा संघीय व्यवस्थामा जानुको उद्देश्य तथा भौगोलिक अवस्थिति समेतले निर्धारण गरेको पाइन्छ। शासन प्रणालीको विकासक्रमलाई हेर्दा शुरुमा संघीयताको विकास स-

साना राज्यहरू मिली परिसंघ हुँदै आधुनिक संघीय स्वरूप निर्माण हुँदै आएको इतिहासले देखाउँछ।

अमेरिकामा सन् १७७६ देखि १७८७ सम्मको अवधिमा विभिन्न स्वतन्त्र र सम्प्रभु राज्यहरूले आपसी सहमती र सम्झौताद्वारा साझा अभिरुचिका विषयहरू संघबाट सञ्चालन गर्ने अभिप्रायले संघीय राज्यको निर्माण भएको हो। परिसंघ भन्नाले धेरैवटा इकाइ भएको संघ अर्थात् युनियन भन्ने बुझिन्छ। पहिला पहिला सन्धिमार्फत् यस्तो संघ निमार्ण हुन्थ्यो भने आधुनिक युगमा संविधान मार्फत् हुने गरेको पाइन्छ। परिसंघमा सबै इकाइहरूको सहमतीमा खासगरी सुरक्षा, बिदेश नीति र साझा मुद्रा सञ्चालन गर्न केन्द्रीय सरकार बनाइन्छ ।

### ३.२ संघीय मुलुकको व्यवस्था **( Provisions of Federal States)**

संघीयतालाई बलियो बनाउन एक ठाउँमा वस्ने सिद्धान्त (Theory of Aggregation) र विभाजन हुनवाट वचाउने सिद्धान्त (Theory of Disaggregation) का आधारमा विश्वमा दुईवटा संघीय सिद्धान्तहरू रहेको पाइन्छ। संघीय शासन प्रणालीलाई केन्द्रीय, प्रान्तीय, स्थानीय, संरक्षित, स्वायत्त आदि नामले विभाजन गरिएको पनि पाइन्छ। विश्वका कतिपय मुलुकमा महासंघीय (Confederation) जस्तैः रुस, स्वीटजरल्याण्ड आदि, Union (जस्तैःयुरोपियन युनियन) जस्ता प्रणालीसमेत अबलम्बन गरेको पाइन्छ।

यहाँ केहि मुलुकको संघीयताको बारेमा प्रस्तुत गरिएको छ ।

१. **अर्जेन्टिना (Argentina)**[3]: अर्जेन्टिनालाई २३ जिल्लाहरूमा विभाजन गरिएको छ। यी जिल्लाहरूलाई प्रदेश भनिन्छ। यी मध्ये एउटा संघीय जिल्ला रहेको छ । प्रत्येक प्रदेशको आ-आफ्नै संविधान, कानून र अधिकार, सरकारको स्वरूप आदि छन्। यी सबै कानून र स्वरूप राष्ट्रिय संविधान र कानूनको पालना गरेर बनेको हुनुपर्दछ। प्रत्येक प्रदेशमा सरकारका तीनवटा शाखा छन्। ब्यूनस आयर्स (The Autonomous City of Buenos Aires) बाहेक सबै प्रदेशहरूमा, प्रदेशलाई विभाग भनी जिल्लाहरूमा विभाजन गरिएको छ। यी विभागहरू केवल प्रशासनिक विभाजनहरू मात्र हुन् र यस्को आफ्नै सरकारी संरचना वा अधिकारीहरू छैनन्। यी विभागहरू नगरपालिकामा (शहर, गाउँ) विभाजित छन्। प्रत्येक प्रदेशमा विभिन्न प्रकारका नगरपालिकाहरूका लागि आ-आफ्नै महासन्धि र सरकारी प्रणालीहरू छन्। प्रत्येक प्रदेशले आ-आफ्नै गभर्नर, विधायक र अन्य प्रादेशिक अधिकारीहरू चयन गर्छन।

[3] Argentina's Constitution of 1853, Reinstated in 1983, with Amendments through 1994

तिनीहरूले स्थानीय संस्थाहरू मार्फत आफ्नो क्षेत्रीय कानूनहरू निर्देशन दिन्छन् र राष्ट्रिय विदेश नीतिको पालना गर्दा र संघीय सरकारका संकायहरू वा राष्ट्रिय सार्वजनिक ऋणलाई असर नगरेसम्म अन्तर्राष्ट्रिय सम्झौताहरूमा प्रवेश गर्ने अधिकार हुन्छ। प्रदेशहरूले स्थानीय संस्थाहरू मार्फत आफ्नो क्षेत्रीय कानूनहरू निर्देशन गर्छन् र राष्ट्रिय परराष्ट्र नीतिको पालना र संघीय सरकारी संकाय वा राष्ट्रिय सार्वजनिक ऋणलाई असर नगरेसम्म अन्तर्राष्ट्रिय सम्झौताहरूमा प्रवेश गर्ने अधिकार छ। त्यसैगरी न्याय प्रशासन, आर्थिक हित र जनहितका कामका लागि संघीय सरकारद्वारा स्वीकृत आंशिक सन्धिमा प्रवेश गर्न समेत पाउँछन्।

प्रदेशहरूले संघबाट स्वीकृति नलिई राजनीतिक मामिलामा आंशिक सन्धिहरू कार्यान्वयन गर्न, वाणिज्य, आन्तरिक वा बाहिरी नेभिगेसन कानूनहरू बनाउने, संघीय सरकारले अधिकार नदिएको प्रादेशिक भन्सार, टकसाल मुद्रा (Mint Currency), बिल जारी गर्ने अधिकारको साथै बैंकहरू स्थापना गर्न पाउँदैनन्। साथै कांग्रेसले अनुमोदन गरेपछि देवानी, वाणिज्य, फौजदारी र खानी संहिताहरू तय गर्न, नागरिकता र प्राकृतिककरण, दिवालियापन, मुद्रा जालसाजी वा राज्य कागजातहरू सम्बन्धी कानूनहरू पारित गर्न, टनेज (Tonnage) अधिकारहरू स्थापना गर्न पाउँदैनन र विदेशी एजेन्टहरू नियुक्त गर्ने वा प्राप्त गर्न समेत पाउँदैनन्। अर्जेन्टिनामा संवैधानिक कानुनी संहिता, १८५३ को स्थापना देखि सरकार, कार्यकारी, विधायिकी र न्यायिक शक्तिहरूमा विभाजित छ। अर्जेन्टिना रिपब्लिक विधायिकी अधिकार राष्ट्रिय कांग्रेसद्वारा संचालित छ, यो दुई च्याम्बरहरू मिलेर बनेको छः चेम्बर अफ डेप्युटी र सिनेट।

२. **दक्षिण अफ्रिका (South Africa):** संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लागू भएको भए पनि दक्षिण अफ्रिकाको संविधानले गणतान्त्रिक दक्षिण अफ्रिका भनेर संविधानमा लेखेको छ। दक्षिण अफ्रिकाको संविधानमा (The Constitution of the Republic of South Africa, 1996) स्पष्ट रुपमा संघीय प्रणाली भन्ने उल्लेख नभए तापनि यहाँको व्यवस्था नेपालकै जस्तो तीन तहको रहेको छ। सन् १९१० मे ३१ मा दक्षिण अफ्रिका बेलायतबाट स्वतन्त्र भए पनि पूर्ण रूपमा स्वतन्त्र हुन दक्षिण अफ्रिकी जनताले ६० वर्ष अरु कुर्नुपर्यो। स्वतन्त्रतापछि बनेको संविधान अनुसार त्यहाँ राष्ट्रिय (National), प्रान्तीय (Provincial) र स्थानीय (Local) परिधिमा सरकारहरू रहने व्यवस्था गरिएको छ। केन्द्रमा राष्ट्रिय/केन्द्रीय सरकार रहने, त्यसै गरी नौ वटा प्रान्तीय (प्रदेश) सरकार रहने (प्रान्तहरूः Eastern Cape, Free State, Gauteng, KwZulu-Natal, Limpopo, Mpumalanga, Northern Cape, North West and Western Cape), ४४ जिल्ला, ८ महानगर, २५७ नगरपालिका, २०५ स्थानीय सरकार (Local Government)

जसलाई नगरपालिका (Municipality) भनिन्छ। स्थानीय नगरपालिका सहितको संघीय संरचना रहेको दक्षिण अफ्रिकाको संविधानको धारा ४३ मा स्थानीय तहको सरकारको व्यवस्थापकीय अधिकार नगर परिषद्हरूमा रहने विषय उल्लेख गरेको छ। यसले गोरा जातिहरूको वाहुल्यता भएका नगरपालिकाहरूमा काला जातिहरू भएको नगरपालिकामाभन्दा वढी सुविधाहरू उपलब्ध हुन थालेपछि स्थानीय निकायहरूलाई पुनःसंरचना गरी जातिवादको अन्त्य तथा स्थानीय विकासको मुख्य अभिभारा दिने उद्देश्यले सन् १९९६ देखि नगरपालिकाहरूलाई संवैधानिक रूपमै स्थानीय सरकारको भूमिका दिएको पाइन्छ। दक्षिण अफ्रिकी संविधानमा राष्ट्रिय, प्रान्तीय र स्थानीय गरी ३ तहका अन्तरनिर्भर र अन्तरसम्बन्धित सरकारहरू रहने व्यवस्था भयो।

दक्षिण अफ्रिकाको संविधानमा राष्ट्रिय, प्रान्तीय र स्थानीय गरी तीन तह रहने व्यवस्था गरी तिनीहरूको अधिकारका बारेमा संविधानमै व्यवस्था गरिएको छ। त्यस्तै धारा १५६ मा उल्लेख भए अनुसार नगरपालिकाको अधिकारक्षेत्रका विषयहरूमा वायु प्रदुषण, भवन नियमन, शिशु स्याहार सेवा, विद्युत र ग्याँस, आगलागी नियन्त्रण सेवा, स्थानीय पर्यटन, एयरपोर्ट, नगर योजना, नगर स्वास्थ्य सेवा, नगर सार्वजनिक यातायात, सार्वजनिक निर्माण कार्य, आँधिवेहरी व्यवस्थापन, व्यापार नियमन, खानेपानी तथा सरसफाइ सेवा, फोहरमैला व्यवस्थापन लगायतका प्रावधानहरू अनुसूची-४ को भाग (ख) मा उल्लेख छन्। त्यसै गरी अनुसूची- ५ को भाग (ख) मा समुद्रतट तथा मनोरन्जन सुविधाहरू, सार्वजनिक स्थलमा विज्ञापन, शव व्यवस्थापन, प्रदुषण व्यवस्थापन, मदिराजन्य पदार्थ बिक्री नियमन र नियन्त्रण, कुकुर लाईसेन्स् व्यवस्थापन, स्थानीय खेलकुद, नगर पार्क र मनोरन्जनस्थल, सार्वजनिक स्थलहरू, सडक व्यापार, सडकबत्ती, ट्राफिक र पार्किङ जस्ता अधिकारहरू उल्लेख गरिएको छ ।

संविधानमा केन्द्र, प्रोभिन्स र नगरपालिकाको क्रमशः केन्द्रीय संसद, प्रोभिन्सियल विधायिका र म्युनिसिपल काउन्सिलमा विधायिकी अधिकार रहने व्यवस्था छ। केन्द्र, प्रोभिन्स र नगरपालिकाको विधायिकी अधिकार क्षेत्रको सीमा पनि तोकिएको छ। जसअनुसार राष्ट्रिय विधायिकी अधिकार पाएको केन्द्रले संविधान, ऐन कानून संशोधन र हेरफेर गर्नेगर्छ भने प्रोभिन्स र म्युनिसिपलहरूलाई विधायिकी अधिकार तोक्ने काम पनि गर्छ । स्थानीय सरकारसँग जोडिएको नगरपालिकाले आफूलाई अधिकार प्राप्त विषयहरूको सम्बन्धमा प्रभावकारी प्रशासन चलाउनका लागि विनियमहरू बनाई लागू गर्न सक्दछ। नगरपालिकाले बनाएका विनियमहरू सम्बन्धित प्रान्तका सरकारी राजपत्रमा प्रकाशित भएपछि लागू हुने र त्यस्ता विनियमहरूमा जनताको पहुँच हुनुपर्ने व्यवस्था संविधानले

गरेको छ। त्यस्तै दक्षिण अफ्रिकाको संविधानमा राष्ट्रिय तथा प्रान्तीय सरकारहरूले नगरपालिकाहरूलाई सहयोग गर्नुपर्ने प्रष्ट व्यवस्था गरिएको छ।

तीनवटै सरकार फरक (Distinctive), परियुक्त (Interdependent) र अन्तरसम्बन्धित (Interrelated) रहेका छन् त्यसैले यहाको संघीयतालाई Cooperative सरकार वा प्रणाली भन्न सकिन्छ। यद्यपि संविधानले सबै तहका सरकारको कार्यहरू छुट्याएको छ। संघीय (केन्द्रीय) सरकारले प्रान्तीय सरकारलाई र प्रान्तीय सरकारले स्थानीय सरकारलाई हस्तक्षेप पनि गर्न सक्छ। त्यसैले यसलाई Quasi- Federal पनि भन्न सकिन्छ।

केन्द्रीय सरकार अन्य सरकारभन्दा बढी शक्तिशाली हुन्छ। तथापि केन्द्रीय सरकार र प्रादेशिक सरकारका साझा अधिकारका विषयहरू (Functional Areas of Concurrent National and Provincial Legislative Competence) संविधानको अनुसूची-४ मा समावेश गरिएको छ। जो निम्न छन् :-

Part A

- Administration of indigenous forests.
- Agriculture.
- Airports other than international and national airports.
- Animal control and diseases.
- Casinos, racing, gambling and wagering, excluding lotteries and sports pools.
- Consumer protection.
- Cultural matters.
- Disaster management.
- Education at all levels, excluding tertiary education.
- Environment.
- Health services.
- Housing.
- Indigenous law and customary law, subject to Chapter 12 of the Constitution.
- Industrial promotion.
- Language policy and the regulation of official languages to the extent that the provisions of section 6 of the Constitution expressly confer upon the provincial legislature's legislative competence.
- Media services directly controlled or provided by the provincial government, subject to section 192.
- Nature conservation, excluding national parks, national botanical gardens and marine resources.

- Police to the extent that the provisions of Chapter 11 of the Constitution confer upon the provincial legislatures legislative competence.
- Pollution control.
- Population development.
- Property transfer fees Schedule 4: Functional Areas of Concurrent National and Provincial Legislative Competence 136.
- Provincial public enterprises in respect of the functional areas in this Schedule and Schedule 5.
- Public transport.
- Public works only in respect of the needs of provincial government departments in the discharge of their responsibilities to administer functions specifically assigned to them in terms of the Constitution or any other law.
- Regional planning and development.
- Road traffic regulation.
- Soil conservation.
- Tourism.
- Trade.
- Traditional leadership, subject to Chapter 12 of the Constitution.
- Urban and rural development.
- Vehicle licensing.
- Welfare services.

Part B

The following local government matters to the extent set out in section 155(6) (a) and (7):

- Air pollution.
- Building regulations.
- Childcare facilities.
- Electricity and gas reticulation.
- Firefighting services.
- Local tourism.
- Municipal airports.
- Municipal planning.
- Municipal health services.
- Municipal public transport.
- Municipal public works only in respect of the needs of municipalities in the discharge of their responsibilities to administer functions specifically assigned to them under this Constitution or any other law.

- Pontoons, ferries, jetties, piers and harbors, excluding the regulation of international and national shipping and matters related thereto Schedule 4: Functional Areas of Concurrent National and Provincial Legislative Competence 137.
- Stormwater management systems in built-up areas.
- Trading regulations.
- Water and sanitation services limited to potable water supply systems and domestic wastewater and sewage disposal systems.

३. **संयुक्त राज्य अमेरिका (The United States of America ):** संयुक्त राज्य अमेरिकाको संविधान सन् १७८८ जुन २१ देखि लागु भएको हो। यो संविधान हालसम्म २७ पटक संशोधन भएको छ। संयुक्त राज्य अमेरिका ५० वटा राज्य, १ जिल्ला, २ कमनवेल्थ र १२ भौगोलिक क्षेत्रमा विभाजन छ। यो संघीय राष्ट्रपतीय प्रणाली सहितको संवैधानिक गणतन्त्रात्मक राष्ट्र हो। यहाँ व्यवस्थापिका (कांग्रेस), माथिल्लो सदन (सिनेट) र तल्लो सदनलाई (प्रतिनिधिसभा) भनिन्छ। अमेरिकी संविधानको धारा १ र ८ मा संघको अधिकारको सूची रहेको छ। त्यसै गरी अमेरिकी संविधानको १० औं संशोधनले प्रदेशका केही अधिकारहरू थप भएको पाइन्छ। अमेरिकालाई द्बैध संघीय प्रणाली (Dual federal system) को रुपमा लिन सकिन्छ। संघ र राज्यको अधिकार स्पष्ट रुपमा निर्धारण गरिएको छ। अमेरिकी संविधानको १८ औं संशोधनमा राज्य र संघको साझा अधिकारका निम्न विषय समावेश भएका छन्[4]:

- to borrow money,
- to establish state courts,
- to charter banks and corporations,
- to levy and collect taxes,
- to make and enforce laws,
- to provide for general welfare, etc.

अमेरिकी संविधान अनुसार संघीय सरकार र प्रदेश सरकारहरूलाई केही क्षेत्रमा कानून निर्माण गर्ने साझा अधिकार रहेको छ। कतिपय विषयमा संघीय सर्वोच्चता (Federal Supremacy) छ भने कतिपय विषयमा सहभागीतामुलुक तथा समन्वयात्मक संघीयता समेत पाउन सकिन्छ।

४. **स्वीटजरल्याण्ड (Switzerland):** स्वीटजरल्याण्डको संघीय संरचना अन्तर्गत संघीय ईकाईहरूका अलावा २६ वटा क्यान्टनहरू रहेका छन्। अन्य देशका संविधानले राज्यका विषयगत अधिकारहरूलाई अलग अलग धारामा व्यवस्थित गरी संघ वा क्यान्टन कसको

4 Congress and the several states shall have concurrent power to enforce this article by appropriate legislation.

अधिकार के हो भनी उल्लेख गरिएको छ। स्वीटजरल्याण्डले पनि सन् १८४८ को गृहयुद्धपछि अमेरिकी ढाँचाकै संघीय स्वरूप अप्नायो/क्यान्टनहरूको स्वायत्तता र साँस्कृतिक विविधताको सँरक्षण र संवर्धन गर्ने उद्देश्यका साथ स्विजरल्याण्ड संघीयतामा अग्रसर भएको हो। स्वीटजरल्याण्डमा स्थानीय सरकारको बारेमा संवैधानिक व्यवस्था नभएपनि सन १९९९ सम्म आईपुग्दा स्थानीय सरकारलाई राज्यको महत्त्वपूर्ण सहयात्रीको रूपमा स्वीकारिएको थियो। अहिले पनि संवैधानिक व्यवस्थाद्वारा स्थानीय सरकारलाई संघीय शासन प्रणालीको स्थायी अङ्ग बनाएमा तिन तहका सरकार बीचको सम्बन्ध अझै मजवुत हुने थियो भन्ने जनमत धेरै छ। यसप्रकार राज्यका अधिकारहरू विभिन्न तहका सरकारहरूमा विभाजन गर्ने अभ्यास धेरै अगाडि देखिनै चलिआएको हो। संविधानको धारा ६२ मा विद्यालय शिक्षा,धारा ६९ मा संस्कृति,धारा ७८ मा प्राकृतिक एवं साँस्कृतिक सम्पदाहरूको संरक्षण सम्बन्धी अधिकारहरू व्यवस्थित गरी उक्त तीनवटै विषयगत क्षेत्रको दायित्व क्यान्टनलाई दिइएको छ। संविधानमा उल्लेख भए अनुसार विद्यालय शिक्षा अन्तर्गत विद्यालय शिक्षाको पद्धति स्थापना गर्ने जिम्मेवारी क्यान्टनहरूको रहने,प्रत्येक बालबालिकालाई आधारभूत शिक्षाको पर्याप्त अवसर उपलब्ध भएको सुनिश्चित गर्ने,बालबालिका तथा फरक क्षमता भएका २० वर्षसम्मका युवाहरूको शिक्षाको आवश्यकता पर्याप्त रूपमा सम्बोधन भएको सुनिश्चित गर्ने,विद्यालय शिक्षाको राष्ट्रिय समकक्षता सुनिश्चित गर्न आवश्यक गुणस्तर कायम गर्ने,शैक्षिक वर्षको नियमन,विद्यालय शिक्षासम्बन्धी संघीय कानून तर्जुमा प्रक्रियामा क्यान्टनहरू सहभागी भै आफूलाई प्राप्त अधिकारमा सकारात्मक प्रभाव पर्ने गरी सुझाव दिने क्यान्टनका अधिकार उल्लेख गरिएको छ। त्यसै गरी संस्कृतितर्फ सम्पूर्ण साँस्कृतिक विषयहरू क्यान्टनको अधिकारक्षेत्र भित्र पर्ने र सम्पदा संरक्षणतर्फ प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण सम्बन्धी विषयहरू क्यान्टनको अधिकारक्षेत्र भित्र पर्छन्। स्वीजरल्याण्डको संविधान सन् १८४८ देखि लागू भएको हो। यो संविधानमा ६ वटा भाग र १९६ धारा रहेका छन्। यो संविधान सन् १८७४ र १९९९ मा २ पटक संशोधन भएको छ। स्वीस महासंघको संविधान १८ अप्रिल १९९९ मा संवैधानिक जनमत संग्रहबाट स्वीकार गरिएकोमा १ जनवरी २००० देखि लागु भएको थियो।

स्वीटजरल्याण्डको संघीयता ३ तहमा राज्यशक्तिको बाँडफाँड भएको छ। संघीय सरकारलाई Confederation भनिन्छ। राज्यहरूलाई Cantons भनिन्छ, राज्यहरू २६ वटा रहेका छन्। सबैभन्दा तल्लो तहको सरकारलाई Communes भनिन्छ, जम्मा २३५२ वटा Communes

रहेका छन्। नेपालमा जस्तै विद्यायिकी र कार्यपालिकीय अधिकार संघ र प्रदेशमा रहेको छ भने न्यायिक अधिकार Confederation मा मात्र रहेको छ।

स्वीटजरल्याण्डको संविधानले साझा अधिकारका विषयलाई "The confederation shall legislate... or may legislate... भनी उल्लेख गरेको, सबै क्यान्टनहरू आफैमा सार्वभौम रहेका छन्। महासंघ, क्यान्टन र नगरपालिकाको बीचको सम्वन्ध संविधानले नै गरेको छ। सहयोगात्मक संघीय पद्धतिको संघीयता रहेको छ। साझा अधिकारका विषयहरू यस प्रकार उल्लेख गर्न सकिन्छ :

- professional education
- sport
- cinema
- protection of environment
- water protection
- protection of animal and plant life
- road traffic
- use of energy

५. **जर्मनी (Germany):** जर्मनी पनि ल्याण्डरहरूको स्वतन्त्र निर्णय र पारस्परिक संझौताद्वारा संघीय राज्य बनेको हो। दोस्रो विश्वयुद्धकै क्रममा विभाजित भएको जर्मनीको पूर्विभाग कम्युनिष्ट शासन पछि एकात्मक र केन्द्रीकृत राज्यमा परिवर्तन भए पनि सोभियत संघको विघटनपछि दुवै जर्मनीको एकीकरण भई पूर्वी जर्मनी तर्फ रहेको भाग पनि पुनः संघात्मक स्वरूपमा बदलिएको छ। जर्मनीको संघीय संरचनाको ढाँचा जुन रूपमा रहेको छ, यसले राज्यशक्तिमा साझेदारीको ढाँचालाई प्रमुखता दिएको स्पष्टै बुझिन्छ। जर्मनीको बेसिक ल १९४९ लाई नै त्यहाँको संविधान मानिन्छ। जर्मनीको संघीयता जर्मनीका राज्यहरू (States) र संघीय सरकार (Federal Government) मिलेर बनेको छ। यसमा केन्द्रीय सरकार, राज्य सरकार (State Government) र जर्मन नगरपालिकाहरू (Municipalities) रहेको छन्। जर्मनीको प्रशासनिक विभाजन, Federal Level, Federal States, Area States, City States, Government Districts (Rural and Urban ), Collective Municipalities र Municipalities गरी विभाजन भएको छ। जर्मनीको संघीयतालाई Participatory or Executive, Subsidiarity and Cooperative federalism पनि भन्न सकिन्छ। यहाँको Parliament लाई Bundestag भनिन्छ। त्यसैगरी Regional States र Lander को प्रतिनिधीत्वलाई Bundesrat भनिन्छ।

स्थानीय सरकारको विषयमा बढी नै प्रष्ट र लामो व्यवस्था भएको संविधानको रूपमा बेसिकल रहेको छ। त्यहाँ तहगत रूपमा ल्याण्डर, काउन्टी (क्षेत्रीय जिल्ला) र कम्युन (नगरपालिका) गरी ३ किसिमको सरकार रहेको छ। काउन्टीलाई पनि डिस्ट्रिक र रुरल डिस्ट्रिक गरी दुई भागमा छुट्याइएको छ। त्यहाँको संविधान अनुसार प्रत्येक ल्याण्डर, काउन्टी र कम्युनमा प्रत्यक्ष, स्वतन्त्र, समान र गोप्य मतदानवाट छानिएका निकायहरू मार्फत् जनताका प्रतिनिधिहरू सुनिश्चित हुने व्यवस्था गरिएको छ। काउन्टी र कम्युनको निर्वाचनमा युरोपियन युनियनको सदस्य राष्ट्रको नागरिक भएको व्यक्ति पनि मतदान गर्न र निर्वाचनमा उम्मेदवार हुन सक्छ। जर्मनीको संविधानले नगरपालिकाहरूले परम्परागत रूपमा गर्दै आएका कामहरूलाई स्वीकादैं स्थानीय सरोकारहरूको व्यवस्थापन गर्ने स्वायत्तता प्रदान गरेको छ। त्यहाँको संविधानमा नगरपालिकाहरूलाई वित्तीय स्वायत्तता प्रदान गरिएको छ। यसैका आधारमा नगरपालिकाहरू (कम्युन) ले कर तोक्ने गर्दछन्। संविधानमा नै ल्याण्डर, काउन्टी र कम्युनहरूले गर्ने कार्यहरूको स्पष्ट उल्लेख गरिएको छ। ल्याण्डर र नगरपालिकाको बीचमा रहेको काउन्टीले राज्य तथा नगरपालिकाहरूको अधिकार प्रयोग गरी कार्य गर्दछ जसलाई संविधानमा नै स्पष्ट व्यवस्था गरिएको छ। संघीय सरकारले राज्यको लागि छुट्याइएको भ्याटको अंश मध्ये ७५ प्रतिशत सबै राज्यलाई जनसंख्याका आधारमा बाँड्ने व्यवस्था छ भने बाँकी रहेको २५ प्रतिशत कमजोर राज्यलाई थप रकमका रूपमा दिने गरिन्छ।

Federal State र Lander को Co-operation का क्षेत्रहरू निम्न रहेका छनः-

- The building and extension of institutions of higher education including university clinics.
- The improvement of regional economic structures.
- The improvement of agriculture structure and coastal preservation.

Federation र Lander का साझा अधिकारका विषयहरू यस प्रकार छनः

- Civil Law, Criminal Law,
- जन्म, मृत्यु, विवाह दर्ता जस्ता विषयहरू,
- हातहतियार, विष्फोटक पदार्थ,
- शरणार्थीहरू,
- Public Welfare
- Citizenship in the Lander etc.

६. **क्यानाडा (Canada)**: क्यानाडा संघीय प्रणाली अपनाएको मुलुक हो। क्यानाडामा संवैधानिक कानूनको रुपमा The Constitution Act, 1867 र The Constitution Act, 1982 रहेका छन। यी कानून Supreme Law का रुपमा रहेका छन। संघ, १० वटा प्रान्त र ३ वटा भौगोलिक क्षेत्र गरि संघीयताको विभाजन गरिएको छ। The Constitution Act, 1867 ले प्रायः सवै विषयमा व्यवस्था गरेको छ। क्यानाडामा Federal, Provincial Territorial र Local/Municipal गरेर तीन तहको सरकार रहेको पाइन्छ। दश वटा प्रान्त, ३ वटा भौगोलिक क्षेत्र र ३७०० Municipal सरकारहरू रहेका छन्। यी स्थानीय सरकार (Municipal)ले स्थानीय सेवा सुविधा, सुरक्षा, निर्माण जस्ता विषयहरू हेर्दछ। Municipal लाई पनि Regional Municipalities तथा Local Municipalities मा विभाजन गरिएको छ। Regional Municipalities मा पनि County, Regional Municipality, Regional District or Regional County Municipality रहेका हुन्छन्।

प्रदेशले तथा नगरपालिकाहरूले आफ्नो अधिकार क्षेत्रका कानूनहरू निर्माण गर्न सक्छन्। कतिपय विषयमा साझा अधिकारहरू समेत रहेको छ। संघ र प्रदेशहरूको साझा अधिकारमा कर(Taxes), Borrow money, Punish Crimes, Immigration regulate, Agriculture जस्ता विषयहरू रहेका छन्।

७. भारत **(India)**: भारतीय संघीयता अमेरिकाको जस्तो स्वतन्त्र राज्यहरूको आपसी सम्झौता र सहमतिमा बनेको नभै अलिक फरक प्रकृतिको छ। अँग्रेजहरूले एकीकृत गरिसकेका राज्यहरूलाई सामाजिक, सांस्कृतिक,भाषिक र भौगोलिक जस्ता विभिन्न आधारमा केन्द्रीकृत र एकीकृत भारतको पुनसंरचनाद्वारा संघीय राज्य बनाएको हो। भारतको केन्द्रीय संसदलाई स्थानीय चाहना र राजनीतिक आवश्यकता बमोजिम नयाँ प्रदेश बनाउन सक्ने अधिकार भारतीय संविधानले दिएको छ। त्यसैले अमेरिका, जर्मनी र स्विटजरल्याण्डको तुलनामा भारतको संघीयतालाई कहिलेकाहीँ अर्धसंघात्मक पनि भन्ने गरिन्छ।

भारतको संघीय संरचनामा २८ राज्य,७ युनियन टेरिटरी र स्थानीय तहका निकायहरू (पञ्चायत तथा नगरपालिका) रहेका छन्। भारतको संविधानमा क्रमशः पञ्चायत तथा नगरपालिकाका काम,कर्तव्य तथा अधिकारहरू उल्लेख गरिएको छ। पञ्चायतको अधिकारक्षेत्रहरू संविधानको अनुसूची-११ मा र नगरपालिकाका अधिकारक्षेत्रहरू अनुसूची-१२ मा उल्लेख गरिएको छ। उक्त अधिकारको प्रयोग प्रदेशले निर्माण गरिदिएको कानून अनुसार कार्यान्वयन गर्ने विषय उल्लेख गरिएबाट भारतमा स्थानीय इकाइहरूलाई निकै

सीमित व्यवस्थापकीय अधिकार मात्र दिइएको पाइन्छ। यस्ता अधिकार क्षेत्रहरूमा पञ्चायतका अधिकार क्षेत्र र नगरपालिकाका अधिकार क्षेत्र अलग-अलग रुपमा उल्लेख गरिएको छ। पञ्चायतका अधिकार क्षेत्र अन्तर्गत कृषि, भूमिसुधार, भूसंरक्षण, साना सिँचाइ, जल व्यवस्थापन र जलाधार विकास, पशुपालन तथा कुखुरापालन, माछापालन, सामुदायिक वन, वन पैदावार, साना उद्योग, ग्रामीण उद्योग, खानेपानी इन्धन, सडक, कल्भर्ट, पुल, सञ्चारका माध्यम, ग्रामीण विद्युतीकरण र विद्युत लाईन वितरण, गरिबी निवारण कार्यक्रम, शिक्षा (प्राथमिक र माध्यमिक शिक्षा), व्यवसायिक शिक्षा र प्राविधिक तालिम, प्रौढ शिक्षा, अनौपचारिक शिक्षा, पुस्तकालय व्यवस्थापन, सांस्कृतिक क्रियाकलापहरू, स्वास्थ्य र सरसफाइ, अस्पताल, स्वास्थ्य केन्द्र, महिला तथा बालविकास, समाज कल्याण, सामाजिक रूपले कमजोर र पछि परेकाहरूको संरक्षण र भलाई, सार्वजनिक वितरण प्रणाली, सामुदायिक सम्पत्तिको संरक्षण र संवर्धन जस्ता विषयहरू पर्दछन् भने नगरपालिकाका अधिकार क्षेत्र अन्तर्गत शहरी योजना, भू-उपयोग नियमन र भवन निर्माण, सामाजिक आर्थिक विकासको योजना, सडक र पुल, खानेपानी, सार्वजनिक स्वास्थ्य र सरसफाई एवं फोहर व्यवस्थापन, आगलागी नियन्त्रण सेवा, शहरी वन तथा वातावरण संरक्षण, सामाजिक रूपले कमजोर र पछि परेकाहरूको संरक्षण र भलाई, शहरी गरिबी निवारण, पार्क, बगैंचा, खेलमैदान, साँस्कृतिक, शैक्षिक तथा मनोरञ्जनात्मक क्रियाकलापहरू, शव व्यवस्थापन, छाडा पशु नियन्त्रण, पञ्जीकरण र सामाजिक सुरक्षा, बसपार्क लगायतका सार्वजनिक सेवा, बधशाला नियमन जस्ता विषयहरू पर्दछन्।

भारतमा केन्द्र सरकारसहित २९ राज्य र सात वटा केन्द्रबाट शासित प्रदेशहरू रहेका छन्। यद्यपि भारतमा राज्यको संख्या बढ्ने क्रम जारी नै छ भन्दा हुन्छ। यसकारण भारतलाई संघीयताको अभ्यासकै क्रममा रहेको देश पनि भन्न मिल्छ। संघीयताको सिद्धान्त अनुसार प्रायः संविधानले तोके बाहेकका अधिकारहरू राज्यसँगै राख्ने प्रचलन हुन्छ। तर, भारतमा त्यहाँको संविधानले तोकेदेखि बाहेकका सबै अधिकारहरू केन्द्रमा नै राखिएको छ। न्यायपालिका एकात्मक ढाँचाको रहेको छ। केन्द्रमा रहेको एकमात्र सर्वोच्च अदालतको मातहतमा अन्य राज्यका उच्च अदालतहरू रहेका छन्। भारतमा ६ लाख ४५ हजार भन्दा बढी स्थानीय सरकार क्रियाशील छन्। कारणवस कुनै राज्यको कानूनी व्यवस्था समाप्त भएमा वा संविधान अनुसार सरकार गठन हुन र चल्न नसकेको अवस्थामा प्रत्यक्ष रूपमा केन्द्रले शासन गर्न सक्ने भारतको संविधानमा व्यवस्था गरिएको छ। त्यहाँको संविधानमा विभिन्न समयमा संशोधन गरी गाउँ, नगर र जिल्लाका लागि स्थानीय सरकारको निर्वाचन गर्न पञ्चायत सम्बन्धी व्यवस्था गरिएको छ। त्यस्तै, ग्रामीण क्षेत्रका लागि गाउँ, मध्यम र जिल्ला गरी तीन वर्गको पञ्चायत रहेको छ। त्यस्तै, जनसंख्याका आधारमा साना सहरका लागि

नगरपालिका, मध्यम वर्गका लागि म्युनिसिपल काउन्सिल र ठूला सहरका लागि म्युनिसिपल कर्पोरेशन गरी त्यहाँ तीन वर्गका नगरपालिकाहरू रहेका छन्। यी सबै तहका स्थानीय सरकारका लागि प्रत्यक्ष निर्वाचन गर्नुपर्ने त्यहाँको संविधानमा उल्लेख छ।

८. **रसिया (Russia):** रूसको संघीय संरचना अन्तर्गत ४६ ओब्लास्त, २२ रिपब्लिक्स, ९ क्राईस, ४ स्वायत्त ओकुग, ३ संघीय शहर, १ स्वायत्त ओब्लास्त तथा विभिन्न स्थानीय इकाइहरू रहेका छन्। रूसको संविधानको धारा १३२ को उपधारा (१) मा स्थानीय स्वायत्त निकायहरूले स्वतन्त्र रूपमा नगरपालिकाको सम्पत्ति व्यवस्थापन गर्न, स्थानीय बजेट पारित गर्न, स्थानीय करका दर निर्धारण गरी लागू गर्न र स्थानीय सुव्यवस्था कायम गर्न आवश्यक कार्य गर्न सक्ने विषय उल्लेख गरिएको छ। सोही धाराको उपधारा (२) मा स्वायत्त शासनका इकाइहरूलाई माथिल्ला निकायहरूले कानून बनाई थप राज्यशक्ति प्रत्यायोजन गर्न सक्ने समेत उल्लेख गरिएको छ।

सन् १९९३ देखि प्रयोगमा आएको रसियाको संविधान विश्वका अरु देशका संघीय सरकार भन्दा फरक रहेको छ। स्थानीय निकायलाई धेरै र स्वायत्तताको अधिकार दिएको यो संविधानले स्थानीय शासनलाई उच्च महत्व दिएको देखिन्छ। विशेष गरी त्यहाँ केन्द्रीय,प्रान्तीय र स्थानीय(स्थानीय स्वायत्त इकाइ) को रसियन संघ बनेको छ। यसका अलवा संविधानमा विभिन्न गणराज्यहरू, सहरहरू, स्वायत्त क्षेत्र तथा उपक्षेत्रहरू पनि हुनसक्ने र ती सबै रसियन संघका समानस्तरका संरचना हुने व्यवस्था गरेको छ। गणराज्यहरूको आ-आफ्नै संविधान हुने र स्थानीय इकाइहरूको आ-आफ्नै कानून हुने व्यवस्था संविधानमा छ। रसियाको संविधान अनुसार स्थानीय सरकारहरू केन्द्रीय वा प्रान्तीय सरकारका अंग मानिँदैनन्। यिनीहरू छुट्टै स्वायत्त एवम् स्वतन्त्र अङ्गको रूपमा रहने संवैधानिक व्यवस्था रहेको छ।

रसियाको अर्को संघीय विशेषता भनेको प्राकृतिक सम्पदाहरूमा स्थानीयवासीको अधिकार हो। त्यस्तो स्रोत रहेको जमिन स्थानीय नगरपालिकाको अधिकारमा भए पनि त्यसमा स्थानीयवासीको अधिकारको सुनिश्चितता गरिएको छ। त्यस्तै त्यहाँको संविधानले मुलुकको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्वद्ध अधिकार स्थानीय स्वायत्त इकाइसम्म विकेन्द्रित गरेको छ। त्यस्ता स्थानीय निकाय वा स्थानीय स्वायत्त निकायहरू प्रान्तीय सरकारका अङ्ग नभएर छुट्टै स्वशासित अङ्गको रूपमा आफ्नो क्षेत्रमा कानून बमोजिम स्वतन्त्र र स्वायत्त हुने व्यवस्था छ। स्थानीय सरकारहरूले जनताको जीउ, धन र सुरक्षाको प्रत्याभूति गर्ने व्यवस्था छ। स्थानीय सरकारले प्रत्येक नागरिकलाई उनीहरूको बासस्थानको निर्माण

गर्न प्रोत्साहन गर्ने र न्यून आय भएका नागरिकलाई आर्थिक सहयोग गर्नुपर्ने स्पष्ट व्यवस्था छ। त्यस्तै स्थानीय सरकारहरूलाई आफ्नो सम्पर्क भाषा आफै निर्धारण गर्ने अधिकार पनि दिइएको छ।

९. **दक्षिणी सुडान ( South Sudan):** दक्षिणी सुडानको संघीय शासन व्यवस्था अन्तर्गत २८ वटा राज्य तथा अन्य स्थानीय सरकारहरू रहेका छन्। यस देशको संविधानको अनुसूची-ख मा उल्लेखित राज्यका अधिकार अन्तर्गत नं.३ मा स्थानीय सरकार भनी समावेश गरिएको हुँदा स्थानीय सरकारहरू सम्बन्धित राज्यको अधीनमा रहने प्रष्ट छ। सो संविधानको धारा १६६ मा स्थानीय सरकारका अधिकार तथा दायित्वहरू उल्लेख गरिएको छ। जसमध्ये मुख्य अधिकारहरू स्वायत्त शासनलाई प्रवर्धन गर्ने र शान्ति सुव्यवस्था कायम गर्ने कार्यमा स्थानीय जनता तथा समुदायको सहभागिता वृद्धि गर्ने, लोकतान्त्रिक, पारदर्शी तथा जिम्मेवार र जवाफदेही स्थानीय शासन प्रवर्धन गर्ने, नागरिक शिक्षा, स्थानीय सामाजिक तथा आर्थिक विकास, स्थानीय स्रोत तथा साधनको परिचालन, स्वास्थ्य तथा शिक्षा सेवाको दिगो परिचालनको सुनिश्चितता, स्थानीय सरकारमा लैंगिक मूलप्रवाहीकरण, परम्परा प्रदत्त अधिकार र सामाजिक कानूनको पहिचान सुनिश्चित गर्दै त्यस्ता कानून तथा अधिकारलाई स्थानीय सरकारको पद्धतिमा समावेश गर्ने, स्थानीय जनशक्ति विकास, सम्बन्धित राज्य-कानून अनुरूप राजस्व परिचालनको अधिकार रहने छन्। यी अधिकारहरू आफैंले कानून तर्जुमा गरेर नभई सम्बन्धित राज्य कानून अनुसार स्थानीय सरकारले प्रयोग गर्दछन्।

१०. **भेनेजुएला ( Venezuela) :** २३ राज्य, १ राजधानी जिल्ला, १ संघीय क्षेत्र तथा ३३५ नगरपालिका रहेको भेनेजुयलाको संघीय संरचनामा नगरपालिकाहरू स्थानीय सरकारका रूपमा रहेका छन्। सो देशको संविधानको धारा १६८ मा नगरपालिकाको निर्वाचन, अधिकारक्षेत्रका विषयमा कार्यसम्पादन गर्न र राजस्व परिचालनमा नगरपालिका स्वायत्त रहने भनी उल्लेख गरिएको छ। नगरपालिकाको व्यवस्थापकीय अधिकार सम्बन्धित नगर परिषदमा निहित रहने विषय संविधानको धारा १७५ मा उल्लेख गरिएको छ। भेनेजुएलाको संविधानको धारा १७८ अनुसार नगरपालिकाको अधिकारक्षेत्र अन्तर्गत नगर योजना, ऐतिहासिक सम्पदा, बस्ती योजना, स्थानीय पर्यटन, पार्क, बगैंचा, मनोरन्जन स्थल, शहरी सडक, ट्राफिक व्यवस्थापन, शहरी यातायात सेवा, सार्वजनिक स्थलमा विज्ञापन व्यवस्थापन, वातावरण संरक्षण र वातावरणीय सरसफाइ, शहरी सरसफाइ तथा फोहरमैला व्यवस्थापन, प्राथमिक स्वास्थ्य सेवा, पूर्व प्राथमिक शिक्षा, संस्कृति र खेलकुद, पिउने पानी सेवा, घरायसी ऊर्जाको रूपमा विद्युत, ग्याँसको

व्यवस्थापन,शव व्यवस्थापन,स्थानीय अदालत र नगर प्रहरी सेवा लगायतका विषयहरू रहेका छन्।

११. **बेल्जियम ( Belgeum) :**बेल्जियमको संघीय संरचनामा ३ क्षेत्र तथा फ्लेमिश, फ्रेन्च र जर्मन गरी ३ भाषिक समुदाय' नाम गरेका स्थानीय सरकारहरू रहेका छन्। संविधानको धारा १२७ ले फ्लेमिश र फ्रेन्च समुदायका संसदका व्यवस्थापकीय अधिकार क्षेत्र तोकेको छ। त्यस्तै धारा १३० ले जर्मन भाषा बोल्ने समुदायको संसदका व्यवस्थापकीय अधिकार क्षेत्र उल्लेख गरेको छ। जसमा मुख्यतः सांस्कृतिक विषयहरू,व्यक्ति-सम्बन्धित विषयहरू, शिक्षा (अनिवार्य शिक्षाको सीमा,स्तर निर्धारण र पेन्सन स्कीम बाहेक),शिक्षाको माध्यम-भाषा सम्बन्धी विषय,समुदाय बीच सहकार्य साथै अन्तर्राष्ट्रिय समन्वय तथा केही विषयमा सन्धि-सम्झौता समेत गर्नसक्ने विषय जस्ता अधिकारहरू पर्दछन्।

१२. **पाकिस्तान (Pakistan):** पाकिस्तान इस्लामिक गणतन्त्रको संविधान सन् १९७३ अप्रिल १२ मा जारी भएको हो। राज्यको शक्ति र राजकीयसता पाकिस्तानी जनताले निर्वाचित गरेका प्रतिनिधिमार्फत प्रयोग गरिन्छ। अल्पसंख्यक पछाडि पारिएका समूहका अधिकार संविधानले नै सुनिश्चित गरिदिएको छ। न्यायपालिकाको सुनिश्चित गरिएको छ। मौलिक हक तथा समानतको प्रत्याभूति गरिएको छ। राष्ट्रपतिले राष्ट्रप्रमुख तथा गणतान्त्रिक एकताको प्रतिनिधित्व गर्दछन्। पाकिस्तानको संसद्लाई मजलिस इशुरा भनिन्छ। राष्ट्रिय सभा २०७ जनाको हुनेछ जसमा मुस्लिम सदस्यहरू कानूनबमोजिम प्रत्यक्ष तथा स्वतन्त्र तवरबाट निर्वाचित हुनेछन्। १० जना अरु क्रिश्चियन, हिन्दु शिव, बुद्धिष्ट, पारसी र अहमदी समूहबाट प्रतिनिधित्व हुने गर्दछन्। पाकिस्तानमा जम्मा ४ प्रदेश (बलुचिस्तान, नर्थ वेष्ट, पञ्जाब र सिन्ध प्रान्त) रहेका छन्। २ स्वायत्त क्षेत्र,२ टेरिटोरी तथा स्थानीय सरकारहरू रहेको पाकिस्तानको संघीय संरचनामा स्थानीय सरकार भन्दा पनि स्थानीय स्वायत्त शासनको अवधारणा ल्याइएको छ। पाकिस्तानको संविधानले हरेक प्रदेशले कानून बनाई आफू अन्तर्गत स्थानीय सरकारहरू स्थापना गर्न र ती संरचनालाई सम्बन्धित प्रदेशले नै राजनैतिक,प्रशासनिक एवम् वित्तीय अधिकार निक्षेपण गर्न सक्ने भनी उल्लेख गरेको छ। संघीय सरकारको **(The Federal Government)** कार्यकारिणी अधिकार राष्ट्रपतिमा निहित हुन्छ। संविधानबमोजिम आफै वा सरकारी कर्मचारीमार्फत प्रयोग हुने गर्दछ। मन्त्रिपरिषदको प्रमुख प्रधानमन्त्री हुन्छ। **प्रदेश सरकार (The Provincial Governments)** को कार्यकारी अधिकार गभर्नरमा रहन्छ। शक्तिको प्रयोग प्रत्यक्ष वा अप्रत्यक्ष आफै वा सरकारको सल्लाहमा हुन्छ। प्रदेशमा मन्त्रिपरिषद्समेत रहने गर्दछ जसको प्रमुख मुख्यमन्त्री हुने गर्दछ। प्रदेशको संसदमा जुन सदस्यले बहुमत हासिल गर्दछ उसलाई गभर्नरले मुख्यमन्त्रीको रूपमा नियुक्त गर्दछ। संघीय

लिस्टमा परेका सबै अधिकारबमोजिम संघीय कानून बनाउने अधिकार संघीय संसद्‌ले राख्दछ। प्रदेश संसद्‌ले प्रदेशको लिस्ट र साझा सूचीका अधिकारमा मात्र कानून बनाउने अधिकार राख्दछ। संघीय संसदले प्रदेशलाई नछुट्याएका सबै विषयमा कानून बनाउने अधिकार राख्छ।

१३. **स्पेन (Spain):** स्पेनको संविधानले सेन्ट्रल स्टेट, अटोनोमस कम्युनिटिज, प्रोभिन्स र म्युनिसिपालिटी गरी चार तहको शासकीय स्वरूपको व्यवस्था गर्दै तिनलाई कार्यकारिणी अधिकार समेत प्रदान गरेको छ। संघीय तथा प्रान्तीय कानूनहरूले प्रान्त र नगरपालिकाहरूको भूमिका प्रष्ट पार्दै तिनीहरूको स्वायत्तताका लागी अटोनोमस कम्युनिटिजहरूलाई कार्यकारीणी अधिकार प्रदान गरेको छ।

१४. **ब्राजिल ( Brazil ) :** ब्राजिलको संघीय संरचनामा २६ राज्य, संघीय जिल्ला तथा काउन्टीहरू रहेका छन्। ब्राजिलको संविधानको धारा ३० ले काउन्टीहरूलाई स्थानीय चासोका विषयमा कानून तर्जुमा,जिल्लाको सिर्जना,व्यवस्थापन र खारेजी,पूर्वप्राथमिक विद्यालयका कार्यक्रम सञ्चालन,स्वास्थ्य सेवा,स्थानीय ऐतिहासिक तथा साँस्कृतिक स्थलहरूको संरक्षण,संवर्धन लगायतका क्षेत्राधिकार प्रदान गरेको छ।

१५. **अष्ट्रेलिया (Australia):** अष्ट्रेलिया छवटा राज्यहरूको महासंघ हो, जसमा दुई स्वशासित क्षेत्रहरूसँगै आफ्नै संविधान, संसद, सरकार र कानूनहरू छन्। ६ राज्य, ३ संघीय टेरिटोरी र ७ वाह्य टेरिटोरी सहितको संघीय संरचना रहेको अष्ट्रेलियाको संविधानमा स्थानीय सरकारका लागि राज्यशक्तिको बाँडफाँड गरिएको छैन। राज्यहरूले आ-आफ्ना स्थानीय निकाय गठन गरी व्यवस्थित गर्न सक्ने र कानूनतः अधिकार निक्षेपण गर्न सक्ने प्रबन्ध गरिएको छ।

अष्ट्रेलियाको संविधानले अष्ट्रेलियाली सरकारको दुई तहको सरकार (संघीय र राज्य/क्षेत्र) स्थापना गरेको छ। प्रत्येक तहका फरक-फरक अधिकार र जिम्मेवारीहरू छन्, जुन संविधानमा उल्लिखित छन्।संघीय सरकारसँग विदेशी मामिला, रक्षा, अध्यागमन, र राष्ट्रिय आर्थिक नीतिहरू जस्ता राष्ट्रिय मुद्दाहरूको दायरामा अधिकार क्षेत्र छ, प्रदेश र स्थानीय सरकारसँग शिक्षा र स्वास्थ्य जस्ता आन्तरिक मुद्दाहरूको दायरामा अधिकार क्षेत्र छ। संघीय सरकार प्रधानमन्त्रीको नेतृत्वमा हुन्छ, जसलाई गभर्नर-जनरलद्वारा नियुक्त गरिन्छ र उसलाई सरकारको नेतृत्व गर्न र अन्तर्राष्ट्रिय मञ्चमा अष्ट्रेलियाको प्रतिनिधित्व गर्न जिम्मेवार हुन्छ। प्रधानमन्त्रीसँग संघीय संसदको तल्लो सदन प्रतिनिधि सभाका बहुमत सदस्यको समर्थन हुनुपर्छ।

संसद दुई सदन, सिनेट र प्रतिनिधि सभा मिलेर बनेको छ, र संघीय मामिलाहरूको दायरामा कानून बनाउने अधिकार छ। राज्य र क्षेत्रहरूको नेतृत्व प्रिमियरद्वारा गरिन्छ र तिनीहरूको आफ्नै सरकारहरू हुन्छन्, तिनीहरूको सम्बन्धित राज्य र क्षेत्रहरूको प्रशासनको लागि जिम्मेवार हुन्छन्। प्रिमियरहरू राज्य र प्रादेशिक व्यवस्थापिकाहरूप्रति उत्तरदायी हुन्छन्, जससँग शिक्षा र स्वास्थ्य जस्ता राज्य र क्षेत्रीय मुद्दाहरूको दायरामा कानून बनाउने अधिकार हुन्छ।

संघीयताले अष्ट्रेलियाको संसदीय प्रतिनिधि लोकतन्त्रलाई बलियो बनाउँछ र यसको अर्थ विशिष्ट संघीय, राज्य वा स्थानीय मामिलाहरूलाई अझ प्रभावकारी रूपमा सम्बोधन गर्न सकिन्छ। अष्ट्रेलियाको संविधानले संसद, कार्यकारी सरकार र न्यायपालिकाको व्यवस्था गरेर संघीय सरकारको स्थापना गरेको छ। संविधानले कानून बनाउने अधिकार संसदलाई दिएको छ। संविधानले कार्यकारी शक्ति रानी मा निहित गरेको छ र गभर्नर-जनरलले महारानीको प्रतिनिधिको रूपमा सो अधिकार प्रयोग गर्न सक्छ। वास्तवमा कार्यकारी अधिकार प्रधानमन्त्री र मन्त्रिपरिषद् (वरिष्ठ मन्त्री) को हातमा छ। उनीहरूको यो अधिकार निम्न रुपमा प्राप्त भएको हुन्छः

(क) संवैधानिक रूपमा संघीय कार्यकारी परिषद्को सदस्यता र गभर्नर-जनरलको 'सल्लाहकार' को हैसियतबाट,

(ख) राजनीतिक रूपमा, प्रतिनिधि सभाको चुनावमा जनताबाट,

(ग) परम्पराबाट अर्थात्, चलन र परम्परा।

१६. **सेन्ट किट्स र नेभिस (Saint Kitts and Nevis):** सेन्ट किट्स र नेभिस एक संघीय संसदीय लोकतन्त्र हो जसमा दुई संविधान राज्यहरू, सेन्ट किट्स र नेभिस छन्। संघीय सरकारमा परराष्ट्र मामिला, रक्षा, आन्तरिक सुरक्षा र केही राष्ट्रिय आर्थिक नीतिहरूमा अधिकार क्षेत्र पर्दछन र प्रदेश सरकारहरूले अधिकांश आन्तरिक मामिलाहरू जस्तै शिक्षा र स्वास्थ्यका क्षेत्रमा नियन्त्रण राख्छन्। संघीय सरकारको नेतृत्व गभर्नर जनरलले गर्ने प्रधानमन्त्रीको नेतृत्वमा हुन्छ। सरकारको नेतृत्व गर्ने जिम्मेवारी प्रधानमन्त्रीको हुन्छ यस्को लागि संघीय संसदको बहुमत सदस्यको समर्थन हुनुपर्छ।संघीय संसद सिनेट र प्रतिनिधि सभा मिलेर बनेको छ र संघीय मामिलाहरूको दायरामा कानून बनाउने अधिकार छ। सेन्ट किट्स र नेभिसका दुई राज्यहरूको आफ्नै सरकारहरू छन्, प्रत्येक राज्यको नेतृत्व प्रिमियरद्वारा गरिन्छ। प्रिमियरहरू आ-आफ्नो प्रदेशको प्रशासनको लागि जिम्मेवार हुन्छन् र राज्य व्यवस्थापिकाप्रति उत्तरदायी हुन्छन्। प्रदेश व्यवस्थापिकाहरूसँग शिक्षा र स्वास्थ्य

जस्ता राज्यका विभिन्न मुद्दाहरूमा कानून बनाउने अधिकार छ। सेन्ट किट्स र नेभिसमा, संघीय र राज्य सरकारहरूले जनतालाई आवश्यक सेवाहरू प्रदान गर्न र देशको आर्थिक र सामाजिक विकासलाई प्रवर्द्धन गर्न मिलेर काम गर्छन्। संघीय र प्रदेश सरकारहरूले पनि विपद् राहत र वातावरण संरक्षण जस्ता राष्ट्रिय मुद्दाहरूको दायरामा सहकार्य गर्छन्। सेन्ट किट्स एण्ड नेभिसमा संघीयताको कार्यान्वयनले दुई राज्यबीचको स्थायित्व र सहयोगलाई प्रवर्द्धन गर्न र देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्याएको छ। सङ्घीयताले सङ्घीय र प्रदेश सरकारहरूबीच स्रोत र दायित्व बाँडफाँड गर्ने ढाँचा उपलब्ध गराउने साथै जनताको हितमा हुने निर्णयहरू सुनिश्चित गर्न मद्दत गरेको छ।

# परिच्छेद-४

## नेपालको संविधानमा साझा अधिकारको बिषय

**(Subject of Concurrent Powers in the Constitution of Nepal)**

### ४ .१ साझा अधिकार सम्बन्धी अवधारणा ( Concept on Concurrent Power)

नेपालको संबिधानले संघ, प्रदेश र स्थानीय तहलाई एकल तथा साझा अधिकारको व्यवस्था गरेको छ। राज्य शक्तिको प्रयोग तीनै तहले संबिधान बमोजिम गर्नेछन। सङ्घीयतामा संघीय एकाइहरूको साझा अधिकार अपरिहार्य मानिन्छ। संघीय एकाइहरूबीचको अन्तरसंवाद, समन्वय र सहकार्यलाई साझा अधिकारको सूचीको अभ्यासले प्रतिबिम्वित गर्छ। एकल अधिकारमा प्रतिस्पर्धा हुने हुँदा संघीय एकाइहरूलाई आपसमा जोड्नेभन्दा अलग्याउने कार्य गर्छ। तर साझा अधिकारले साझेदारी वा सहशासनलाई प्रवर्द्धन गर्छ। यो अधिकारको प्रयोगले राष्ट्रिय एकता र राष्ट्रिय हितको संरक्षण गर्न र मुलुकको आन्तरिक जीवनमा आएको परिवर्तन र मुलुकको बाह्रय सम्बन्ध र अन्तराष्ट्रिय राजनीति तथा भूराजनैतिक आयामका प्रभावहरूको व्यवस्थापन गर्न महत्वपूर्ण अवसर पनि दिन्छ, नेपाल जस्तो मुलुकको हकमा त यो अधिकार झनै महत्तवपूर्ण छ। साझा अधिकारको सूचीमा उल्लिखित विषयमा संघीय एकाइहरूले पारस्परिक समन्वय र परामर्शमा स्वतन्त्रतापूर्वक आफ्नो राजनैतिक, कार्यकारिणी, विधायिकी, न्यायिक, विकास र प्रशासनसम्बन्धी अधिकारको प्रयोग गर्छन। साझा अधिकारको सूचीमा संघीय एकाइहरूमध्ये कुनै संघीय एकाइले मात्र पूर्ण रुपमा अधिकारको प्रयोग गर्न मिल्दैन भन्ने मान्यता छ। सबै संघीय एकाइहरूले साझा अधिकारको प्रयोगमा सम्मानजनक हिस्सा प्राप्त गर्न सक्ने अवस्था रहनुपर्छ। एकले अर्कोको अधिकारको सम्मान गर्नुपर्छ। साझा अधिकारको सूचीमा प्रतिस्पर्धाभन्दा बढी सहकार्य हुन्छ। कानून निर्माणको प्रारम्भिक चरणदेखि नै परामर्श हुन्छ। साझा अधिकारको सूचीमा संघीय कानून शीर्षस्थानमा रहन्छ र संघीय कानूनसँग नबाझिने गरी मात्र अरु तहले कानून बनाउनुपर्छ। साझा अधिकारको सूचीमा संघीय कानूनसँग बाझिने गरी अरु तहले बनाएको कानून बाझिएको हदसम्म अमान्य हुन्छ। यसको अर्थ साझा अधिकारको नाममा संघले अरु तहमाथि वर्चस्व स्थापति गर्न पाउने भन्ने होइन, संघको नेतृत्वदायी र अभिभावकको भूमिका देखिनुपर्छ। साझा अधिकारको सूचीमा संघले विषयको प्रकृतिको आधारमा मूलतः सिन्द्धान्त, नीति र मापदण्ड तय गर्ने हो, कार्यान्वयन, व्यवस्थापन, अनुगमन र नियमन भने आधारभूत रुपमा अरु संघीय एकाइबाटै

हुने हो। राष्ट्रिय सरोकार र महत्त्वको विषयमा बाहेक स्थानीय सामाजिक, सांस्कृतिक र मौलिक विशिष्टता, ज्ञान, सीप र व्यवस्थापनको विषयमा संघले आफूलाई अलग गर्नुपर्छ।

## ४ .२ साझा अधिकारसम्बन्धी सिद्धान्तहरू ( Principles on Concurrent Power)

कुनै खास सार्बजनिक कामको जिम्मेवारी कुन तहको सरकारलाई सुम्पने भन्ने स्पष्ट जिम्मेवारी बाँडफाँडको सर्बमान्य सिद्धान्त पाईंदैन। संघीयतामा सरकारका तहहरूबीचको अधिकारको बाँडफाँडलाई निर्देशित गर्ने सिद्धान्तहरूले साझा अधिकार सूचीको विषयसँग सम्बन्धित कार्य, क्रियाकलाप र जिम्मेवारीको विस्तृतीकरण गरी कुन तहको कस्तो भूमिका रहने भन्ने सम्बन्धमा मार्गदर्शन गर्छ। उपर्युक्त सिद्धान्तका आधारमा विभिन्न तहका सरकारमा कार्य जिम्मेवारी बाँडफाँड भएमा नजिकका सरकारले आफ्ना सरोकारका विषयलाई सम्बोधन गर्ने जिम्मेवारी प्राप्त गर्ने र निर्णय प्रक्रियामा सम्बन्धित जनताले सहभागिता जनाउन पाउने हुँदा पहुँच, पहिचान एवम् प्रतिनिधित्वको अवसर बढ्न गई सामाजिक न्याय प्राप्तिमा पनि सघाउ पुग्ने हुन्छ। साझा अधिकारसँग सम्बन्धित केही मुख्य-मुख्य सिद्धान्तहरू निम्न छन् :

**४.२.१ दक्षता र सन्निकटता (Efficiency and Subsidiarity)**: दक्षताको सिद्धान्त जनताका संभाव्य विविध आवश्यकता (Needs) र रुचि (Preferences) लाई सन्तुष्ट हुने गरी सबैभन्दा कम मूल्यमा कार्यकुशलता र प्रभावकारी रुपमा सार्वजनिक सेवा प्रदान गर्नुपर्ने आवश्यकता औंल्याउँछ। सेवाको प्रतिफललाई लागतबाट हेर्न सकियो भने सार्वजनिक सेवाको दक्षता अभिवृद्धि हुन्छ। सन्निकटताको सिद्धान्तमा कुनै पनि कामको विनियोजन गर्दा सबैभन्दा पहिले तल्लो तहका सरकारलाई सुम्पनु पर्ने र उसले गर्न नसक्ने भएमा मात्र त्यस्तो कामको जिम्मेवारी सोभन्दा माथिल्लो तहको सरकारले लिनुपर्ने हुन्छ। किनकि सबैभन्दा तल्लो निकाय वा स्थानीय सरकार जो जनताको नजिक रहने, करदाता जनताको आवश्यकता र रुचिसँग बढी परिचित र उत्तरदायी पनि हुने र जनताप्रति बढी जवाफदेही हुन्छ। स्थानीय तहमा प्रदान गरिने सेवाको जनता स्वयंले प्रभावकारी अनुगमन र कार्यान्वयन गर्न सक्ने हुनाले त्यस्तो काम स्थानीय सरकारलाई सुम्पनु पर्दछ। किनकि केन्द्रीय सरकारलाई स्थानीय जनताको आवश्यकता र रुचिसँग कम परिचित हुने र स्थानीय आवश्यकता र रुचि पनि फरक-फरक हुने कुराले गर्दा त्यस्तो सेवा केन्द्रीय सरकारले उपलब्ध गराउनु भन्दा स्थानीय सरकारले बढी दक्षतापूर्वक गर्न सक्ने हुन्छ। यदि कुनै काम वा सेवाबाट लाभ पाउने क्षेत्र पनि स्पष्ट र सो को लाभ-लागतलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न सकिने भएमा त्यस्तो कार्य गर्ने जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गर्न उपयुक्त हुन्छ। बढी उत्तरदायी, प्रतिस्पर्धी र

नवीनपनको संभावनाले सार्वजनिक सेवाको प्रवाह संघीय सरकारले भन्दा तल्लो तहको सरकारले बढी लागत-प्रभावी रुपमा प्रदान गर्न सक्दछ। कार्यगत विश्लेषण र जिम्मेवारी बाँडफाँड गर्दा सदैव निर्णय गर्ने अधिकार निर्णयको परिणामले असर गर्नेहरूलाई सुम्पन सकिन्छ।

**४.२.२ आयतनको अर्थ लाभ ( Economies of Scale):** "आयतन" लाभ भन्नाले धेरै उत्पादन गर्दा हुने लाभलाई बुझिन्छ। यदि वस्तु वा सेवाको धेरै इकाइ कम उत्पादन लागतमा धेरै परिमाणमा उत्पादन गर्न सकिन्छ भने आयतनको लाभ प्राप्त गरेको भन्न सकिन्छ। सार्वजनिक सेवाको जिम्मेवारी बाँडफाँड गर्दा उत्पादकको आर्थिक दक्षता पनि हेर्नु पर्दछ, किनकि कुनै सार्वजनिक सेवा ठूलो परिमाणमा उत्पादन गर्दा लागत प्रभावी हुन्छ। उदाहरणको लागि पाठयपुस्तक र औषधीको व्यवस्थालाई लिन सकिन्छ। यस्तो कार्य संघले गर्न उचित हुन्छ।

**४.२.३ बाह्य प्रवाह (Externalities or Spill- over Jurisdiction):** सार्वजनिक सेवा वा वस्तुले लाभ पुरयाउने क्षेत्रले पनि वस्तु वा सेवा प्रवाह गर्ने जिम्मेवारी कुन सरकारले गर्न उपयुक्त हुन्छ भन्ने कुराको निर्धारण गर्दछ। उदाहरणको लागि सरसफाई सेवाको लागि लाभग्राही क्षेत्र भनेको स्थानीय समुदाय हुन् भने हवाई यातायात नियन्त्रण सेवाले राष्ट्रको सबै भू-भाग समेटद्छ। यदि कुनै सार्वजनिक वस्तु वा सेवाको प्रतिफललाई कुनै भौगोलिक क्षेत्रमा सीमित गर्न सकिन्न भने त्यस्तो सेवाको जिम्मेवारी माथिल्लो तहको सरकारले लिनु उचित हुन्छ। उदाहरणको लागि विश्वविद्यालयलाई लिन सकिन्छ। स्थानीय जनताले आफ्नो करबाट विश्वविद्यालय संचालन गर्न पनि नसक्ने र उक्त विश्वविद्यालयबाट अन्य क्षेत्रका बासिन्दाले पनि लाभ लिन सक्ने हुनाले यस्तो सेवाको जिम्मेवारी माथिल्लो सरकारको हुनुपर्दछ। लाभ लागतको आन्तरिकीकरण गर्न नसकिने र सेवाको प्रभाव स्थानीय तहको क्षेत्रभन्दा बाहिर पनि पर्ने रहेछ भने त्यस्तो सेवा प्रादेशिक वा संघीय सरकारको जिम्मेवारीमा रहनु पर्दछ।

**४.२.४ समानता र समावेशी (Equity and Inclusion):** मुलुकको विभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने विभिन्न वर्ग, जाति र आर्थिक अवस्था भएका सबै जनतालाई समानस्तरको अवसर प्रदान गर्ने र समान आयस्तरमा ल्याउने प्रयास गर्ने जिम्मेवारी सरकारको हो। उदाहरणको लागि सरकारले समाज कल्याणका कार्यहरू तथा कम आम्दानी भएका व्यक्तिको लागि आवास योजना संचालन गर्न सक्दछ। यस्तो जिम्मेवारी केन्द्रीय वा संघले नै लिनु उचित हुन्छ। किनकि पुनर्वितरण तथा समाज कल्याणको आवश्यकता स्थानीयस्तरमा बढी हुने र स्थानीय तहको सरकारसँग स्रोत साधनको अभाव हुने गर्दछ। यस्ता कार्यको लागि

संघले नीति निर्माण र आर्थिक स्रोतको व्यवस्था गर्ने र कार्यान्वयनको जिम्मेवारी प्रदेश तथा स्थानीय सरकारलाई सहकार्यका रुपमा गर्ने गरी सुम्पन सकिन्छ, किनकि स्थानीय सरकारसँग गरिबहरूको स्पष्ट विवरण, स्तर र आवश्यकता पहिचानका बारेमा बढी जानकारी हुने गर्दछ।

**४.२.५ समष्टिगत आर्थिक स्थिरता (Overall Economic Stability)**: सरकारको मुख्य कार्य भनेको मुलुकमा आर्थिक स्थिरता कायम गर्नु पनि हो। कुनै कार्य गर्दा मुलुकको समग्र आर्थिक स्थिरतामा असर पुग्ने भए त्यस्तो कार्यहरूको जिम्मेवारी संघले लिनु उपयुक्त हुन्छ। स्थानीय सरकारले मुलुकको आर्थिक स्थितिमा ध्यान दिन नसक्ने र घाटा बजेट अपनाएर भएपनि वा आफ्नो क्षेत्रको बजारको संरक्षणको नीति अवलम्बन गरेर वा सजिलो बैंङ्गिग प्रावधान लागू गरेर आफ्ना बासिन्दालाई बढी भन्दा बढी सेवा दिन अग्रसर हुन सक्ने र यसबाट मुलुकको समग्र आर्थिक स्थितिमा असर पर्न सक्ने भएकोले यस्तो कार्य संघले लिन उचित हुन्छ।

**४.२.६ राष्ट्रिय प्राथमिकता र लक्ष्यका विषय (National Interest and Goals)**: राष्ट्रिय एकता, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, राष्ट्रिय हित, प्राथमिकता र लक्ष्यका विषयको जिम्मेवारी केन्द्र सरकारकै हुन्छ। देशमा शान्ति सुरक्षा अमनचैन कायम गर्ने कार्यको अन्तिम जिम्मेवारी पनि केन्द्र सरकारले नै लिन उचित हुन्छ ।

**४.२.७ जवाफदेहीता र क्षमता (Accountability and Capacity)**: जनताले नियन्त्रण, पहुँच, व्यवस्थापन, श्रोत परिचालन र छानबिन गर्नसक्ने कार्यहरूको जिम्मेवारी मात्र स्थानीय तहको सरकारलाई दिनु पर्दछ। स्थानीय तहको सरकार भनेको जनताको सबैभन्दा नजिकको सरकार भएकोले यस्तो कार्यको लागि जनताले स्थानीय सरकारलाई बढी जवाफदेही बनाउन सक्दछन्। स्थानीय तहले आफू अन्तर्गतका इकाइमा, स्थानीय समुदायमा तथा नागरिक तहमा अधिकारको निक्षेपण गरी जवाफदेहिताको अभिवृद्धि गर्न समेत सक्दछन्। कामको जिम्मेवारी बाँडफाँड गर्दा सरकारको क्षमतालाई पनि हेर्नु पर्दछ। संघको क्षमता अन्य सरकारको भन्दा बढी हुन्छ। किनकि अन्य सरकारको तुलनामा संघसँग बढी सीपयुक्त जनशक्ति, उच्च प्रविधि र प्रणाली ऐवं पर्याप्त स्रोतसाधन समेत हुन्छ। संघ वा माथिल्लो सरकारले तल्लो तहको सरकारलाई काम गर्नको लागि उपयुक्त वातावरण सृजना गर्ने र तल्लो तहको सरकारको क्षमता अभिवृद्धिमा भरमग्दुर सहयोग गर्नुपर्दछ।

**४.२.८ सहकारिता, समन्वय र सहअस्तित्व (Co-operative, Co-ordination and Co-Existence)**ः नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहको सम्बन्ध सहकारिता, समन्वय र सहअस्तित्वको आधारमा हुने भनिएकोले सार्वजनिक कार्यको जिम्मेवारी अन्तर्गतका उपकार्य जुन तहको सरकारको तुलनात्मक लाभ उक्त कार्यमा बढी छ त्यसै तहको सरकारको जिम्मामा राख्ने चलन पनि रहेको हुन्छ र कार्य सम्पादन गर्दा प्रविधि र आवश्यक प्राविधिक सहयोग बाँडफाँड एक आपसमा मिलेर गर्नुपर्ने हुन्छ। संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ।

## ४.३ साझा अधिकारको प्रकृति ( Nature of Concurrent Power)

नेपालको संविधानले राज्यशक्तिको प्रयोग गर्ने सम्बन्धमा संघीय एकाइहरूबीच राजनैतिक अधिकार, कार्यकारिणी अधिकार, विधायिकी अधिकार, विकास प्रशासनको अधिकार र सेवा प्रवाहको अधिकारको बाँडफाँड गरेको छ। न्यायिक अधिकार एकीकृत रुपमा संघमा मात्र छ। संघ, प्रदेश र स्थानीय तहको एकल अधिकारले मूलतः यी सबै अधिकारलाई समावेश गरेको छ। अधिकारमा मूलतः सेवा प्रवाह, विकास प्रशासन र नागरिकका दैनिक जीवनसँग सम्बन्धित विषयहरू छन्। साझा अधिकार अन्तर्गत संघ र प्रदेशको साझा अधिकारलाई अनुसूची-७ ले उल्लेख गरेको छ। संघ, प्रदेश र स्थानीय तह तीनै तहको साझा अधिकारका विषयहरू अनुसूची-९ मा उल्लेखित छन। प्रदेश र स्थानीय तहको साझा अधिकारको कल्पना संविधानले गरेको छैन। अनुसूची-७ र अनुसूची-९ को साझा अधिकारको विषयको प्रकृतिलाई सूक्ष्म रुपले केलाउँदा र साझा अधिकारको सम्बन्धमा अरु मुलुकको अभ्यास हेर्दा साझा अधिकारको प्रकृतिलाई ६ किसिमले अभ्यास गर्न सकिन्छ।

**४.३.१ संघको पूर्ण भूमिका र अधिकार रहने साझा अधिकार (Full Competence of Federal Level)**ः साझा अधिकारमा राखिएका केही विषयहरूमा संघको पूर्ण भूमिका र अधिकार रहन्छ। संघीय नीति, कानून वा योजनाबाटै ती विषयहरूको व्यवस्थापन, कार्यान्वयन र नियमन भइरहेको हुन्छ। यी विषयमा प्रदेश र स्थानीय तहले कुनै कानून वा योजना बनाइरहनु पर्दैन। कार्यान्वयनको कुनै चरणसम्म प्रदेशको भुमिका हुनसक्छ। अनुसूची-७ का कतिपय विषयहरू यो प्रकृतिमा पर्छन।

**४.३.२ संघबाटै पूर्ण रुपले नियमन गर्नुपर्ने प्रकृतिका (Full Regulation by Federal Level) साझा अधिकार**ः राष्ट्रिय र अन्तराष्ट्रिय चरित्र र मापदण्ड हुने केही खास विषयहरूको

नियमनको सारभूत व्यवस्था र कार्यान्वयन पनि संघबाटै हुनुपर्ने देखिन्छ। उदाहरणको लागि अनुसूची-७ को क्रमसङ्ख्या १२ मा उल्लेखित कानून व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्साजस्ता सेवाको नियमन प्रदेश कानूनबाट हुनसक्ने अवस्था हुँदैन। यस्तै स्थिति अनुसूची-७ को क्रमसङ्ख्या २० मा उल्लेखित व्यवसायको नियमनको छ। संघले आंशिक नियमन गरे पुग्ने (Partial Regulation by Federal Level) प्रकृतिका साझा अधिकार देहायको विषयमा संघले आंशिक नियमनको सारभूत व्यवस्था गरी बाँकी प्रक्रियागत नियमन, कार्यान्वयन, सञ्चालन र अनुगमनको जिम्मा प्रदेश र स्थानीय तहमा हुने गरी कानून बनाउनुपर्ने देखिन्छ।

**४.३.३ संघबाट सामान्य सिद्धान्त, मापदण्ड र नीति तय भई प्रदेश र स्थानीय तहवाट कार्यान्वयन हुनुपर्ने प्रकृतिका विषयहरू (Laid Down of General Principles, Policies and Implementation by Province and Local Level)**: संघले सामान्य सिद्धान्त, मापदण्ड र नीतिहरू तय गर्ने र प्रदेश तथा स्थानीयले कार्यान्वयन गर्ने जस्ता विषयहरू यसमा समाबेश गर्न सकिन्छ। यस अन्तर्गत देहायका विषय पर्छन:-

(क) **शिक्षा (Education):** यो विषय स्थानीय तहको आधारभूरत र माध्यमिक शिक्षाको अधिकार र प्रदेशस्तरीय विश्वविद्यालय र उच्च शिक्षामा रहेको प्रदेशको अधिकारसँग समेत सम्बन्धित छ। संविधानले अनुसूची-८ मा स्थानीय तहको अधिकार-सूची निर्धारण गर्ने क्रममा क्रमसङ्ख्या ८ ले आधारभूत र माध्यमिक शिक्षाको विषय समावेस गरेको छ। आधारभूत र माध्यमिक शिक्षाको विषयभित्र समावेश हुने अन्तरबस्तु एवम् सोको प्रकृतिको बारेमा सो अनुसूचीमा थप कुनै व्यवस्थाहरू रहेको देखिँदैन। यसैगरी शिक्षाको समबन्धमा संविधानले अन्य अनुसूचीमा गरेको व्यवस्था हेर्दा संघको अधिकारको सूची अनुसूची- ५ को क्रमसंख्या १५ मा केन्द्रीय विश्वविद्यालय, अनुसूची-६ को प्रदेशको अधिकार सूचीको क्रमसंख्या ८ मा प्रदेश विश्वविद्यालय, उच्च शिक्षा एवम् अनुसूची- ९ को तीनै तहको अधिकार-सूचीको क्रमसंख्या २ मा शिक्षा भन्ने उल्लेख भएको देखिंदा संविधानका अनुसूचीहरू एक-आपसमा अन्तरसम्बन्धित देखिएकोमा कुनै विवाद छैन। अनुसूची-९ ले "शिक्षा" भन्ने शब्द प्रयोग गरेकोमा झट्ट हेर्दा शिक्षासम्बन्धी सम्पूर्ण विषयहरू साझा सूचीमा परेको जस्तो देखिए पनि अनुसूची ५, ६ र ८ को व्यवस्थाहरूलाई एकैसाथ राख्दा संविधानले शिक्षाको विषयमा संघ, प्रदेश र स्थानीय तहको अधिकारको प्रकृति र सीमालाई मार्गदर्शन गरेकाले सो समेत मनन गर्नु अपरिहार्य छ। संविधानका व्यवस्थाहरूलाई अन्तरविरोध वा द्वन्द्वको रुपमा नलिई संविधानको

आधारभूत चरित्र र सम्बन्धित विषयको दर्शनसमेतलाई दृष्टिगत गरी सामञ्जस्यपूर्ण र रचनात्मक व्याख्या गरिन्छ। यस स्थितिमा आधारभूत र माध्यमिक शिक्षाको राष्ट्रिय मूल नीति, आधारभूत मापदण्ड र संरचना तय गर्नमा संघको प्रमुख भूमिका हुने भए पनि त्यसको कार्यान्वयन, व्यवस्थापन, नियमन तथा शिक्षामा स्थानीय विशिष्टता र मौलिकताको आयामलाई समेत एकीकृत रुपमा आन्तरिकीरण गर्ने अख्तियारी स्थानीय तहको अधिकारक्षेत्रमा निहित रहेको देखिन्छ। प्रदेशभित्रको उच्च शिक्षा र विश्वविद्यालयको हकमा पनि यो सिद्धान्त लागू हुन्छ।

(ख) **स्वास्थ्य (Health):** स्वास्थय नागरिकको अधिकार र नागरिकले एकदमै नजिकको विन्दुबाट प्राप्त गर्नुपर्ने सेवा पनि हो। साथै यसका अन्तराष्ट्रिय मानकहरू पनि हुन्छन्। यो विशुद्ध स्थानीय चरित्रको विषय होइन। राष्ट्रिय स्वास्थ्य नीति, स्वास्थ्य मापदण्ड, गुणस्तर निर्धारण, विशिष्ट सेवा प्रदायक अस्पतालको सञ्चालन, महामारी नियन्त्रण, खोपको सुनिश्चिता, खोप परीक्षणको अनुमति, आधारभूत स्वास्थ्य सेवा अन्तर्गत पर्ने स्वास्थ्य सेवाहरूको वर्गीकरण, स्वास्थय सेवा प्रदान गर्ने जनशक्तिका पेसाको नियमनको विषय संघीय तहबाट गरी बाँकी विषयहरू प्रदेश र स्थानीय तहबाट सञ्चालन, नियमन, कार्यान्वयन र अनुगमन हुने गरी तीन तहको भूमिका किटान गर्न सकिन्छ।

(ग) **सामाजिक सुरक्षा (Social Security):** सामाजिक सुरक्षा पाउने वर्गको पहिचान, सामाजिक सुरक्षाको स्वरुप, सामाजिक सुरक्षाको न्यूनतम प्रत्याभूतिको विषय संघले तय गरी यसको वितरण लागत सङ्कलन जस्ता विषयमा स्थानीय तहको भूमिका रहने र प्रदेशले थप सेवा प्रदान गर्ने रहेको छ।

(घ) **सुकुम्बासी व्यवस्थापन (Landless Squatters Management):** सुकुम्बासीको परिभाषा, पहिचान गर्ने आधार र तरिका, उपलब्ध गराइने घर घडेरी, जग्गाको प्रकृति, परिमाण वा रोजगारीको विषय संघीय कानूनले तोक्ने; लागत सङ्कलन स्थानीय तहले गर्ने; प्रदेशले संघलाई सिफारिस गर्ने; संघले आयोग गठन गरी छानविन गर्ने र वास्तविक सुकुम्बासीको निधो गर्ने तथा संविधानको अनुसूची-९ ले संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको क्रमसंख्या १३ मा सुकुम्बासीको व्यवस्थापनको विषय उल्लेख गरेको छ।

(ङ) **विधुत, खानेपानी, सिँचाई (Electricity, Water Supply, Irrigation):** प्रदेश तथा स्थानीय तहले उत्पादन, सञ्चालन गर्न जलविधुत परियोजनाको क्षमता (कति मेगावाटसम्मको आयोजनाको व्यवस्थापन स्थानीय र प्रदेशबाट हुने) निर्धारण गरी ठूला र

अन्तरप्रदेशस्तरीय जलविधुत परियोजना र प्रसारण लाइनमा मात्र संघ सीमित हुने तथा प्रदेश र स्थानीय तहको जलविधुत परियोजनाको अनुमति सम्बन्धित तहबाटै हुने विषयहरू पर्छन्।

**४.३.४ संघले सामान्य खाकागत कानून मात्र बनाएर सहजीकरण गरे पुग्ने (To Be Facilitated by Federal Framework Legislation) विषयहरुः** यी विषयहरूमा संघले सामान्य मार्गदर्शन गर्ने नीति वा कानून बनाए पुग्छ। ती विषयको कार्यान्वयन, सञ्चालन, व्यवस्थापन, नियमन तथा अनुगमन प्रदेश र आफ्नो समेतको अधिकारक्षेत्र रहेकोमा स्थानीय तहले समेत गर्छन्। अन्तरप्रादेशिक रुपमा फैलिएको जङ्गल, हिमाल, वन संरक्षण क्षेत्र, जल उपयोग (अनुसूची-७ को क्रमसङ्ख्या २३), क्यासिनो र चिट्ठा (अनुसूची-७ को क्रमसङ्ख्या १६), चलचित्र, सिनेमा हल, खेलकुद (अनुसूची-७ को क्रमसङ्ख्या१९), व्याक्तिगत, घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क (अनुसूची-९ को क्रमसङ्ख्या ११), सवारी साधनको अनुमति (अनुसूची-९ को क्रमसङ्ख्या १५), पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय (अनुसूची-९ को क्रमसङ्ख्या १२), कारागार तथा हिरासत व्यवस्थापन (अनुसूची-७ को क्रमसङ्ख्या ३), औधोगिक विवादको सामाधान (अनुसूची-७ को क्रमसङ्ख्या ११), खेलकुद र पत्रपत्रिका (अनुसूची-९ को क्रमसङ्ख्या २), सम्पति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना (अनुसूची-७ को क्रमसङ्ख्या ६) जस्ता विषयहरू यसमा रहेका छन्।

**४.३.५ समानान्तर रुपमा प्रयोग हुने (Parallel Competency) साझा अधिकारः** यी विषयहरूमा मूलतः संघ, प्रदेश र आफ्नो अधिकार सूचीको अन्य भागको रुपमा स्थानीय तहले समेत गरी तीनै तहले समानान्तर रुपमा आ-आफ्नो नीति, योजना, कार्यक्रम र कानूनबाट कार्यान्वयन, व्यवस्थापन तथा अनुगमन गर्दछन्। यस अन्तर्गत गरीबि निवारण (अनुसूची-९ को क्रमसङ्ख्या १०), रोजगारी (अनुसूची-७ को क्रमसङ्ख्या ११), गरिबी निवारण र औधोगिकीकरण (अनुसूची-७ को क्रमसङ्ख्या २१), वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास (अनुसूची-७ को क्रमसङ्ख्या २२), रोजगारी र बेरोजगार सहायता (अनुसूची-७ को क्रमसङ्ख्या २५) पर्छन्।

### ४.४ संघ, प्रदेश र स्थानीय तहको व्यबस्थापिकीय अधिकार (Legislative Power of Federation, Province and Local Level):

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानून

बमोजिम गर्ने व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहका एकल अधिकारहरू संविधानको क्रमशः अनुसूची ५, ६ र ८ मा र संघ, प्रदेश र स्थानीयतहका साझा अधिकारलाई अनुसूची–७ र ९ मा समावेश गरिएको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था समेत गरेको छ।

**४.४.१ संघको व्यबस्थापिकीय अधिकार (Legislative Power of Federation):** नेपालको संविधानको धारा ५७(१) (३) (५) र धारा १०९ मा संघको विधायकी अधिकार अनुसुची-५, ७ र ९ मा उल्लेखित विषयमा निहित हुनेछ र त्यस्तो अधिकारको प्रयोग नेपालको संविधान, संघीय कानून, प्रदेश कानून र स्थानीय कानून बमोजिम हुने कुरा उल्लेख छ। नेपालको संविधानको धारा ५७ को उपधारा (६) र (७) मा प्रदेश सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी र स्थानीय तहले कानून बनाउँदा संघीय कानून र प्रदेश कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र त्यस्तो कानून बाझिएको हदसम्म अमान्य हुने कुरा उल्लेख छ। नेपालको संविधानको धारा ५८ मा अवशिष्ट अधिकार (Residual Power) अन्तर्गत संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुने कुरा उल्लेख छ। नेपालको संविधानको धारा ५९(१) मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउन सक्ने कुरा उल्लेख छ। नेपालको संविधानको धारा ५९(२) मा संघले साझा सूचीका बिषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक कानून बनाउन सक्ने ब्यवस्था गरेको छ। नेपालको संविधानको धारा २३१(१) मा संघीय कानून नेपालभर वा आवश्यक्ता अनुसार नेपालको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिने ब्यवस्था छ। नेपालको संविधानको धारा २३५(१) मा संघ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम गर्न संघले आवश्यक कानून बनाउन सक्ने ब्यवस्था छ।

**४.४.२ प्रदेशको व्यबस्थापिकीय अधिकार ( Legislative Power of Province):** नेपालको संविधानको धारा ५७(२) (३) (५), धारा १६२(४) र धारा १९७ मा प्रदेशको विधायकी अधिकार अनुसूची ६, ७ र ९ मा उल्लेखित विषयमा निहित हुनेछ भन्ने व्यवस्था रहेको छ। त्यस्तो अधिकारको प्रयोग नेपालको संविधान, संघीय कानून, प्रदेश कानून र स्थानीय कानून बमोजिम हुने कुरा उल्लेख छ। नेपालको संविधानको धारा ५७ को उपधारा (६) मा प्रदेश सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र त्यस्तो कानून

बाझिएको हदसम्म अमान्य हुने कुरा उल्लेख छ। नेपालको संविधानको धारा ५९(१) मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउन सक्ने कुरा उल्लेख छ। नेपालको संविधानको धारा २३१(२) मा प्रदेश कानून प्रदेश भर वा आवश्यक्ता अनुसार प्रदेशको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सक्ने व्यवस्था छ। नेपालको संविधानको धारा २३१(३) मा दुई वा दुई भन्दा बढी प्रदेशले अनुसुची-६ मा उल्लेखित कुनै विषयमा कानून बनाउन अनुरोध गरेमा संघले ती प्रदेशमा लागू हुनेगरी कानून बनाउन सक्ने व्यवस्था छ। नेपालको संविधानको धारा २३२(७) मा कुनै पनि प्रदेशमा संघीय शासन कायम रहेको अवस्थामा संघले अनुसूची-६ बमोजिमको विषयमा कानून बनाउन सक्ने कुरा उल्लेख छ। त्यस्तो कानून सम्बन्धित प्रदेश सभाले अर्को कानून बनाई खारेज नगरे सम्म बहाल रहनेछ। नेपालको संविधानको धारा २३३(१) (२) मा एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो र सरोकारका विषयमा सूचना आदान प्रदान, परामर्श र विधायनका बिषयमा छलफल र सहयोग बिस्तार गर्न सक्ने कुरा उल्लेख छ। नेपालको संविधानको धारा २३५(२)(३) मा प्रदेश, गाउँपालिका वा नगरपालिका बीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्ने कुरा उल्लेख गरेको छ र त्यस्तो विवाद गर्ने प्रक्रिया र कार्यविधि प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ।

**४.४.३ स्थानीय तहको व्यबस्थापिकीय अधिकार (Legislative Power of Local Level):** नेपालको संविधानको धारा ५७(४) (५), धारा २२१ र धारा २२६ मा स्थानीय तहको विधायकी अधिकार अनुसूची- ८ र ९ मा उल्लेखित विषयमा गाउँ सभा र नगर सभामा निहित हुनेछ र त्यस्तो अधिकारको प्रयोग नेपालको संविधान,संघीय कानून, प्रदेश कानून र स्थानीय कानून बमोजिम हुने कुरा उल्लेख छ। नेपालको संविधानको धारा ५७ को उपधारा (६) र (७) मा गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानून र प्रदेश कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र त्यस्तो कानून बाझिएको हदसम्म अमान्य हुने उल्लेख छ। नेपालको संविधानको धारा ५९(१) मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउन सक्ने भन्ने व्यवस्था रहेको छ।

## ४.५  संघ र प्रदेशको साझा अधिकारको सूची (List of Concurrent Powers of Federation and Province)

| १० | सामाजिक सुरक्षा र गरिबी निवारण | १.गरिबी निवारण कोष ऐन,२०६३<br>२.घरेलु हिंसा (कसूर र सजाय) ऐन,२०६६<br>३.जातीय भेदभाव तथा छुवाछुत (कसूर सजाय) ऐन, २०६८<br>४.बोक्सीको आरोप (कसूर सजाय) ऐन, २०७२<br>५.मानव वेचविखन तथा ओसार पोसार (नियन्त्रण) ऐन, २०६४<br>६.यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३<br>७.योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४<br>८.राष्ट्रिय मानव अधिकार आयोग ऐन,२०६८<br>९.सामाजिक सुरक्षा ऐन पहिलो | **कोशी प्रदेश :**<br>१.बालबालिका संरक्षण ऐन, २०७७<br>**मधेश प्रदेशः**<br>१.प्रदेश बालबालिका सम्बन्धि ऐन,२०७७<br>२.दलित सशक्तिकरण ऐन, २०७६<br>**बागमती प्रदेशः**<br>१.प्रदेश बालबालिका ऐन, २०७६<br>**सुदुरपश्चिम प्रदेशः**<br>१.प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७७ | **ललितपुर महानगरपालिकाः**<br>१. बाल संरक्षण समिति (गठन तथा कार्य संचालन)कार्यविधि,२०७६<br>२. अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि,२०७५<br>**विराटनगर महानगरपालिकाः**<br>१.सामाजिक सुरक्षा कार्यविधि,२०७५<br>**भरतपुर महानगरपालिकाः**<br>१. विपन्न वर्ग आर्थिक सहायता कार्यविधि,२०७९<br>२. जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा शहीद भएका तथा वेपत्ता पारिएका परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि,२०७८<br>३. भरतपुर महानगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरूको हक |

| | | | | |
|---|---|---|---|---|
| | | संशोधन ,२०७९ | | अधिकार संरक्षण तथा प्रवर्दन कार्यविधि,२०७८<br>४. सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०६५<br>**विरगञ्ज महानगरपालिकाः**<br>१. सामाजिक सुरक्षा कार्यविधि,२०७२<br>**पोखरा महानगरपालिकाः**<br>**१.** बाल अधिकार व्यबस्थित गर्ने ऐन,२०७४<br>**जनकपुर उपमहानगरपालिकाः**<br>१. अपाङ्गता सम्बन्धी कार्यविधि,२०७५<br>**बागमती प्रदेश, जुगल गाँउपालिकाः**<br>१. सामाजिक सुरक्षा संचालन कार्यविधि,२०७५<br>**सुदुरपश्चिम प्रदेश, केदारस्युँ गाँउपालिकाः**<br>१. स्थानीय तहमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन |

| | | | | |
|---|---|---|---|---|
| | | | | कार्यविधि,२०७५<br>२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि (नमुना),२०७५ |
| ११ | व्यक्तिगत घटना, जन्म , मृत्यु, विवाह र तथ्यांक | १. जन्म मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३<br>२. तथ्यांक ऐन,२०१५ | | **बेनी नगरपालिकाः**<br>१. पञ्जीकरण सम्बन्धी ऐन कानूनहरूको संग्रह<br>**इनरुवा नगरपालिकाः**<br>१. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६, नियमावली २०७७ |
| १२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय | १.भवन ऐन, २०५५<br>२.भूकम्पबाट प्रभावित सरचनाको पुनर्निमाण सम्बन्धि ऐन, २०७२<br>३. प्राचीन स्मारक संरक्षण ऐन,२०१३ | | |
| १३ | सुकुम्बा-सी ब्यबथापन | १.आवासको अधिकार सम्बन्धी ऐन, २०७५<br>२. भूउपयोग सम्बन्धी ऐन, २०७६<br>३. भुमि सम्बन्धी | | **विराटनगर महानगरपालिकाः**<br>**१. महानगर आवास** कार्यविधि,२०७५<br>**२. महानगर आवास** कार्यक्रम नमुना बस्ति विकास निर्माण |

| | | | | |
|---|---|---|---|---|
| | | ऐन, २०२१ | | निर्देशिका,२०७८<br>**भरतपुर महानगरपालिकाः**<br>१.छोरी जीबन बीमा गर्ने सम्बन्धी कार्यविधि,२०७९<br>२.बिपन्न वर्ग आर्थिक सहायता कार्यविधि,२०७९ |
| १४ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी | १.राष्ट्रिय प्राकृतिक सरक्षण कोष ऐन, २०३९<br>२.राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ | | **पोखरा महानगरपालिकाः**<br>१.निजी जग्गावाट प्राकृतिक स्रोत साधनको संकलन, उत्खनन तथा ओसारपसारको लागि इजाजत प्रदान गर्ने कार्यविधि,२०७७ |
| १५ | सवारी साधन अनुमति | १.सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ | **कोशी प्रदेश** :<br>१.प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन,२०७६<br>**बागमती प्रदेशः**<br>१.प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६<br>**गण्डकी प्रदेशः**<br>१.प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६<br>**सुदुरपश्चिम प्रदेशः** | **काठमाडौ महानगरपालिकाः**<br>१. काठमाडौ महानगरपालिका सवारी तथा यातायात व्यवस्था ऐन,२०७५<br>२. निशुल्क सवारी पार्किङ्ग सञ्चालन अल्पकालीन मापदण्ड,२०७०<br>**विरगंज महानगरपालिकाः**<br>१. यातायात तथा सवारी व्यवस्था |

| | | | | |
|---|---|---|---|---|
| | | | १.सुदुरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन,२०७९ | कार्यविधि,२०७६<br>**पोखरा महानगरपालिकाः**<br>१.सार्बजनिक यातायात व्यवस्था ऐन,२०७६ |

## ४ .७ संघबाट बनेका कानूनहरूको सूचीः

| सि.नं. | | |
|---|---|---|
| १ | संवैधानिक निकाय तथा सुशासनसँग सम्बन्धित | १. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८<br>२. आदिवासी जनजाति आयोग ऐन, २०७४<br>३. केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३<br>४. गरिबी निवारण कोष ऐन, २०६३<br>५. थारु आयोग ऐन, २०७४<br>६. नेपाल ट्रष्ट ऐन, २०६४<br>७. प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४<br>८. प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) निर्धारण ऐन, २०७५<br>९. भ्रष्टाचार निवारण ऐन, २०५९<br>१०. मधेसी अयोग ऐन, २०७४<br>११. मन्त्रीहरूको परिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४९<br>१२. महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९<br>१३. मुस्लिम आयोग ऐन, २०७४<br>१४. राष्ट्रपति तथा उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४<br>१५. राष्ट्रिय दलित आयोग ऐन, २०७४<br>१६. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ |

| | | |
|---|---|---|
| | | १७. राष्ट्रिय महिला आयोग ऐन, २०७४<br>१८. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८<br>१९. राष्ट्रिय समावेशी आयोग ऐन, २०७४<br>२०. लेखापरीक्षण ऐन, २०७५<br>२१. लोक सेवा आयोग ऐन, २०६६<br>२२. संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक,सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३<br>२३. संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६<br>२४. सुशासन(व्यवस्थापन तथा सञ्चालन)ऐन,२०६४<br>२५. सार्वजनिक खरिद ऐन२०६३ ,<br>२६. आदिवासी जनजाति आयोग ऐन२०७४ ,<br>२७. सङ्घ,प्रदेश र स्थानीय तह(समन्वय तथा अन्तरसम्बन्ध)ऐन,२०७७<br>२८. निर्वाचन आयोग ऐन, २०७३<br>२९. आवासको अधिकार सम्बन्धी ऐन, २०७५<br>३०. वैयक्तिक गोपनियता सम्बन्धी ऐन, २०७५ |
| २ | अदालत तथा न्याय प्रशासनसँग सम्बन्धित | १. अपराध पीडित संरक्षण ऐन, २०७५<br>२. उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४<br>३. कानूनी सहायता सम्बन्धी ऐन, २०५४<br>४. *नेपाल कानून आयोग ऐन, २०६३*<br>५. नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५०<br>६. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१०<br>७. नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३<br>८. न्याय परिषद् ऐन, २०७३<br>९. न्याय प्रशासन ऐन, २०७३<br>१०. न्याय सेवा आयोग ऐन, २०७३<br>११. न्यायिक कोष ऐन, २०४३ |

| | | |
|---|---|---|
| | | १२. पारस्परिक कानूनी सहायता ऐन, २०७०<br>१३. प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४<br>१४. प्रमाण ऐन, २०३१<br>१५. प्रशासकीय अदालत ऐन, २०७६<br>१६. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४<br>१७. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१<br>१८. मध्यस्थता ऐन, २०५५<br>१९. महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२<br>२०. मेलमिलाप सम्बन्धी ऐन, २०६८<br>२१. राजश्व न्यायाधिकरण ऐन, २०३१<br>२२. राज्य अदालत उन्मूलन ऐन, २०१७<br>२३. राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३<br>२४. विशेष अदालत ऐन, २०५९<br>२५. संक्षिप्त कार्यविधि ऐन, २०२८<br>२६. सर्वोच्च अदालत ऐन, २०४८ |
| ३ | सङ्घिय-संसद, राजनीतिक दल तथा निर्वाचनसँग सम्बन्धित | १. निर्वाचन (कसूर र सजाय) ऐन, २०७३<br>२. निर्वाचन आयोग ऐन, २०७३<br>३. निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३<br>४. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४<br>५. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४<br>६. राजनीतिक दल सम्बन्धी ऐन, २०७३<br>७. राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४<br>८. राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५<br>९. संघीय संसद सचिवालय सम्बन्धी ऐन , २०६४ |

| | | |
|---|---|---|
| | | १०. संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक सुविधा सम्बन्धी ऐन , २०७३<br>११. मतदाता नामाचली ऐन, २०७३<br>१२. स्थानीय तह निर्वाचन ऐन , २०७३<br>१३. संघीय संसदका महासचिव , प्रतिनिधिसभाका सचिव र सुविधा ,शर्त ,सभाका सचिवको पारिश्रमिकतथा राष्ट्रिय सम्बन्धी ऐन ,२०७५ |
| ४ | आन्तरिक प्रशासनसँग सम्बन्धित | २. अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३<br>३. आवश्यक पदार्थ अधिकार ऐन (नियन्त्रण), २०१७<br>४. आवश्यक वस्तु संरक्षण ऐन, २०१२<br>५. आवश्यक सेवा सञ्चालन ऐन, २०१४<br>६. कर्मचारी समायोजन ऐन, २०७५<br>७. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का) नियन्त्रण र जफत ऐन, २०७०<br>८. कारागार ऐन, २०१९<br>९. चन्दा ऐन, २०३०<br>१०. चिठ्ठा ऐन, २०२५<br>११. जग्गा प्राप्ति ऐन, २०३४<br>१२. जाँचबुझ आयोग ऐन, २०२६<br>१३. निजामती सेवा ऐन, २०४९<br>१४. नेपाल नागरिकता ऐन, २०६३<br>१५. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९<br>१६. प्रशासकीय कार्यविधि ऐन (नियमित गर्ने), २०१३<br>१७. यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३<br>१८. राज्य रजौटा ऐन, २०१७<br>१९. राष्ट्रिय निर्देशन ऐन, २०१८<br>२०. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६<br>२१. लागू औषध ऐन (नियन्त्रण), २०३३<br>२२. लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९<br>२३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, |

| | | |
|---|---|---|
| | | २०७४<br>२४. विभूषण ऐन, २०६४<br>२५. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५<br>२६. संस्था दर्ता ऐन, २०३४<br>२७. क्षतिपूर्ति ऐन , २०१९<br>२८. सार्वजनिक सुरक्षा ऐन , २०४६ ( तेस्रो संशोधन, २०७५)<br>२९. अध्यागमन ऐन , २०४९<br>३०. संगठित अपराध निवारण ऐन , २०७०<br>३१. सामाजिक सुरक्षा ऐन , २०७५<br>३२. तेजाब तथा अन्य घातक रसायनिक पदार्थ ( नियमन) अध्यादेश, २०७७<br>३३. सामाजिक सुरक्षा ( पहिलो संशोधन ) अध्यादेश, २०७७ |
| ५ | सुरक्षा प्रशासनसँग सम्बन्धित | १. नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन, २०७६<br>२. नेपाल विशेष सेवा ऐन, २०४२<br>३. प्रहरी ऐन, २०१२<br>४. प्रहरी कर्मचारी समायोजन ऐन, २०७६<br>५. राष्ट्रिय सेवा दल ऐन, २०२७<br>६. विस्फोटक पदार्थ ऐन, २०१८<br>७. हातहतियार खरखजाना ऐन , २०१९<br>८. स्थानीय प्रशासन ऐन , २०२८<br>९. सशस्त्र प्रहरी ऐन , २०५८<br>१०. सैनिक ऐन , २०६३ |
| ६ | राजश्व तथा आर्थिक प्रशासनसँग सम्बन्धित | १. अन्तः शुल्क ऐन, २०५८<br>२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६<br>३. ऋण तथा जमानत ऐन, २०२५<br>४. कार्य सञ्चालन कोष ऐन, २०४३<br>५. निजीकरण ऐन, २०५० |

| | | |
|---|---|---|
| | | ६. नेपाल चार्टर्ड एकाउन्टेन्टस ऐन, २०५३<br>७. पानी कर ऐन, २०२३<br>८. भन्सार ऐन, २०६४<br>९. मदिरा ऐन, २०३१<br>१०. मूल्य अभिवृद्धि कर ऐन, २०५२<br>११. राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२<br>१२. राष्ट्र ऋण ऐन, २०५९<br>१३. विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१<br>१४. संस्थान ऐन, २०२१<br>१५. सामयिक कर असूल ऐन , २०१२<br>१६. संघीय आकस्मिक कोष ऐन , २०७४<br>१७. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४<br>१८. आय टिकट दस्तुर ऐन, २०१९<br>१९. आयकर ऐन, २०५८ |
| ७ | मुद्रा, बैङ्किङ्ग, बीमा, वित्तीय संस्था तथा धितोपत्रसँग सम्बन्धित | १. अन्तर्राष्ट्रिय फाइनान्स कर्पोरेशनको सदस्यता प्राप्त गर्ने ऐन, २०२२<br>२. अन्तर्राष्ट्रिय विकास एशोसिएसनको सदस्यता प्राप्त गर्ने ऐन, २०१९<br>३. अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४<br>४. कर्मचारी सञ्चय कोष ऐन, २०१९<br>५. धितोपत्र सम्बन्धी ऐन, २०६३<br>६. नागरिक लगानी कोष ऐन, २०४७<br>७. निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३<br>८. नेपाल राष्ट्र बैङ्क ऐन, २०५८<br>९. नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४<br>१०. बीमा ऐन, २०४९<br>११. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३<br>१२. बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८<br>१३. बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ |

| | | |
|---|---|---|
| | | १४. ब्रेटन उड्स सम्झौता ऐन, २०१८<br>१५. भुक्तानी तथा फस्यौर्ट ऐन, २०७५<br>१६. राष्ट्रिय बीमा संस्थान ऐन, २०२५<br>१७. वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४<br>१८. वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५<br>१९. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९<br>२०. विनिमेय अधिकारपत्र ऐन, २०३४<br>२१. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७७<br>२२. सुरक्षित कारोवार ऐन२०६३ ,<br>२३. सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण,ऐन २०६४<br>२४. निवृत्तभरण कोष ऐन२०७५ , |
| ८ | उद्योग, वाणिज्य तथा आपूर्तिसँग सम्बन्धित | १. आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५<br>२. उपभोक्ता संरक्षण ऐन, २०७५<br>३. औद्योगिक व्यवसाय ऐन, २०७६<br>४. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३<br>५. कम्पनी ऐन, २०६३<br>६. कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२<br>७. खानी तथा खनिज पदार्थ ऐन, २०४२<br>८. दामासाही सम्बन्धी ऐन, २०६३<br>९. निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३<br>१०. नेपाल एजेन्सी ऐन, २०१४<br>११. नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७<br>१२. नेपाल पेट्रोलियम ऐन, २०४०<br>१३. पेटेण्ट, डिजायन र टे«डमार्क ऐन, २०२२<br>१४. प्रतिस्पर्धा प्रवध्दर्न तथा बजार संरक्षण ऐन, २०६३<br>१५. प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ |

| | | |
|---|---|---|
| | | १६. बोनस ऐन, २०३०<br>१७. मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३<br>१८. वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४<br>१९. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५<br>२०. विशेष आर्थिक क्षेत्र ऐन, २०७३<br>२१. साझेदारी ऐन , २०२०<br>२२. स्टाण्डर्ड नाप र तौल ऐन२०२५ ,<br>२३. सार्वजनिक निजि साझेदारी तथा लगानी ऐन २०७५<br>२४. सेफगार्डर्स एन्टि डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग ऐन , २०७६ |
| ९ | पर्यटन, श्रम तथा यातायातसँग सम्बन्धित | १. गैर सैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०१५<br>२. ट्रेड यूनियन ऐन, २०४९<br>३. नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३<br>४. नेपाल पर्यटन बोर्ड ऐन, २०५३<br>५. नेपाल पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७<br>६. नेपाल वायुसेवा निगम ऐन, २०१९<br>७. नेपालको व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी ऐन, २०२७<br>८. पर्यटन ऐन, २०३५<br>९. पानी जहाज दर्ता ऐन, २०२७<br>१०. बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६<br>११. योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४<br>१२. रोजगारीको हक सम्बन्धी ऐन, २०७५<br>१३. वैदेशिक रोजगार ऐन, २०६४<br>१४. श्रम ऐन, २०७४<br>१५. होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ,ऐन २०२३<br>१६. सवारी तथा यातायात व्यवस्था ऐन , २०४९ |

| | | |
|---|---|---|
| १० | सञ्चार तथा विज्ञान र प्रविधिसँग सम्बन्धित | १. आन्तरिक हुलाक वस्तु (बीमा गर्ने) ऐन, २०१९<br>२. गोरखापत्र संस्थान ऐन, २०१९<br>३. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६<br>४. छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८<br>५. दूर सञ्चार ऐन, २०५३<br>६. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८<br>७. नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१<br>८. प्रेस काउन्सिल ऐन, २०४८<br>९. राष्ट्रिय प्रसारण ऐन, २०४९<br>१०. राष्ट्रिय समाचार समिति ऐन, २०१९<br>११. रेडियो ऐन, २०१४<br>१२. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७<br>१३. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार सम्बन्धी ऐन, २०६३<br>१४. विज्ञापन ऐन, २०७६<br>१५. श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१<br>१६. हुलाक ऐन , २०१९<br>१७. सञ्चार संस्थान ऐन , २०२८<br>१८. सूचनाको हक सम्बन्धी ऐन , २०६४ |
| ११ | योजना, विकास तथा निर्माणसँग सम्बन्धित | १. आवासको अधिकार सम्बन्धी ऐन, २०७५<br>२. काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५<br>३. खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३<br>४. खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३<br>५. तथ्याङ्क ऐन, २०१५<br>६. नगर विकास ऐन, २०४५<br>७. नगर विकास कोष ऐन, २०५३<br>८. निर्माण व्यवसाय ऐन, २०५५<br>९. नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५<br>१०. नेपाल खानेपानी संस्थान ऐन, २०४६<br>११. प्रादेशिक विकास योजनाहरू (कार्यान्वित गर्ने) ऐन, |

| | | |
|---|---|---|
| | | २०१३<br>१२. भवन ऐन, २०५५<br>१३. भूकम्पबाट प्रभावित संरचनाको पुनर्निमाण सम्बन्धी ऐन, २०७२<br>१४. विकास समिति ऐन, २०१३<br>१५. संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४<br>१६. सडक बोर्ड ऐन , २०५८<br>१७. सार्वजनिक सडक ऐन , २०३१ |
| १२ | खाद्य, कृषि, सहकारी तथा भूमि प्रशासनसँग सम्बन्धित | १. उखडा सम्बन्धी ऐन, २०२१<br>२. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८<br>३. खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१<br>४. खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन, २०७५<br>५. खाद्य ऐन, २०२३<br>६. जग्गा (नाप जाँच) ऐन, २०१९<br>७. जलचर संरक्षण ऐन, २०१७<br>८. जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६<br>९. झोरा क्षेत्रको जग्गा सम्बन्धी ऐन, २०२८<br>१०. दाना पदार्थ ऐन, २०३३<br>११. नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८<br>१२. नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५<br>१३. पशु बधशाला र मासु जाँच ऐन, २०५५<br>१४. पशु स्वास्थ्य तथा पशु सेवा  ऐन, २०५५<br>१५. बिरुवा संरक्षण ऐन, २०६४<br>१६. बिर्ता उन्मूलन ऐन, २०१६<br>१७. बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५<br>१८. बीउ बिजन ऐन, २०४५<br>१९. भू–उपयोग ऐन, २०७६<br>२०. भूमि सम्बन्धी ऐन, २०२१ (सातौं संशोधन , २०७५) |

| | | |
|---|---|---|
| | | २१. मालपोत ऐन, २०३४<br>२२. रासीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था ऐन, २०२४<br>२३. राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९<br>२४. राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८<br>२५. राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९<br>२६. सहकारी ऐन , २०७४<br>२७. सार्वजनिक- निजी साझेदारी तथा लगानी ऐन ,२०७५ |
| १३ | वन, वातावरण तथा जलस्रोतसँग सम्बन्धित | १. जलस्रोत ऐन, २०४९<br>२. निजी वन जंगल राष्ट्रियकरण ऐन, २०१३<br>३. नेपाल विद्युत प्राधिकरण ऐन, २०४१<br>४. विद्युत चोरी नियन्त्रण ऐन, २०५८<br>५. भू तथा जलाधार संरक्षण ऐन, २०३९<br>६. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९<br>७. राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९<br>८. वन ऐन, २०७६<br>९. वातावरण संरक्षण ऐन, २०७६<br>१०. विद्युत नियमन आयोग ऐन, २०७४<br>११. विद्युत ऐन , २०४९<br>१२. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन , २०७३ |
| १४ | परराष्ट्र, शिक्षा तथा खेलकूदसँग सम्बन्धित | १. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५<br>२. काठमाडौं विश्वविद्यालय ऐन, २०४८<br>३. कृषि तथा वन विश्वविद्यालय ऐन, २०६७<br>४. गैर-आवासीय नेपाली सम्बन्धी ऐन, २०६४<br>५. छात्रवृत्ति सम्बन्धी ऐन, २०२१<br>६. नेपाल खुला विश्वविद्यालय ऐन, २०७३<br>७. नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३<br>८. नेपाल सन्धि ऐन, २०४७<br>९. नेपाल स्काउट ऐन, २०५० |

| | | |
|---|---|---|
| | | १०. पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५०<br>११. पोखरा विश्वविद्यालय ऐन, २०५३<br>१२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५<br>१३. मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७<br>१४. राजर्षिजनक विश्वविद्यालय ऐन, २०७४<br>१५. राष्ट्रिय खेलकूद विकास ऐन, २०७७<br>१६. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५<br>१७. राष्ट्रिय युवा परिषद् ऐन, २०७२<br>१८. राहदानी ऐन, २०७६<br>१९. लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३<br>२०. विदेशी राज्य र कूटनैतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन, २०२७<br>२१. विश्वविद्यालय अनुदान आयोग ऐन, २०५०<br>२२. शिक्षा ऐन, २०२८<br>२३. त्रिभुवन विश्वविद्यालय ऐन , २०४९<br>२४. सुदूरपश्चिम विश्वविद्यालय ऐन , २०६७<br>२५. सपुर्दगी ऐन , २०७०<br>२६. अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४०<br>२७. राष्ट्रिय खेलकूद विकास ऐन, २०४८ |
| १५ | स्वास्थ्यसँग सम्बन्धित | १. आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९<br>२. आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५<br>३. औषधि ऐन, २०३५<br>४. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८<br>५. खोप ऐन, २०७२<br>६. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३<br>७. जनस्वास्थ्य सेवा ऐन, २०७५<br>८. नेपाल नर्सिङ परिषद् ऐन, २०५२ |

| | | |
|---|---|---|
| | | ९. नेपाल फार्मेसी परिषद् ऐन, २०५७<br>१०. नेपाल मेडिकल काउन्सिल ऐन, २०२०<br>११. नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७<br>१२. नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३<br>१३. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३<br>१४. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४<br>१५. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२<br>१६. बिफर नियन्त्रण ऐन, २०२०<br>१७. मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५<br>१८. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४<br>१९. वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९<br>२०. वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३<br>२१. शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७<br>२२. संक्रामक रोग ऐन, २०२०<br>२३. आयुर्वेद चिकित्सा परिषद् ऐन , २०४५<br>२४. स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन , २०६६<br>२५. सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन)गर्ने ऐन , २०६८<br>२६. स्वास्थ्य बीमा ऐन , २०७४<br>२७. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन , २०७५ |
| १६ | महिला, बालबालिका,समाज कल्याण तथा संस्कृतिसँग सम्बन्धित | १. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ (पहिलो संशोध, २०७५ )<br>२. अभिलेख संरक्षण ऐन, २०४६<br>३. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ |

| | | |
|---|---|---|
| | | ४. गुठी संस्थान ऐन, २०३३<br>५. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६<br>६. जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३<br>७. नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४<br>८. नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४<br>९. नेपाल सङ्गित तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४<br>१०. पशुपति क्षेत्र विकास कोष ऐन, २०४४<br>११. प्रतिलिपि अधिकार ऐन, २०५९<br>१२. प्राचीन स्मारक संरक्षण ऐन, २०१३<br>१३. बालबालिका सम्बन्धी ऐन, २०७५<br>१४. बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५<br>१५. बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२<br>१६. भाषा आयोग ऐन, २०७४<br>१७. मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४<br>१८. लुम्बिनी विकास कोष ऐन, २०४२<br>१९. सामाजिक व्यवहार (सुधार) ऐन २०३३<br>२०. अभिलेख संरक्षण ऐन , २०४६<br>२१. समाज कल्याण ऐन , २०४९ |
| १७ | स्थानीय विकाससँग सम्बन्धित | १. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान<br>२. आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८<br>३. जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ (पहिलो संशोधन, २०७५)<br>४. फोहोर मैला व्यवस्थापन ऐन, २०६८<br>५. स्थानीय सरकार सञ्चालन ऐन , २०७४<br>६. जन्म, मृत्यु, तथा अन्य व्याक्तिगत घटना (दर्ता गर्ने), २०३३ |

## ४.८ साझा अधिकारका सूची अन्तर्गत बनेका कानूनको विश्लेषण ( Evaluation of the Law made on Concurrent Powers )

नेपालको संविधानको धारा ५६ र ५७ मा संघ, प्रदेश र स्थानीय तहमा राज्य शक्तिको विभाजन र बाँडफाँड भएको र अनुसुची-७ मा संघ र प्रदेशको साझा अधिकारको विषयहरू उल्लेख भएका छन्। संविधानको धारा ५७ को उपधारा (३), धारा १०९, धारा १६२ को उपधारा (४) र धारा १९६ सँग सम्बन्धित रही २५ वटा विविध विषयमा संघ र प्रदेशका साझा विषयहरू समावेश भएका छन्। त्यसै गरी अनुसुची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीका विविध १५ वटा विषयहरू उल्लेख भएका छन्, जुन धारा ५७(५), धारा १०९, धारा १६२(४), धारा १९६, धारा २१४(२), धारा २२१(२) र धारा २२६(१) सँग सम्बन्धित रहेका छन्।

नेपालमा संघीयताको अभ्यास भएको करिब सात वर्ष भएको र सो अवधिमा दुईवटा आमनिर्वाचन सम्पन्न भै सकेको अवस्था छ। यस शीर्षकमा साझा अधिकारका विषयमा संघ, प्रदेश र स्थानीय तहले बनाएका कानूनहरूलाई नमुना छनौट गरी साझा अधिकारका विषयमा कानून निमार्ण, यसमा भएका वाधाहरू, अधिकारका विषयहरूमा द्वन्द्ध तथा बन्नु पर्ने अत्यावश्यक कानूनहरू समेतको विषयहरू चर्चा गरिने छ।

### ४.८.१ संघीय प्रणालीको कार्यान्वयनको अवस्थाको मूल्याङ्कन ( Evaluation of implementation of federal system )

संघीयतालाई स्रोतसाधन पर्याप्त भएका मुलुकहरूमा राजनैतिक अधिकार जनतामा पुर्याउने माध्यमका रुपमा हेर्ने अभ्यास बढेको छ। त्यसैले स्रोतसाधन सम्पन्न देशहरूमा (जस्तै अमेरिका, अस्ट्रेलिया, क्यानडा आदि) संघीय प्रणाली सफल भएको देखिन्छ। विश्वका कतिपय लामो समयदेखि संघीयताको अभ्यास गरिरहेका मुलुकमा भने संघीयताबाट एकात्मक शासन प्रणाली समेत फर्किएको अवस्था छ। उदाहरणका लागिः सन् १९६९ मा संघीयता अवलम्वन गरेको देश चेकोस्लाभाकिया २४ वर्ष पछि पुनः एकात्मक शासनमा फर्किएको छ। त्यसै गरी युगोस्लाभिया ४७ वर्ष पछि, क्यामरुन ११ वर्ष पछि र युगान्डा ३ वर्ष पछि संघीय अभ्यासबाट एकात्मक प्रणालीमा फिर्ता आएका उदाहरणहरू पाउन सकिन्छ।

कतिपय मुलुकमा संघीय इकाइहरू (राज्यहरू/प्रान्तहरू) मा वृद्धि गर्दै लानु पर्ने चुनौती समेत देखिएको छ। उदाहरणका लागिः नाइजेरिया शुरुमा ३ वटा राज्यमा विभाजन थियो, अहिले ३६ वटा राज्यमा विभाजन छ भने ३७औं राज्यका लागि प्रयासरत छ। सुडान ३ राज्यबाट

शुरु भएको २६ वटा राज्यमा पुगेर अन्तमा दक्षिण सुडानमा टुक्रिएको अवस्था छ। छिमेकी राष्ट्र भारतमा पनि २८ वटा राज्यबाट सुरु भएको संघीयता ३१ (Telangana) वटा राज्यमा पुगेको छ। त्यसैले संघीयतालाई राम्रोसँग चलाउन सकिएन भने यसले समेत समस्या ल्याउन सक्ने अन्तराष्ट्रिय अभ्यासहरूबाट बुझ्न सकिन्छ।

### ४.८.२ **साझा अधिकारका सूचीहरू बीचको द्न्द् ( Conflict among the concurrent power )**

संविधानले स्पष्ट रुपमा अधिकारका विषयहरूलाई उल्लेख गरेको छ। हाम्रो जस्तो एकै मुलुकका संघीय संरचनाका तीन तहका सरकार बीचका अधिकारका विषयहरू एक आपसमा अन्तरसम्बन्धित रहेकै हुन्छन्। संविधानको धारा २३२ ले त स्पष्ट रुपमा संघीय इकाइहरूबीच पारस्परिक सहकारिता, सह-अस्तित्व, समन्वय र सहयोगमा आधारित छ भनने स्पष्ट व्यवस्था गरेको छ। सो विषयलाई अझ स्पष्ट पार्न संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन,२०७७ समेत निर्माण भइसकेको छ। तथापि यसका कतिपय प्रावधानहरूका बारेमा मधेश प्रदेश (प्रदेश नं.२) सरकारले सर्वोच्च अदालत संवैधानिक इजलासमा रिट निवेदन समेत दिएको अवस्था छ।

साझा अधिकारका विषय अन्तर्गतका कानूनहरू संघले समयमानै नबनाउदा कतिपय प्रदेशहरूले आफूखुसी कानूनहरू बनाउने गरेको अवस्था छ। उदाहरणका लागि प्रदेश प्रहरी ऐन, प्रदेश निजामती सेवा ऐन आदी। यसरी संघीय कानूनले आधार, मापदण्ड नतोकी प्रदेशहरूले कानून निर्माण गर्दा द्धन्द्ध समेत सिर्जना भएको अवस्था छ। जसका कारण प्रदेशले बनाएका कानूनहरूको औचित्य पुष्टि गर्न कठिन भैरहेको छ।

### ४.८.३ **संघ र प्रदेशको साझा अधिकारका विषयमा कानून निर्माणका अवस्थाको मूल्याङ्कन (Evaluation of law making situation of concurrent power of Province and Federal )**

नेपालमा हाल ३४८ वटा संघीय ऐनहरू कार्यान्वयनमा रहेका छन्। प्रदेशहरूले समेत दर्जनौं कानूनहरू निर्माण गरेका छन्, जसलाई निम्न तालिकामा हेर्न सकिन्छः-

| प्रदेश | ऐन | नियमावली | बिनियामवाली | निर्देशिका | कार्यविधि | मापदण्ड | आदेश | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **कोशी** | ५८ | २४ | - | १२ | ४७ | १ | १ | १४१ |
| **मधेश** | ५७ | १२ | - | ४ | ५ | - | - | ७८ |
| **बागमती** | ५७ | २१ | २ | ३ | ३५ | ५ | ८ | १४१ |
| **गण्डकी** | ३३ | ९ | - | ६ | १३ | १ | - | ६२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **लुम्बिनी** | ४९ | २४ | १ | ८ | ४९ | ६ | १६ | १५३ |
| **कर्णाली** | ३८ | १३ | - | ६ | ३६ | २ | - | ९५ |
| **सुदूरपश्चिम** | ४९ | १४ | - | ५ | ६ | १ | ८ | ८३ |

स्रोतः प्रदेश सरकारहरूबाट प्राप्त जानकारी।

माथि तालिकामा देखाइए बमोजिम कोशी प्रदेशमा ५८ वटा ऐन, २४ वटा नियमावली, १२ वटा निर्देशिका, ४७ वटा कार्यविधि, १ मापदण्ड र १ गठन आदेश गरी जम्मा १४१ वटा कानूनहरू निर्माण भएको अवस्था छ।

त्यसै गरी मधेश प्रदेशले ५७ वटा ऐन, १२ वटा नियमावली, ४ वटा निर्देशिका र ५ वटा कार्यविधि गरी जम्मा ७८ वटा कानूनहरू निर्माण गरेको अवस्था छ।

बागमती प्रदेशले ५७ वटा ऐन, २१ वटा नियमावली, २ वटा विनियमावली, ३ वटा निर्देशिका, ३५ वटा कार्यविधि, ५ वटा मापदण्ड र ८ वटा गठन आदेश गरी जम्मा १४१ वटा कानूनहरू निर्माण गरेको अवस्था छ।

त्यसै गरी गण्डकी प्रदेशले ३३ वटा ऐन, ९ वटा नियमावली, ६ वटा निर्देशिका, १३ वटा कार्यविधि, एक मापदण्ड गरी जम्मा ६२ वटा कानूनहरू निर्माण गरेको अवस्था छ।

लुम्बनी प्रदेशले ४९ वटा ऐन,२४ वटा नियमावली, १ वटा विनियमावली,८ वटा निर्देशिका, ४९ वटा कार्यविधि, ६ वटा मापदण्ड, १६ वटा आदेश गरी जम्मा १५३ वटा कानूनहरू निर्माण गरेको अवस्था छ।

कर्णाली प्रदेशले ३८ वटा ऐन, १३ वटा नियमावली, ६ वटा निर्देशिका, ३६ वटा कार्यविधि, २ वटा मापदण्ड, गरी जम्मा ९५ वटा कानूनहरू निर्माण गरेको अवस्था छ।

सुदुरपश्चिम प्रदेश सरकारले ४९ वटा ऐन, १४ वटा नियमावली, ५ वटा निर्देशिका, ६ वटा कार्यविधि, १ मापदण्ड र ८ वटा आदेश गरी जम्मा ८३ वटा कानूनहरू निर्माण गरेको अवस्था छ।

संघीयताको कार्यान्वयनकै चरणमा संघीय संसदले आफ्नो कार्यकालको पहिलो पाँच वर्षमा एक सय वटा विभिन्न ऐनहरू बनाएको देखिन्छ भने यसमा ७७ वटा एकल अधिकारका विषयका

कानून र २३ वटा साझा अधिकारका सूचीका विषय अन्तर्गतका कानूनहरू बनाएको संघीय संसदको तथ्याङ्कबाट देखिन्छ।

यसैक्रममा हालसम्म सम्पन्न भएका विधि निमार्ण तथा सम्पन्न भएका कानून बमोजिमका कार्यलाई यस प्रकार उल्लेख गर्न सकिन्छ :-

१. संघीयता कार्यान्वयनमा आवश्यक पर्ने कानूनहरू निर्माण भएका छन्।
२. वित्तीय र राजनीतिक संघीयता कार्यान्वयनका लागि आवश्यक कानूनी प्रबन्ध, संस्थागत र संरचनागत व्यवस्था भएको छ।
३. प्रशासनिक संघीयताको रुपमा रहेको निजामती कर्मचारीका लागि आवश्यक पर्ने नयाँ निजामती सेवा ऐन आउन नसकेता पनि सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूलाई संघ, प्रदेश र स्थानीय तहमा समायोजन गर्न कानून निर्माण गरी त्यसको व्यवस्थापन गरिएको अवस्था छ।
४. सबै इकाइहरूमा संघीयता कार्यान्वयन, संक्रमणकालीन व्यवस्थापन र प्रशासनिक संरचनाको निर्माण गरिएको छ।
५. प्रदेश र स्थानीय तहमा आवश्यक पर्ने केही कानूनहरू निमार्ण भै त्यसबाट हुने सेवा प्रवाह जारी रहेको छ।
६. अन्तर-सरकारी वित्तीय हस्तान्तरणको कार्यान्वयन, स्थानीय सरकार र प्रदेशहरूले आफै बजेट निर्माण गरी कार्यान्वयन भै रहेको छ भने यसलाई सहजीकरण गर्न संघले वित्तीय उत्तरदायित्वसँग सम्बन्धित अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ समेत निर्माण गरि सकेको छ।
७. संविधानको धारा २३२ ले उल्लेख गरे बमोजिमको अन्तरसम्बन्धको संघ, प्रदेश र स्थानीय तह बीचको  स्थापनाका लागि संघले संघ, प्रदेश र स्थानीय तह (समन्वयन तथा अन्तरसम्बन्ध) ऐन,२०७७ निर्माण गरिसकेको छ। अन्तरप्रदेश परिषदले संघीयता कार्यान्वयन कार्यायोजन समेत निर्माण गरेको छ। प्रदेशहरूबाट विकास निर्माणका लागि मार्गचित्र तयार भएको, पञ्चवर्षीय योजना तर्जुमा, प्रदेश विकास परिषद गठन भएको अवस्था छ।
८. प्रदेश र स्थानीय तहमा आवश्यक पर्ने कर्मचारीहरूको व्यवस्थापनका लागि संघले प्रदेशका लागि प्रदेश लोक सेवा आयोग गठन गर्ने मार्ग प्रसस्त गर्न कानून निर्माण समेत भएको र सबै प्रदेशहरूले प्रदेश लोक सेवा आयोगको कार्यालय स्थापना गरी प्रदेश र

स्थानीय तहका लागि जनशक्तिको व्यवस्थापन भैरहेको अवस्था छ तर प्रदेश किताबखाना को व्यवस्था नभएकोले चुनौती पनि थपिएको अवस्था छ।

९. राजश्व तथा वित्त व्यवस्थापन गर्न प्रायः सबै प्रदेशले प्रदेश योजना आयोग वा नीति तथा योजना आयोगहरू निर्माण गरेको, साथै लगानीको वातावरण बनाउन प्रदेश लगानी बोर्ड/प्राधिकरण जस्ता निकायहरूको लागि कानून निर्माण गरी कार्य गरिरहेको अवस्था छ।

१०. संघ र प्रदेशको साझा अधिकारको सूचीमा जम्मा २५ वटा विषयहरू रहेका छन्। संघ र प्रदेशले उक्त विषयमा के कस्ता कानूनहरू निर्माण गरेका छन्, सो विषयमा निम्नानुसार चर्चा गर्न सकिन्छ :-

(क)"फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानूनी मान्यता, संवैधानिक कार्य र अभिलेख)" सँग सम्बन्धित विषयमा संघबाट मुलुकी फौजदारी संहिता,२०७४; मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४; फौजदारी कानून (सजाय निर्धारण तथा कार्यान्वयन), ऐन,२०७४; मुलुकी देवानी संहिता,२०७४; मुलुकी देवानी कार्यविधि संहिता,२०७४; प्रमाण ऐन,२०३१ तथा शपथ सम्बन्धी ऐन,२०७९ तयार भै कार्यान्वयन रहेको छ। यसमा समसामायिक सुधार आवश्यक रहेको छ। त्यसै गरी विभिन्न प्रदेशले समाजमा शान्ति-सुव्यवस्था कायम गर्न प्रदेश प्रहरी ऐन, घरेलु हिंसा सम्बन्धी ऐन आदि जस्ता कानूनी व्यवस्था गरेको पाइन्छ।

(ख)आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमनसँग सम्बन्धित विभिन्न ऐनहरू बनेका छन्, उदाहरणका लागि आवश्यक पर्दाथ (नियन्त्रण) ऐन,२०१७; आवश्यक सेवा सञ्चालन ऐन,२०७५; वस्तुको प्रत्यक्ष विक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन,२०७४; वस्तु विनियम बजार सम्बन्धी ऐन,२०७४ आदि जस्ता ऐनहरू निर्माण भई लागु भएको भए तापनि समयानुसार सुधारको आवश्यकता भने देखिन्छ।

(ग) देशको सुरक्षासँग सम्बन्धित संघीय कानूनहरू रहेको भए तापनि प्रादेशिक कानूनहरूको निर्माण भने भएको देखिदैन्।

(घ) एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थान्तरण गर्न आवश्यक पर्ने केही प्रदेशले कानून निर्माण गरेको छन्। उदाहरणका लागि अन्तरप्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन तर सो विषयसँग सम्बन्धित कानूनी व्यवस्था भने गर्न बाँकी रहेको अवस्था छ।

(ङ) पारिवारिक मामिलासंग सम्बन्धित संघीय कानून भए तापनि कुनै पनि प्रदेशले यस विषयलाई समेटेर कानूनी व्यवस्था गरेको पाइँदैन्।

(च) सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सिर्जना सम्बन्धी विषयमा संघीय कानूनहरू जस्तै मुलुकी देवानी कार्यविधि संहिता, जग्गा प्राप्ति ऐन तथा अचल सम्पत्ति अधिग्रहण ऐन जस्ता ऐनहरू निर्माण भएको भए तापनि लुम्बिनी प्रदेशले मात्र जग्गा एकीकरण सम्बन्धी नियमावली,२०७९ निर्माण गरी लागू गरेको अवस्था छ। यस सम्बन्धी स्पष्ट कानून निर्माण नभएकोले विकास निर्माणका लागि आवश्यक पर्ने जग्गाको व्यवस्थापनका लागि प्रदेश सरकारहरूलाई कठिनाइ परेको अवस्था छ।

(छ) करार सहकारी, साझेदारी र एजेन्सीसँग सम्बन्धित विषयमा साझेदारी ऐन, सहकारी ऐन निर्माण भएका र सोही बमोजिम प्राय सबै प्रदेशले सहकारी विषयसँग सम्बन्धित कानूनी व्यवस्था गरेको भए तापनि सहकारीका विषयमा दर्जनौं समस्याहरू देखापरेको अवस्था छ। सहकारी क्षेत्रलाई सुधार गर्न जरुरी समेत रहेको छ।

(ज) टाट पल्टेको र साझेदारीसँग सम्बन्धित केही संघीय पुराना कानून भए तापनि सो विषयलाई हेर्ने कुनै पनि प्रदेशले कानूनी व्यवस्था गर्न सकेको छैन।

(झ) औषधी र विषादीसँग सम्बन्धित संघमा औषधि ऐन तथा जीवनाशक विषादी व्यवस्थापन ऐन जस्ता पुराना कानून रहेका र केही प्रदेशले जनस्वास्थ्य ऐन, खोप सेवा ऐन को निर्माण गरेता पनि सो विषयलाई ठोसरुपमा कार्यान्वयन गर्न परिमार्जित संघीय कानूनको आवश्यकता रहेको छ।

(ञ) योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापनसँग सम्बन्धित विषयमा तथ्याङ्क ऐन, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार, राष्ट्रिय परिचय-पत्र तथा पञ्जिकरण जस्ता कानूनी व्यवस्था भएको, प्रदेश योजना आयोगहरूको निर्माण गरेको र अन्य विषयमा भने कुनै कानूनी व्यवस्था भएको देख्न पाइँदैन। त्यसैले सो विषयसँग सम्बन्धित कानूनहरू बनाउन आवश्यक देखिन्छ।

(ट) सामाजिक सुरक्षा, रोजगारी, टेड्र युनियन, औद्योगिक विवादको समाधान, श्रमिकको हक अधिकार र विवाद सम्बन्धी विषयमा सामाजिक सुरक्षा ऐन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, श्रम ऐन आदि जस्ता संघीय कानून रहेका छन। केही प्रदेशले बालबालिका संरक्षण ऐन, प्रदेश औद्योगिक व्यवसाय ऐन, दलित सशक्तीकरण ऐन जस्ता कानूनहरू निर्माण गरेको पाइन्छ।

(ठ) कानून व्यवसाय, लेखा-परीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद, पशु चिकित्सा, आदि जस्ता विषयमा केही पुराना संघीय कानून रहेका र ती कानूनहरूलाई समयानुसार परिमार्जन गर्न आवश्यक रहेको छ। यस विषयमा कतिपय प्रदेशले कृषिको प्रवर्द्धन , स्वास्थ्य विज्ञान प्रतिष्ठान, पशु वधशाला, मासु जांच, पशुस्वास्थ्य आदि जस्ता विषयमा कानूनहरू निर्माण गरेको पाइन्छ।

(ड) प्रदेश सीमा, नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता जस्ता विषयमा केही संघीय कानून रहेका, केही प्रदेशले पनि वातावरण ऐन, जलचर संरक्षण ऐन बनाएको पाइन्छ।

(ढ) सञ्चार माध्यम सम्बन्धी विषयमा संघीय दूरसञ्चार, रेडियो, टेलिभिजन ऐनहरू निर्माण भएको र विभिन्न प्रदेशले प्रदेश रेडियो; एफ.एम; टेलिभिजन सञ्चालन; प्रदेश संचार ऐन; प्रदेश प्रसारण ऐन; प्रदेश सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान ऐन निर्माण गरेको र कतिपय प्रदेशले सञ्चार प्रतिष्ठानहरू समेत कानूनत: निर्माण गरेको पाइन्छ।

(ण) उद्योग, खनिज र भौतिक पूर्वाधार जस्ता विषयमा खनिज ऐन, औद्योगिक व्यवसाय ऐन आदि संघीय कानून रहेका र प्राय: सबै प्रदेशले सार्वजनिक-निजी सहकारी, साझेदारी तथा लगानी ऐन, औद्योगिक व्यवसाय ऐन, विद्युत ऐन, सडक ऐन, सवारी तथा यातायात ऐन, प्राइभेट फर्म दर्ता ऐन, निजी व्यवसाय ऐन आदि विषयका कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको पाइन्छ।

(त) क्यासिनो, चिठ्ठासंग सम्बन्धित विषयमा होटल व्यवस्था, चिठ्ठा ऐन जस्ता कानूनहरू रहेको र केही प्रदेशले संस्था दर्ता तथा प्रदेश व्यापार व्यावसाय (दर्ता र सञ्चालन) ऐनहरू बनाएको पाइन्छ। यसलाई नियमन गर्न प्रभावकारी कानूनको आवश्यकता पर्दछ।

(थ) प्राकृतिक तथा विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनलार्भसँग सम्बन्धित विषयमा विपद जोखिम न्यूनीकरण सम्बन्धी संघीय ऐन बनेको र प्राय: सबै प्रदेशले विपद व्यवस्थापन, आकस्मिक कोष, सेवा तथा पुनस्थापना कोष ऐन जस्ता कानूनहरू निर्माण गरेका छन्।

(द) पर्यटन, खानेपानी तथा सरसफाईसँग सम्बन्धित विषयमा संघमा पर्यटन ऐन, खानेपानी सरसफाई ऐन, खानेपानी व्यवस्थापन बोर्ड ऐन, महशुल निर्धारण आदि जस्ता कानूनहरू रहेको र केही प्रदेशले होमस्टे पर्यटन ऐन, सञ्चालन तथा

व्यवस्थापन कार्यविधि, विदा पर्यटन कार्यविधि जस्ता प्रादेशिक कानूनहरू समेत बनाएको पाइन्छ।

(ध) चलचित्र, सिनेमा हल, खेलकूद विषयमा संघमा चलचित्र ऐन, खेलकूदसँग सम्बन्धित ऐनहरू रहेको र कतिपय प्रदेशले समेत खेलकूद ऐन बनाएको अवस्था छ।

(न) बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन विषयमा संघमा बीमा ऐन, आन्तरिक हुलाक वस्तु बीमा, स्वास्थ्य बीमा जस्ता कानूनहरू रहेको र यस विषयमा कुनै पनि प्रदेशमा सो सँग सम्बन्धित विषयमा कानून निर्माण गरेको पाइदैन, यसलाई व्यवस्थित गर्न संघीय कानूनमा सुधार आवश्यक रहेको छ।

(ऩ) गरिबी निवारण र औद्योगिक विषयमा संघमा गरिबी निवारण कोष ऐन रहेको र औद्योगिकीकरण सम्बन्धमा पनि कानून भए तापनि केही प्रदेशले मात्र प्रदेश भवन ऐन, जनता आवास कार्यक्रम तथा प्रदेश औद्योगिकीकरण ऐन बनाएको अवस्था छ। गरिबी निवारणका लागि संघ र प्रदेशले ठोस रुपमा कानूनी प्रबन्ध गर्न जरुरी छ।

(प) वैज्ञानिक अनुसन्धान, विज्ञान, प्रविधि र मानव संसाधनका विषयमा संघमा विज्ञान तथा प्रविधि ऐन, विश्वविद्यालयहरूको कानूनहरू रहेको छ भने कतिपय प्रदेशले विश्वविद्यालय, प्रदेश अनुसन्धान ब्युरो, अनुसन्धान प्रतिष्ठान आदि विषयमा ऐनहरू निर्माण गरेको बनाएको पाइन्छ।

(फ) अन्तर प्रादेशिक रुपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र, जल उपयोग सम्बन्धी विषयमा संघमा वन ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण, निजी वन जंगल राष्ट्रियकरण आदि जस्ता विषयमा कानूनहरू रहेका छन् भने कतिपय प्रदेशले प्रदेश वन ऐन, वातावरण ऐन, राष्ट्रिय वन, वरपीपल र चौतारो संरक्षण ऐन, ताल संरक्षण ऐन आदि निर्माण गरेको अवस्था छ।

(ब) भूमि नीति र सो सम्बन्धी कानूनसँग सम्बन्धित विषयमा जग्गा नापजाँच, भू-उपयोग, भूमी सम्बन्धी, मालपोत आदि विषयमा जस्ता ऐनहरू निर्माण भएका छन् भने कुनै पनि प्रदेशले सोसंग सम्बन्धित विषयमा कानून निर्माण गर्न सकेका छैनन्।

(भ) रोजगारी र बेरोजगारसँग सम्बन्धित विषयमा आवासको अधिकार सम्बन्धी ऐन, सामाजिक सुरक्षा ऐन, औद्योगिक व्यवसाय ऐन, रोजगारीको हक सम्बन्धी ऐन, वैदेशिक रोजगार ऐन, श्रम ऐन, आवासको अधिकार सम्बन्धी ऐन आदि जस्ता

ऐनहरू निर्माण भएका छन् र केही प्रदेशले रोजगारीको हक सम्बन्धी ऐन, प्रदेश स्वरोजगार विकास कोष, व्यवसाय जीवन रक्षा कोष आदि विषयहरूमा कानूनहरू निर्माण गरेका छन्। संघ र प्रदेशले यस विषयमा ठोस कानूनी व्यवस्था गर्नु जरुरी छ।

११. यसरी हेर्दा २५ वटा विषयका सूचीमा धेरै जसो संघीय कानून निर्माण नभएकोले प्रदेशहरूले प्रादेशिक कानून निर्माण गर्न कठिनाइ भोगेको अवस्था छ।

१२. संघीयताको मर्म अनुसार कानूनहरू निर्माण नभएको, भ्रष्टाचारको रोकथाम गरी सुशासन र विकास प्रवर्द्धन गर्न कानूनी व्यवस्था गर्न नसकेको, बेरोजगारीको संख्या बढिरहेको अवस्था छ भने अर्को तर्फ संघीयता कार्यान्वयनको करिब सात वर्षमा पनि साझा अधिकारका विषयहरू अधिकांस प्रदेशमा हस्तान्तरण नहुनु, प्रदेश प्रहरी समायोजन हुन नसकेको, नदीजन्य पदार्थ गिट्टी, ढुङ्गा, बालुवा तथा प्राकृतिक ऐवं खनिजजन्य पदार्थ बिक्री वितरण र निकासी सम्बन्धी कानून र व्यवहारमा जटिलता देखिएको, कर सम्बन्धी केही विषयमा समस्या भएको, प्रदेश र स्थानीय तहले निर्माण गर्ने पूर्वाधारको लागि जग्गाको स्वामित्व तथा भोगाधिकारका विषय, कर्मचारी व्यवस्थापन, वन, गुठी तथा सुकुम्बासीको पहिचान र समाधान जस्ता विषयहरू पनि यथावत रहेको अवस्था छ, जसलाई आउँदा दिनमा प्राथमिकतामा राखी समाधान गर्न जरुरी छ।

१३. नेपाल सरकारद्वारा जारी गरिएको कार्य विस्तृतीकरणमा एकल र साझा अधिकार सूचीमा संघको ८७० वटा, प्रदेशको ५६५ वटा र स्थानीय तहको ३६० वटा गरी जम्मा १७९५ प्रकृतिका कार्य र क्रियाकलापहरू पहिचान गरिएको थियो। हाल आएर यस्ता क्रियाकलापहरू क्रमिक रुपमा वृद्धि भैरहेका छन्। कतिपय कानूनहरूको विषयमा समेत चर्चा भएका छन्। कतिपय कानूनहरू समयानुसार संशोधन, परिमार्जन र नयाँ निर्माण गर्नुपर्ने देखिन्छ। सातवटै प्रदेशले स्थानीय तहका जनप्रतिनिधिहरूका लागि पारिश्रमिकसँग सम्बन्धित कानून बनाएका थिए। तर २०७६ कोशी प्रदेश बाहेक अन्य ६ वटै प्रदेशका कानून संविधानको भावना अनुसार नबनेको भनि सर्वोच्च अदालतले २०७६ कार्तिकमा खारेज गरेकोले पनि साझा अधिकारका विषयमा समयमा नै संघीय कानून निर्माण नहुदा जटिलता देखिएको छ।

### ४.८.४ संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका विषयमा कानून निमार्णको मूल्याङ्कन

**(Evaluation of law making situation on concurrent power among the Local Level, province and Federal )**

नेपालको संविधानको धारा ५७(५), धारा १०९, धारा १६२(४), धारा १९७, धारा २१४(२), धारा २२१(२) र धारा २२६(१) मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको विषयमा अनुसूची-९ मा विभिन्न १५ वटा विषयहरूमा व्यवस्था भएको छ।

यसमा संघले निर्माण गरेका कानूनहरू, प्रदेशले निर्माण गरेका कानूनहरू तथा ७५३ वटा स्थानीय तहबाट नमुनाका रुपमा लिइएका सबै महानगरपालिका, केही उपमहानगरपालीका, केही नगरपालिका र केही गाउँपालिकाहरूले निर्माण गरेका कानूनहरूको उल्लेख गरिएको छ। अनुसूची-९ मा उल्लेखित विषयहरूको आधारमा निम्नानूसार चर्चा गरिएको छ :-

१. सहकारी सम्बन्धी विषयमा संघमा सहकारी ऐन,२०७४ र राष्ट्रिय सहकारी विकास बोर्ड ऐन,२०४९ रहेको छ भने विभिन्न प्रदेशले प्रदेश सहकारी ऐन र सार्वजनिक-निजी, सहकारी साझेदारी ऐन तर्जुमा गरेको अध्ययनबाट पाइन्छ। त्यसै गरी स्थानीय तहले पनि सहकारीको व्यवस्थापन गर्न सहकारी ऐन, सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम सञ्चालन कार्यविधि, सहकारी संस्था दर्ता निर्देशिका, सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन मापदण्ड, सहकारी नियमावली, सहकारी संस्था एकीकरण निर्देशिका आदि विषयमा कानूनी प्रबन्ध गरेको देखिन्छ। कुनै स्थानीय तहले ऐन नै बनाएको पाइन्छ र कसै-कसैले नियमावली, निर्देशिका, मापदण्ड वा कार्यविधि बनाई यो विषयलाई व्यवस्थीत गरेको पाइन्छ।
२. शिक्षा, खेलकूद र पत्रपत्रिका सम्बन्धी विषयमा संघमा शिक्षा ऐन रहेको, त्यसै गरी विभिन्न विश्वविद्यालयहरू(त्रिभूवन विश्वविद्यालय, काठमाण्डौ विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, खुला विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, योगमाया आयुर्वेद विश्वविद्यालय, राजर्षिजनक विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, सुदुरपश्चिम विश्वविद्यालय) रहेका छन्। साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद ऐन, भाषा आयोग, राष्ट्रिय चिकित्सा शिक्षा ऐन, राष्ट्रिय खेलकूद विकास ऐन, गोरखापत्र संस्थान ऐन, छापाखाना तथा प्रकाशन ऐन, प्रेस काउन्सिल ऐन, राष्ट्रिय समाचार समिति ऐन आदि जस्ता कानूनहरू निर्माण भएका छन्। सो विषयको कार्यान्वयन गर्न प्रदेश खेलकुद ऐन कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशले निर्माण गरेको देखिन्छ।त्यसै गरी कोशी प्रदेशले मनमोहन प्राविधिक विश्वविद्यालय ऐन र गण्डकी प्रदेशले गण्डकी विश्वविद्यालय ऐन समेत निर्माण गरेको पाइन्छ। प्रायः सबै स्थानीय तहले शिक्षा ऐन, पूर्व प्राथमिक विद्यालय

व्यवस्थापन निर्देशिका, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, विद्यालय सञ्चालन कार्यढाँचा, खेलकूद सञ्चालन खर्च निर्देशिका, प्रध्यानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, बालशिक्षा केन्द्र निर्देशिका, छात्रवृत्ती व्यवस्थापन कार्यविधि, शिक्षा नियमावली, नगर खेलकूद विकास कार्यविधि, विद्यालय नर्स कार्यक्रम सञ्चालन कार्यविधि, बहुप्राविधिक शिक्षालय गठन ऐन, विद्यालय एकमुष्ट अनुदान प्रदान गर्ने कार्यविधि, शिक्षा क्षेत्र सुधार कार्ययोजना, पाठ्यक्रम सम्बन्धी योजना आदि जस्ता विविध विषयमा कानून निर्माण गरी व्यवस्थापन गर्ने गरेको भए तापनि समसमायिक विषयलाई समेटेर संघीय शिक्षा ऐन नआएको कारणले एकरुपता, प्रभावकारिता र व्यवस्थापनमा कठिनाइ भएको अवस्था छ।

३. अनुसूची-९ को क्र.स.३ मा रहेको स्वास्थ्य सम्बन्धी विषयमा संघमा औषधी ऐन, खोप ऐन, जनस्वास्थ्य सेवा ऐन, नेपाल फार्मेसी परिषद ऐन, नेपाल मेडिकल काउन्सिल ऐन, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन, नेपाल स्वास्थ्य सेवा ऐन, विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐनहरू (जस्तैः कर्णाली स्वास्थ्य विज्ञान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान, राप्ती स्वास्थ्य विज्ञान, वी.पी. कोईराला स्वास्थ्य विज्ञान), वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल ऐन, शहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र ऐन, संक्रामक रोग ऐन तथा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थानको सुरक्षा सम्बन्धी ऐनहरू रहेका छन्। यसैगरी कोशी प्रदेशले जनस्वास्थ्य ऐन,२०७७; मधेश प्रदेशले स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन,२०७७; बागमती प्रदेशले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन,२०७६ र प्रदेश स्वास्थ्य सेवा ऐन,२०७५ निर्माण गरेको पाइन्छ। गण्डकी प्रदेशले खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन,२०७५ तथा कर्णाली प्रदेशले प्रदेश स्वास्थ्य सेवा ऐन,२०७८ निर्माण गरी यस विषयलाई कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी विभिन्न स्थानीय तहले स्वास्थ्य संस्था दर्ता, अनुमति नवीकरण तथा स्तरोन्नति सम्बन्धी कार्यविधि, राहत वितरण सम्बन्धी मापदण्ड, स्वास्थ्य समिति कार्यविधि, पक्षघात बीमारीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, दीर्घकालीन सेवा महिला स्वास्थ्य स्वयंमसेविकाका लागि सम्मानजनक विदाई गर्ने कार्यविधि, कोभिड-१९ आइसोलेसन केन्द्र सञ्चालन कार्यविधि, सुत्केरी हुने महिलाका लागि निःशुल्क एम्बुलेन्स/यातायात खर्च प्रदान गर्ने कार्यविधि, निःशुल्क स्वास्थ्य बीमा मापदण्ड, स्वास्थ्य ऐन, नगर स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, प्रदेशभित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन आदेश, महिला प्रजनन् स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका आदि जस्ता ऐन, कार्यविधि, मापण्ड, निर्देशिका निर्माण गरी कानूनी व्यवस्था गरेको पाइन्छ।

४. अनुसूची- ९ को क्र.सं.४ मा रहेको कृषि सम्बन्धी साझा अधिकारको सूची अन्तर्गत संघमा कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन,२०६७; नेपाल कृषि अनुसन्धान परिषद ऐन,२०४८; विरुवा संरक्षण ऐन,२०६४(संशोधन २०७९); विरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन,२०६४; बीउ विजन ऐन,२०४५(संशोधन २०७९); राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन,२०४९ रहेका छन्। कोशी प्रदेशले प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन,२०७७ निर्माण गरी कार्यान्वयनमा ल्याएको देखिन्छ। मधेश प्रदेशले मधेश प्रदेश विउ विजन ऐन,२०७६ निर्माण गरी कृषिको प्रवर्द्धन गर्ने कोशिश गरेको देखिन्छ। त्यसैगरी गण्डकी प्रदेशले प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७७ निर्माण गरेको पाइन्छ। कर्णाली प्रदेशले प्रदेश प्राङगारिक कृषि ऐन,२०७६ निर्माण गरेको पाइन्छ। साथै सुदुरपश्चिम प्रदेशले प्रदेश वीउ विजन ऐन,२०७७; प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन,२०७६ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। त्यसैगरी लुम्बिनी प्रदेशले प्रदेश मल ऐन,२०७५; पशु स्वास्थ्य तथा पशु सेवा ऐन,२०७५; प्रदेश विउ विजन ऐन,२०७५; प्रदेश दाना पर्दाथ ऐन,२०७५ निर्माण गरी कार्यान्वयनमा ल्याएको देखिन्छ।

त्यसै गरी विभिन्न स्थानीय तहहरूले कृषि विषयलाई कार्यान्वयन गर्न कृषि व्यवसाय प्रवर्द्धन ऐन, कृषक व्यवसाय प्रवर्द्धन ऐन, कृषक समुह गठन तथा व्यवस्थापन निर्देशिका, न्यूनतम समर्थन मूल्यमा कृषि उपज खरिद तथा व्यवस्थापन कार्यविधि, कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि, कृषि विकास कार्यक्रम कार्यविधि, कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, कृषि उपज बजार स्थलको गठन, व्यवस्थापन तथ संचालन निर्देशिका, कृषि तथा पशुपंछी विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, कृषि पशु समूह गठन तथा व्यवस्थापन कार्यविधि आदि निर्माण गरी कृषिलाई सञ्चालन तथा व्यवस्थापन गर्ने विषयमा कानूनी प्रबन्ध गरेको पाइन्छ।

५. अनुसूची-९ को क्र.स. ५ मा रहेको विद्युत, खानेपानी, सिंचाई जस्ता सेवाहरू सम्बन्धी विषयमा संघमा खानेपानी तथा सरसफाई ऐन,२०७९; खानेपानी महसुल निर्धारण ऐन,२०६३; खानेपानी व्यवस्थापन बोर्ड ऐन,२०६३; नेपाल विद्युत प्राधिकरण ऐन,२०४१; नेपाल खानेपानी संस्थान ऐन,२०४६; पानी कर ऐन,२०२३; विद्युत चोरी नियन्त्रण ऐन,२०५८; विद्युत नियमन आयोग ऐन,२०७४; विद्युत कारोवार ऐन,२०६३ जस्ता ऐनहरू निर्माण भै कार्यान्वयनमा आएको अवस्था छ ।

कोशी प्रदेशले प्रदेश विद्युत ऐन,२०७६, मधेश प्रदेशले प्रदेश सञ्चार सम्बन्धी ऐन,२०७९; प्रादेशिक सडक ऐन,२०७६; प्रादेशिक विद्युत ऐन,२०७६ निर्माण गरेको देखिन्छ।

विभिन्न स्थानीय तहले स्थानीय एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, भवन निर्माण तथा सडक मापदण्ड, जलस्रोत तथा मुहान दर्ता कार्यविधि, खानेपानी महशुल छुट सम्बन्धी कार्यविधि, खानेपानी मुहान सरंक्षण तथा दर्ता सम्बन्धी कार्यविधि, नारायणी नदीमा जल यातायात सञ्चालन कार्यविधि, नारायणी नदी किनार व्यवस्थापन कार्यविधि, जलस्रोत, खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, आमसञ्चार माध्यमलाई प्रदान गरिने लोककल्याणकारी सूचना वितरण सम्बन्धी मापदण्ड, जलविद्युत विकास नीति आदि विषयलाई समेटेर कानूनी व्यवस्था गरेको पाइन्छ।

६. अनुसूची-९ को क्र.स. ६ मा रहेको सेवा शुल्क, दस्तुर, दण्ड, जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क सम्बन्धी विषयमा संघमा नेपाल पर्यटन बोर्ड ऐन,२०५३; पर्यटन ऐन,२०३५; आर्थिक कार्यविधि तथ वित्तिय उत्तरदायित्व ऐन,२०७६; अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ आदि ऐनहरू निर्माण भई कार्यान्वयनमा छन्।

सो विषयमा प्रदेशहरूले पर्यटन विकास ऐन बनाएको पाइन्छ। पर्यटनको क्षेत्रमा व्यवस्थापनको लागि मात्र कानून निर्माण गरेको पाइन्छ। त्यसैगरी विभिन्न स्थानीय तहले पर्यटन विकास ऐन, एकद्वार पर्यटन प्रवेश सेवा शुल्क व्यवस्थापन कार्यविधि, अम्ब्रेला स्ट्रिट आय संकलन कार्यविधि जस्ता कानूनहरू निर्माण गरेको पाइन्छ ।

७. वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी विषयमा संघमा जलचर संरक्षण ऐन,२०१७; जलस्रोत ऐन,२०४९; जीवनाशक विषादी व्यवस्थापन ऐन,२०७६; निजी वन जंगल राष्ट्रियकरण ऐन,२०१३; नेपाल पशु चिकित्सा परिषद् ऐन,२०५५; राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९; वन ऐन,२०७६; वातावरण संरक्षण ऐन,२०७६; संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन,२०७३ जस्ता कानूनहरू विद्यमान रहेका छन्। कतिपय कानूनहरू वर्तमान संविधान आउनुभन्दा अगाडिका समेत भएकाले समयसापेक्ष परिमार्जन गर्नुपर्ने देखिन्छ।

प्रस्तुत विषयलाई विभिन्न प्रदेशहरूले प्रदेश वन ऐन; प्रदेश वातावरण संरक्षण ऐन; प्रदेश राष्ट्रिय वन ऐन; प्रदेश जलचर संरक्षण र व्यवस्थापन ऐन; ताल संरक्षण तथा विकास

प्राधिकरण ऐन; वरपिपल, शमी र चौतारो संरक्षण ऐन; पशु विकास तथा पशु स्वास्थ्य सेवा ऐन निर्माण गरेको देखान्छ।

त्यसै गरी स्थानीय तहहरूले वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, घर पालुवा जनावरहरूको व्यवस्थापन सम्बन्धी निर्देशिका, पशु सेवा कार्यक्रम, सडकको दाँयावाँया वृक्षारोपण कार्यक्रम, पशुपालन कार्यक्रम अनुदान सम्बन्धी कार्यविधि, प्रदुषण नियन्त्रण प्रमाणपत्र सम्बन्धी नियमावली, छाडा पशु नियन्त्रण तथा व्यवस्थापन निर्देशिका, पशु स्वास्थ्य शिविर सञ्चालन कार्यविधि, खानेपानी तथा सरसफाई र स्वच्छता ऐन, बाख्रा पालन निर्देशिका, जलस्रोत ऐन आदि ऐन, नियमावली, कार्यविधि, कार्यक्रम, निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याएको देखिन्छ।

८. खानी तथा खनिज सम्बन्धी विषयमा संघमा औद्योगिक व्यवसाय ऐन,२०७६; औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन,२०५३ र खानी तथा खनिज पदार्थ ऐन,२०४२ रहेको पाइन्छ। सो विषयमा प्रदेश सरकारहरूले समेत प्रदेश औद्योगिक व्यवसाय ऐन तथा उद्योग व्यवस्थापन ऐन निर्माण गरेको देखिन्छ भने कतिपय प्रदेशले नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी कार्यविधि समेत निर्माण गरेको पाइन्छ। केही स्थानीय तहहरूले नदीजन्य पदार्थ उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि, निर्देशिका आदि निर्माण गरेको भए तापनि यस बिषयमा संघ, प्रदेश र स्थानीय तहको अधिकार स्पष्ट देखिने कानूनको अभाव भएको पाइन्छ।

९. विपद व्यवस्थापन सम्बन्धी विषयमा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७४ रहेको छ। प्रायः सबै प्रदेशहरूले प्रदेश विपद जोखिम व्यवस्थापन ऐन निर्माण गरेको पाइन्छ। त्यसैगरी स्थानीय तहले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, विपद राहत मापदण्ड, आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य पूर्वाभ्यास निर्देशिका, आपतकालीन कार्य संचालन केन्द्र, विपद, खोप, उद्धार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि निर्माण गरी तत्सम्बन्धी विषयमा कार्य गरिरहेको अवस्था देखिन्छ ।

१०. सामाजिक सुरक्षा र गरिबी निवारण सम्बन्धी विषयमा संघमा यस विषयसंग सम्बन्धित गरिबी निवारण कोष ऐन,२०६३; घरेलु हिंसा (कसूर र सजाय) ऐन,२०६६,जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव(कसूर र सजाय ऐन)२०६८ ,बोक्सीको आरोप (कसूर र सजाय) ऐन,२०७२; मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४; यातना सम्बन्धी क्षतिपूर्ति ऐन,२०५३; योगदानमा आधारित सामाजिक सुरक्षा ऐन,२०७४; राष्ट्रिय

मानव अधिकार आयोग ऐन,२०६८; सामाजिक सुरक्षा ऐन, २०७५ जस्ता कानूनहरू रहेका छन्।

प्रदेश सरकारहरूले सो विषयलाई व्यवस्थापन गर्न प्रदेश बालबालिका संरक्षण ऐन, दलित सशक्तीकरण ऐन जस्ता कानूनहरू निर्माण गरेको पाइन्छ। गरिबी निवारण सम्बन्धी विषयमा प्रदेशहरूले खासै प्रभावकारी कानूनी व्यवस्था गर्न सकेको देखिँदैन्।
त्यसैगरी प्रस्तुत विषयमा स्थानीय तहहरूले बाल संरक्षण कार्यविधि, विपन्न वर्ग आर्थिक सहायता कार्यविधि, जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा शहीद तथा बेपत्ता परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, स्थानीय तहमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि निर्माण भै कार्यान्वयनमा ल्याएको अवस्था विद्यमान छ ।

११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क सम्बन्धी अनुसूची-९ को क्र.स. ११ को विषयमा संघमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन,२०३३ र तथ्याङ्क ऐन,२०१५ रहेको पाइन्छ। कुनैपनि प्रदेशहरूले यस विषयमा कानूनी व्यवस्था गरेको पाइदैन्। कतिपय स्थानीय तहले पञ्जिकरण सम्बन्धी ऐन, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन र नियमावली निर्माण गरी लागू गरेको पाइन्छ। उल्लेखित कानूनी व्यवस्था भए तापनि संघीय ऐन पुराना भएकोले बदलिदो परिस्थितिमा संघीयताको मर्म अनुसार परिमार्जनको आवश्यकता देखिन्छ।

१२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय सम्बन्धी साझा अधिकारको विषयमा संघमा भवन ऐन,२०५५; भूकम्पबाट प्रभावित संरचनाको पूननिर्माण सम्बन्धी ऐन,२०७२; प्राचीन स्मारक संरक्षण ऐन,२०१३ कानूनको रुपमा रहेका छन्। तर पुराना कानूनहरूलाई समयसापेक्षरुपमा परिमार्जन गर्नुपर्ने देखिन्छ। प्रदेश र स्थानीय तहले यस विषयमा कुनै कानून बनाएको पाइँदैन्।

१३. सुकुम्बासी व्यवस्थापन सम्बन्धी विषयमा संघमा आवासको अधिकार सम्बन्धी ऐन,२०७५; भू-उपयोग ऐन,२०७६; भूमि सम्बन्धी ऐन,२०२१ आदि जस्ता ऐनहरू रहेका छन्। प्रदेशहरूले यस विषयमा कुनै कानूनी व्यवस्था गरेको देखिंदैन्। कतिपय स्थानीय तहले महानगर आवास कार्यविधि, आवास कार्यक्रम नमुना बस्ती विकास निर्माण निर्देशिका, विपन्न वर्ग आर्थिक सहायता कार्यविधि, छोरी जीवन बीमा गर्ने सम्बन्धी कार्यविधि निर्माण गरेको पाइन्छ। यद्यपी संघीय सरकारले भूमिहीन तथा सुकुम्बासीहरूको समस्या समाधान

गर्न राष्ट्रिय भूमि आयोग समेत गठन गरी भूमिहीन सुकुम्बासीको पहिचान सम्बन्धी कार्य गरिरहेको छ।

१४. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी सम्बन्धी विषयमा संघमा राष्ट्रिय प्राकृतिक संरक्षण कोष ऐन,२०३९; राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४ रहेको छ। कुनै पनि प्रदेशले यस विषयमा कानून बनाएको देखिँदैन्। स्थानीय तहहरूमा भने पोखरा महानगरपालिकाले निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको संकलन, उत्खन्न तथा ओसारपसारको लागि इजाजपत्र प्रदान गर्ने कार्यविधि,२०७७ बनाएको देखिन्छ। यस विषयमा संविधानको भावना अनुसारको कानून आवश्यक रहेको देखिन्छ।

१५. सवारी साधन अनुमति सम्बन्धी विषयमा संघमा संविधान आउनु अघि नै सवारी तथा यातायात व्यवस्थापन ऐन,२०४९ रहेको छ। प्रदेशहरूले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन निर्माण गरी कार्यान्वयनमा ल्याएको अध्ययनबाट देखिन्छ। त्यसै गरी स्थानीय तहहरूले समेत यातायात तथा सवारी व्यवस्थापन कार्यविधि, निःशुल्क सवारी पार्किङ्ग सञ्चालन अल्पकालिन मापदण्ड, सार्वजनिक यातायात व्यवस्था ऐन, प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन जस्ता कानून निर्माण गरी यस विषयलाई कार्यान्वयनमा ल्याएको पाइन्छ।

### ४.८.५ एकल अधिकार तथा साझा अधिकारका एकै प्रकारका विषयको विश्लेषण ( Evaluation on nature of Same subject of single power and concurrent power )

नेपालको संविधानको अनुसूची-५ ले संघको एकल अधिकारका विषय, अनुसूची-६ ले प्रदेशको एकल अधिकारका विषय र अनुसूची-८ ले स्थानीय तहको एकल अधिकारको विषय उल्लेख गरेको छ। त्यसैगरी अनुसूची-७ ले सघं र प्रदेशको साझा अधिकार र अनुसूची-९ ले सघं, प्रदेश र स्थानीय तहको साझा अधिकारका विषयहरू उल्लेख गरेको छ। एकल अधिकारका कतिपय विषयहरू सघं, प्रदेश र स्थानीय तहमा समेत रहेको सोही विषय साझा अधिकारमा समेत समावेश भएकोले यहाँ यस्ता एकै प्रकारका विषयहरूलाई विश्लेषण गरिएको छ।

| **क्र.स** | **विषय** | **स्थानीय तह (एकल अधिकार)** | **प्रदेश (एकल अधिकार)** | **सघं (एकल अधिकार)** | **सघं र प्रदेश (साझा अधिकार)** | **सघं, प्रदेश र स्थानीय तह (साझा अधिकार)** |
|---|---|---|---|---|---|---|
| १ | सहकारी सम्बन्धी | -सहकारी संस्था (२) | - | -सहकारी नियमन(२८) | सहकारी (७) | सहकारी (१) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | -सहकारी (१५) | | | | |
| २ | शिक्षा सम्बन्धी | आधारभूत र माध्यामिक शिक्षा (८) | प्रदेश विश्वविद्यालय, उच्च शिक्षा (८) | केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन (१५) | - | शिक्षा (२) |
| ३ | खेलकुद सम्बन्धी | - | - | - | खेलकुद(१९) | खेलकुद (२) |
| ४ | स्वास्थ्य सम्बन्धी | आधारभूत स्वास्थ्य (९) | स्वास्थ्य सेवा (९) | स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण (१६) | - | स्वास्थ्य (३) |
| ५ | कृषि | -कृषि प्रसारको व्यवस्थापन, | कृषि तथा पशु विकास | - | - | कृषि (४) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | संचालन र नियन्त्रण (१८)<br>-कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य (१५) | (२०) | | | |
| ६ | विद्युत | साना जलविद्युत आयोजना(१९) | प्रदेश स्तरको विद्युत(७) | अन्तरदेशीय तथा अन्तर-प्रदेश विद्युत प्रसारण लाइन (१२) | | विद्युत (५) |
| ७ | खानेपानी/ सरसफाई | खानेपानी (१९) | खानेपानी सेवा (७) | - | खानेपानी (१८) | खानेपानी (५) |
| ८ | सिचांई | सिचांई (११) | सिचांई (७) | ठूला सिचांई आयोजना (१४) | - | सिचांई (५) |
| ९ | खानी तथा खनिज | खानी तथा खनिज पदार्थको संरक्षण (२१) | खानी अन्वेषण र व्यवस्थापन (१७) | खानी उत्खन्न (२६) | खनिज (१५) | खानी तथा खनिज (८) |
| १० | विपद व्यवस्थापन | विपद व्यवस्थापन (२०) | - | - | प्राकृतिक तथा गैर प्राकृतिक विपद पुर्व | विपद व्यवस्थापन (९) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | तयारी, उद्दार तथा राहत र पुनर्लाभ (१७) | |
| ११ | सामाजिक सुरक्षा र गरिबी निवारण | बेरोजगारको तथ्याङ्क संकलन (१७) | - | सामाजिक सुरक्षा र गरिबी निवारण (३२) | -सामाजिक सुरक्षा र रोजगारी (११)<br>-गरिबी निवारण (२१) | सामाजिक सुरक्षा र गरिबी निवारण (१०) |
| १२ | सुकुम्बासी व्यवस्थापन | - | - | - | - | सुकुम्बासी व्यवस्थापन (१३) |
| १३ | सवारी साधन अनुमती | सवारी साधन कर (स्थानीय कर) (४) | -सवारी साधन कर (४)<br>-यातायात (२०)<br>-परिवहन (७) | राष्ट्रिय यातायात नीति (२०) | - | सवारी साधन अनुमती (१५) |
| १४ | पुरातात्व, प्राचीन स्मारक र संग्रहालय | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास (२२) | -भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग | पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारक (३४) | - | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय (१२) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | (१८) | | | |
| १५ | वन जंगल | वन्यजन्तु (२१) | -प्रदेश भित्रको राष्ट्रिय वन (१९) | राष्ट्रिय वन नीति (२७) | अन्तर प्रादेशिक रुपमा फैलिएको जंगल, वन संरक्षण क्षेत्र (२३) | वन, जंगल, वन्यजन्तु, चराचुरुंगी (७) |
| १६ | जल उपयोग | जलाधार संरक्षण (२१) | जल उपयोग (१९) | जलस्रोतको संरक्षण र बहुआयामिक उपयोग सम्बन्धी नीति र मापदण्ड (११) | -जल उपयोग (२३) | -जल उपयोग (७) |
| १७ | वातावरण, पर्यावरण तथा जैविक विविधता | वातावरण संरक्षण र जैविक विविधता (१०) | वातावरण व्यवस्थापन (१९) | -वातावरण अनुकुलन (२९)<br>-राष्ट्रिय तथा अन्तराष्ट्रिय वातावरण व्यवस्थापन (२७) | वातावरण संरक्षण र जैविक विविधता (१३) | वातावरण, पर्यावरण तथा जैविक विविधता (७) |
| १८ | व्यक्तिगत घटना सम्बन्धी/ पारिवारिक मामिला | - | - | देवानी कानूनको निर्माण (३०) | विवाह, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री, | व्यक्तिगत घटना, जन्म, मृत्यु विवाह (११) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | उत्तराधिकार र संयुक्त परिवार (५) | |
| १९ | तथ्याङ्क | -स्थानीय तथ्यांङ्क र अभिलेख संकलन (६)<br>-स्थानीय अभिलेख व्यवस्थापन (१३) | प्रदेश तथ्यांङ्क (६) | केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तराष्ट्रिय मानक र गुणस्तर) (१३) | - | तथ्याङ्क (११) |
| २० | भूमि सम्बन्धी | घर जग्गा धनी पुर्जा वितरण (१४) | भूमि व्यवस्थापन, जग्गाको अभिलेख (१६) | भु-उपयोग नीति (२९) | भूमि नीति र सो सम्बन्धी कानून (२४) | - |
| २१ | सञ्चार सम्बन्धी | एफ.एम. सञ्चालन (३) | रेडियो, एफ.एम., टेलिभिजन सञ्चालन (३) | -दुरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बांडफांड, रेडियो, टेलिभिजन र हुलाक (८)<br>-सुरक्षीत छापाखाना (३१) | सञ्चार माध्यम सम्बन्धी (१४) | पत्रपत्रिका (२) |
| २२ | सम्पत्ति सम्बन्धी | घर जग्गा धनी पुर्जा | - | बौद्धिक सम्पत्ति (पेटेन्ट,डिजाइ | सम्पत्ति प्राप्ति, | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वितरण (१४) | | न, ट्रेडमार्क र प्रतिलिपि अधिकार समेत) (२४) | अधिग्रहण र अधिकारको सृजना (६) | |
| २३ | पर्यटन | पर्यटन शुल्क (४) | पर्यटन (४) | पर्यटन नीति (२९)<br>पर्यटन दस्तुर (९) | पर्यटन (१८) | पर्यटन शुल्क (६) |
| २४ | शान्ती सुरक्षा सम्बन्धी | नगर प्रहरी (१) | -प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा (१)<br>-प्रदेश अनुसन्धान ब्युरो (१३) | -रक्षा र सेना सम्बन्धी (१)<br>-हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी (३)<br>-केन्द्रीय प्रहरी, सशस्त्र प्रहरीबल, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान, शान्ति सुरक्षा (४) | -शान्ति सुरक्षाको व्यवस्था (३)<br>-एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण (४) | - |
| २५ | कर, शुल्क, दस्तुर दण्ड जरिवाना सम्बन्धी | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, | घर जग्गा राजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, | भन्सार, अन्तशुल्क, मुल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, | - | -सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क (६) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन (४) | विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना (४) | पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना (९) | | -प्राकृतिक स्रोतबाट प्राप्त रोयलटी (१४) |

१. सहकारी सम्बन्धी विषय स्थानीय तह र संघको एकल अधिकारमा समावेश भएको पाइन्छ। संघ र प्रदेश तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारमा समेत रहेको छ। तर, संघको एकल अधिकारमा सहकारीको नियमन गर्ने विषय रहेको छ। त्यसैगरी सहकारी तथा सहकारी संस्था सम्बन्धी विषय स्थानीय तहको एकल अधिकारमा रहेको देखिन्छ। त्यसैले, सहकारीमा देखिएका विद्यमान समस्याको समाधान हुनेगरी सहकारी सम्बन्धी कानूनी व्यवस्था गर्नुपर्ने देखिन्छ।

२. समग्र राष्ट्रिय विकासको महत्वपूर्ण आधार शिक्षा रहेको जसलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयमा राखिएको र स्थानीय तहले आधारभूत र माध्यमिक

शिक्षा सम्बन्धी विषयलाई प्रभावकारी कार्यान्वयन गर्ने, प्रदेशले विश्वविद्यालय तथा उच्च शिक्षालाई कार्यान्वयन गर्ने र संघले केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठानहरू, विश्वविद्यालयका मापन र नियमन गर्ने विषयहरू रहेका छन्। त्यसैले, संघले स्थानीय तह र प्रदेशको समन्वयमा संघीय शिक्षा ऐन तथा एकीकृत विश्वविद्यालय सम्बन्धी छाता ऐन बनाउन आवश्यक देखिन्छ।

३. खेलकुद सम्बन्धी विषय संघ र प्रदेश तथा संघ, प्रदेश र स्थानीय तहको अनुसूचीमा रहेकोले संघीय ऐनले नै यसलाई प्रभावकारी बनाउनु पर्दछ।

४. स्वास्थ्य सम्बन्धी विषयमा स्थानीय तहको एकल अधिकारमा आधारभूत स्वास्थ्य सम्बन्धी व्यवस्था गरेको, प्रदेशको एकल अधिकारमा स्वास्थ्य सेवामात्र उल्लेख गरेको अवस्था छ भने संघको एकल अधिकारमा स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण जस्ता विषयलाई राखिएको छ। संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयमा स्वास्थ्य उल्लेख भएकोले संघले नै स्वास्थ्यसँग सम्बन्धी नीति, मापदण्ड सहितको संघीय स्वास्थ्य ऐनको यथाशिघ्र तर्जुमा गर्न आवश्यक देखिन्छ।

५. कृषि सम्बन्धी विषयमा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा कृषि, प्रदेशको एकल अधिकारमा कृषि तथा पशु विकास र स्थानीय तहको एकल अधिकारमा कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्यसँग सम्बन्धी विषयहरू रहेको देखिन्छ। यसलाई व्यवस्थित गर्न संघले स्थानीय तह तथा प्रदेशसँगको समन्वयमा समसामयिक बिषयहरूलाई समेटी कृषिसँग सम्बन्धी कानून निर्माण गर्न आवश्यक छ।

६. साना जलविद्युत आयोजनालाई स्थानीय तहको एकल अधिकारको विषयमा राखिएको, प्रदेश स्तरको विद्युत प्रदेशको एकल अधिकार हुने र संघको अधिकार सूचीमा अन्तरदेशीय तथा अन्तरप्रदेश विद्युत प्रसारण लाइनको विषय संघको एक अधिकार सूचीमा रहेको पाइन्छ। संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा भने विद्युतलाई राखिएको छ। त्यसैले यसै अनुरुपको संशोधित संघीय कानूनको आवश्यकता रहेको देखिन्छ।

७. स्थानीय तहको एकल अधिकारमा खानेपानी भन्ने विषय अनुसूचीमा रहेको छ भने खानेपानी सेवाको विषय प्रदेशको एकल अधिकारमा रहेको र संघ र प्रदेशको तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेको यस विषयलाई स्थानीय तह तथा प्रदेशहरूको परामर्शमा संघीय कानूनले व्यवस्थित गर्नुपर्ने देखिन्छ।

८. स्थानीय तह तथा प्रदेशको एकल अधिकार सूचीमा सिचाईको विषय रहेको, त्यसैगरी ठूला सिचाई आयोजनाहरूको विषय भने संघको मात्र रहेको र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा भने सिचाई उल्लेख भएकोले यस विषयमा पनि संघले स्थानीय तह तथा प्रदेशको समन्वय तथा परामर्शमा परिमार्जित संघीय कानून बनाउन आवश्यक देखिन्छ।

९. खानी तथा खनिज पदार्थको संरक्षन गर्ने कार्य स्थानीय तहको एकल अधिकारको सूचीमा रहेको तथा खानी अन्वेषन र व्यवस्थापन गर्ने अधिकार प्रदेशको एकल अधिकारमा रहेको देखिन्छ। संघको एकल अधिकारमा खानी उत्खन्न गर्ने विषय रहेको छ। संघ र प्रदेश; संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार सूचीमा खनिज, खानी तथा खनिजको विषय रहेको पाइन्छ।

१०. विपद् व्यवस्थापन सम्बन्धी विषय स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयको रुपमा रहेको पाइन्छ। संघ र प्रदेशको साझा अधिकारको सूचीमा प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभको विषय समावेश भएको देखिन्छ। प्रायः सबै स्थानीय तहहरू, सबै प्रदेशहरूले तहले समेत विपदको व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्था गरेको पाइन्छ।

११. सामाजिक सुरक्षा र गरिबी निवारण सम्बन्धी विषयमा स्थानीय तहको एक अधिकारमा बेरोजगारको तथ्याङ्क संकलन गर्ने रहेको छ भने संघको एकल अधिकारमा सामाजक सुरक्षा र गरिबी निवारण मात्र उल्लेख भएको छ। संघ र प्रदेशको साझा अधिकारमा सामाजिक सुरक्षा र गरिबी निवारण तथा गरिबी निवारण गरी छुट्टाछुट्टै विषय राखिएको छ।त्यसैगरी सामाजिक सुरक्षा र गरिबी निवारणलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखिएको देखिन्छ। सबै तहका सरकारको परामर्शमा यस विषयलाई समेट्न आवश्यक छ।

१२. सुकुम्बासी समस्याको व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा यो विषयलाई राखिएकोले सबै तहको सरकारको सहयोगमा संघले नै आवश्यक कानूनी व्यवस्था गर्नुपर्ने देखिन्छ।

१३. सवारी साधन अनुमति सम्बन्धी विषयमा संघको एकल अधिकारमा राष्ट्रिय यातायात नीति बनाउने विषय रहेको छ भने सवारी साधन कर, यातायात र पारवहन सम्बन्धी विषय प्रदेशको एकल अधिकार सूचीमा रहेको छ। सवारी साधन कर (स्थानीय कर) स्थानीय तहले उठाउन पाउने र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा सवारी साधन अनुमति भन्ने विषय रहेकोले सबै तहको परामर्शमा मात्र यो विषय व्यवस्थित गर्नुपर्ने देखिन्छ।

१४. पुरातत्व, प्राचिन स्मारक र संग्रहालय विषयको एकल अधिकारमा स्थानीय तहको भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गर्ने उल्लेख छ। प्रदेशको भाषा, लिपि, संस्कृति, ललितकला र धर्म संरक्षक र प्रयोगका विषयहरू उल्लेख छ। संघको एकल अधिकारमा पुरातात्विक महत्वका स्थान र प्राचिन स्मारकका विषय उल्लेख छ। त्यसैगरी, संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका सूचीमा पुरातत्व, प्राचिन स्मारक र संग्रहालय सम्बन्धी विषय उल्लेख भएकोले सबै तहको समन्वयमा यस विषयको कानूनी व्यवस्था हुनुपर्ने देखिन्छ।

१५. वनजंगल सम्बन्धी विषयमा स्थानीय तहको एकल सूचीमा वन्यजन्तु सम्बन्धी व्यवस्था र प्रदेशको एकल सूचीमा प्रदेश भित्रको राष्ट्रिय वनको विषय उल्लेख छ। संघको एकल अधिकारमा राष्ट्रिय वन नीति सम्बन्धी व्यवस्था रहेको छ। संघ र प्रदेशको साझा अधिकारको सूचीमा अन्तरप्रादेशीक रुपमा फैलिएको जंगल, वन संरक्षण क्षेत्र सम्बन्धी विषय रहेको पाइन्छ। संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा वन, जंगल, वन्यजन्तु र चराचुरुङ्गीको विषयहरू समावेश भएका छन्। संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले तीनै तहको समन्वय तथा अन्तरसम्बन्धको बारेमा व्यवस्था गरेको छ। तर, वन सम्बन्धी विषयमा मधेश प्रदेशले "प्रदेश भित्र पर्ने सबै वनजंगल प्रदेश मातहत हुने तथा सोको संरक्षण र व्यवस्थापन प्रदेश मातहत हुने" भन्ने व्यवस्था र क्षेत्राधिकार संविधानको अनुसूची-६ मा प्रष्ट रहेको अवस्थामा संघीय सरकारले आफ्नो स्वेच्छाले मन्त्रिपरिषद्को निर्णय गरेर वनजंगल

प्रदेशको नभई केन्द्र सरकारले व्यवस्थापन गर्ने निर्णय गरेकोले सो निर्णय बदर गर्न[5] सर्वोच्च अदालत संवैधानिक इजलासमा रिट समेत दर्ता गरेको अवस्था छ। त्यसैले, संघीय सरकारले सबै तहका सरकारसँग समन्वय गरेर वन जंगलसँग सम्बन्धित विषयलाई समाधान गर्न कानूनी व्यवस्था गर्न आवश्यक छ।

१६. जलाधार उपयोगको विषय संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेको छ। त्यसैगरी, जल उपयोग संघ र प्रदेशको साझा अधिकार सूचीमा समेत रहेको देखिन्छ। प्रदेशको एकल सूचीमा जल उपयोग नै भनि राखिएको छ। तर, स्थानीय तहको एकल अधिकारमा जलाधार संरक्षण मात्र भनि उल्लेख भएको छ। संघको एकल अधिकारमा भने जलस्रोतको संरक्षाण र वहुआयामिक उपयोग सम्बन्धी नीति र मापदण्डसँग सम्बन्धी विषय रहेकोले संघले नै जलस्रोतसँग सम्बन्धित बहुआयामिक नीति तथा मापदण्ड र कानूनी व्यवस्था गर्न आवश्यक देखिन्छ।

१७. वातावरण, पर्यावरण तथा जैविक विविधतासँग सम्बन्धित विषय सबै तहका सरकारको महत्वपूर्ण विषय रहेको छ। वातावरण, पर्यावरण तथा जैविक विविधता सबै तहको साझा अधिकारको विषय रहेको देखिन्छ। संघ र प्रदेशको साझा अधिकारमा वातावरण संरक्षण र जैविक विविधताको विषय रहेको छ। वातावरणको व्यवस्थापन प्रदेशको एकल अधिकारमा रहेको र वातावरण संरक्षण र जैविक विविधताको विषय स्थानीय तहको एकल अधिकारमा समेत रहेको छ। संघको एकल अधिकारमा भने वातावरण अनुकुलन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरणको व्यवस्थापन समेत उल्लेख भएकोले अन्तर्राष्ट्रिय रुपमा पनि वातावरणको विषयलाई महत्व दिएको देखिन्छ। विश्वमा ह्रास भई रहेको वातावरणको विषयलाई सबै तहको सरकारको चासो र महत्व हुनुपर्ने र प्रभावकारी कानूनी व्यवस्था गर्नुपर्ने देखिन्छ।

१८. व्यक्तिगत घटना, जन्म, मृत्यु विवाह सम्बन्धी विषय संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेकोले सबै तहको समन्वय आवश्यक देखिन्छ। देवानी कानूनको निर्माण गर्ने विषय संघको एकल अधिकारको विषय रहेको छ। संघ र प्रदेशको साझा अधिकारको सूचीमा विवाह, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री, उत्तराधिकार र संयुक्त परिवारको विषय रहेको छ भने स्थानीय तहको एकल अधिकारको सूचीमा यो

[5] वेचन कुमार महतो वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत मुद्दा नं. ०७९-wc-०००१।

विषय उल्लेख नभए तापनि संघीय कानून बमोजिम व्यक्तिगत घटनाको दर्ता स्थानीय तहले नै गर्दै आएको छ।

१९. स्थानीय तहको एकल अधिकारको सूचीमा स्थानीय तथ्याङ्क र अभिलेख संकलन गर्ने तथा स्थानीय अभिलेखको व्यवस्थापन गर्ने विषय रहेको छ। प्रदेशको एकल अधिकारमा प्रदेश तथ्याङ्कको व्यवस्थापन गर्ने विषय रहेको छ। संघको एकल अधिकारको सूचीमा केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) सम्बन्धी विषय रहेकोले र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारमा तथ्याङ्कको विषय उल्लेख भएकोले सबै तहको समन्वयमा संघले आवश्यक कानूनी व्यवस्था गरी तथ्यपरक तथ्याङ्क संकलन र यसको व्यवस्थापन गर्न जरुरी छ।

२०. संघ र प्रदेशको साझा अधिकारको सूचीमा भूमि नीति र सो सम्बन्धी कानूनको विषय रहेको छ। संघको भू-उपयोग सम्बन्धी नीति बनाउने अधिकार रहेको छ। प्रदेशको एकल अधिकारमा भूमिको व्यवस्थापन तथा जग्गाको अभिलेख राख्ने विषय रहेको छ। स्थानीय तहको एकल अधिकारमा घरजग्गा धनीपूर्जा वितरण मात्रको व्यवस्था रहेको देखिन्छ। भूमि सम्बन्धी विद्यमान समस्याहरूलाई समाधान गर्न संघले भू-उपयोग तथा भूमि सम्बन्धी प्रभावकारी कानूनी व्यवस्था गर्न आवश्यक देखिन्छ।

२१. सञ्चार सम्बन्धी विषय विकासको महत्वपूर्ण आधार भएकोले यो विषय सबै तहको सरकारको सरोकारका रुपमा रहेको देखिन्छ। एफ.एम. सञ्चालन स्थानीय तहको एकल अधिकारको रुपमा रहेको छ। रेडियो, एफ.एम., टेलिभिजन सञ्चालनको विषय प्रदेशको एकल अधिकारका रुपमा पनि रहने छ। संघ र प्रदेशको साझा अधिकारको विषयमा सञ्चार माध्यम सम्बन्धी उल्लेख छ भने संघको एकल अधिकारमा दुरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाडफाड, रेडियो, टेलिभिजन र हुलाक तथा सुरक्षित छापाखानाको विषय रहेकोले सबै तहको परामर्शमा प्रभावकारी कानूनी व्यवस्था गर्न जरुरी छ।

२२. सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना संघ र प्रदेशको साझा अधिकारको सूचीमा रहेको देखिन्छ। संघको एकल अधिकारको सूचीमा बौद्धिक सम्पत्ति (पेण्टेट, डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकार समेत) को विषयलाई राखिएको छ। स्थानीय तहको एकल अधिकारमा घरजग्गा धनीपूर्जा वितरणको विषय रहेको छ। त्यसैले, सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना भने संघ र प्रदेशको साझा विषय भए तापनि सबै तहका सरकारको समन्वय तथा परामर्शमा कानूनी व्यवस्था गर्न आवश्यक छ।

२३. पर्यटन सम्बन्धी विषय नेपालको एक महत्वपूर्ण राजश्वको स्रोत रहेको छ। पर्यटन सम्बन्धी नीति संघको एकल अधिकारमा रहेको, पर्यटन शुल्क, स्थानीय तहको एकल अधिकार र सबै तहको साझा अधिकारको विषय समेत रहेको र संघ र प्रदेश तथा प्रदेशको एकल अधिकारमा समेत पर्यटन विषय रहेको देखिन्छ। त्यसैले, पर्यटनको नीति तथा कानूनी व्यवस्था, शुल्क निर्धारण जस्ता विषयहरू सबै तहको समन्वयमा व्यवस्थित गरिनु आवश्यक छ।

२४. सबै तहका सरकारको मूल लक्ष्य र कर्तव्य शान्ति सुरक्षा कायम गर्नु हो। सबै तहले यस विषयमा आवश्यक कानूनी व्यवस्था समेत गरेको पाइन्छ। स्थानीय तहको एकल अधिकारमा नगर प्रहरी सम्बन्धी व्यवस्था रहेको र प्रदेशको एकल अधिकारमा प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा, प्रदेश अनुसन्धान ब्युरो सम्बन्धी व्यवस्थाहरू रहेको छ। संघको एकल अधिकारमा रक्षा र सेना सम्बन्धी, हातहतियार, खरखजाना, कारखाना तथा उत्पादन सम्बन्धी, केन्द्रीय प्रहरी, सशस्त्र प्रहरीबल, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान, शान्ति सुरक्षा जस्ता विषयहरू रहेका छन् भने संघ र प्रदेशको साझा अधिकारमा शान्ति सुरक्षाको व्यवस्था, एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण सम्बन्धी विषय रहेको छ। प्रायः सबै प्रदेशहरूले प्रहरी ऐन बनाएका भए तापनि संघले प्रदेशमा समायोजन गर्नुपर्ने प्रहरीको विषय टुङ्ग्याउन जरुरी छ।

२५. कर, शुल्क, दस्तुर, दण्ड जरिवानासँग सम्बन्धित विषय संघ, प्रदेश र स्थानीय तह बिचको साझा अधिकारको विषय समेत भएको, यसमा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क सम्बन्धी विषयहरू रहेको छन्। स्थानीय तहले स्थानीय कर लगाउन पाउने जसमा सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर जस्ता करहरू रहेका छन्। त्यसैगरी, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर जस्ता कुराहरू साथै दण्ड जरिवाना समेत लगाउन र उठाउन पाउने व्यवस्था रहेको छ। प्रदेशको एकल अधिकारमा घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन तथा कृषि आयमा कर लगाउने, सेवा शुल्क दस्तुर दण्ड जरिवाना समेत उठाउन पाउने अधिकार रहेको छ भने संघको एकल अधिकारमा भन्सार, अन्तशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना जस्ता कर, शुल्क दस्तुर लगाउन र उठाउन पाउने अधिकार रहेकोले कर;

दस्तुर, सेवा शुल्क, दण्ड जरिवाना जस्ता विषयहरू सबै तहका सरकारको अधिकार क्षेत्रभित्र रहेको पाइन्छ। संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका सुचिमा क्रमसंख्या ६ र १४ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी भन्ने विषय, दुइठाउमा उल्लेख भै दोहोरियको देखिन्छ। करका दर, सेवा शुल्क, दस्तुर जस्ता विषयमा धेरै समस्याहरू रहेका भनि समय समयमा आवाजहरू उठ्ने गरेको सन्दर्भमा यसलाई समेत संघीय सरकारले प्रभावकारी कानूनी व्यवस्था गर्न आवश्यक देखिन्छ।

## परिच्छेद-५
## निष्कर्ष र सूझाव
## (Conclusion and Suggestions)

### ५.१ अध्ययनको निष्कर्ष (Conclusion)

संघीयताका फाइदा तथा बेफाइदा दुबै रहेको पाइन्छ। संघीयतालाई स्रोतसाधन पर्याप्त भएका मुलुकमा राजनीतिक जनतामा पुरयाउने सशक्त साधनका रुपमा लिने अभ्यास बढेको छ। स्रोतसाधन सम्पन्न राष्ट्रहरू जस्तैः संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, क्यान्डा आदि जस्ता मुलुकमा संघीय प्रणाली सफल देखिएको छ भने स्रोतसाधन कम भएका सुडान, इथोपिया, नाइजेरिया आदि जस्ता मुलुकमा स्रोतसाधनको कारणले नै द्वन्द्वमा समेत फसेको देखिन्छ। लामो समयदेखि संघीयता अवलम्बन गरेका मुलुकहरू जस्तैः सन् १९६९ मा संघीयता अवलम्बन गरेको देश चेकोस्लोभाकिया २४ वर्ष संघीयता अवलम्बन गरी पुनः एकात्मक शासन प्रणालीमा फर्किएको, त्यसैगरी युगोस्लाभियाले ४७ वर्ष, क्यान्डनले ११ वर्ष तथा युगान्डाले ३ वर्ष संघीयताको अभ्यास गरी पुनः एकात्मक शासन प्रणालीमा फर्किएको पाउन सकिन्छ।

संविधानले संघीय एकाइहरूलाई प्रदान गरेको अधिकारहरूमा प्रशस्त असङ्गति, विरोधाभाष र द्वन्द्व देखिन्छ। अनुसूचीहरूमा एकै विषयको एकल अधिकार र साझा अधिकारमा एवम् एकै विषय संघ, प्रदेश र स्थानीय तहको एकल अधिकार सूचीमा समेत रहेको अवस्था छ। अर्थात् एकल र साझा अधिकारबिच मात्र होइन संघीय एकाइहरूको एकल अधिकार सूचीबिचमा पनि द्वन्द्व रहेको अबस्था छ। अधिकारको सूची र संविधानको धाराबिच पनि सङ्गति छैन। यस्तो असङ्गति र दोहोरो र तेहोरोपनका कारण संघीयता कार्यान्वयनको लागि कानून, योजना, नीति बनाउन र कार्यान्वयन गर्न संघीय एकाइहरूबिच द्वन्द्व र खटपट हुने अवस्था आउन सक्ने देखिन्छ। संघीय एकाइहरूबिचको अन्तरसम्बन्ध पारस्परिक सहकारिता, सहअस्तित्व, समन्वय र सहयोगमा आधारित हुनुपर्ने भनि नेपालको संविधानको धारा २३२ ले व्यवस्था गरेको छ। यस सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन,२०७७ समेत बनेको छ। अनुसूचीहरूबिचको अन्तरसम्बन्धलाई आत्मसात् गरिएको छैन।आफ्नो मात्र अनुसूची हेरेर पुग्दैन, अर्को तहको अनुसूचीलाई पनि हेर्नुपर्छ भन्ने सोचाइ विकसित भएको देखिदैन्। स्रोतसाधन आफ्नो अधिकारको अभ्यास गर्दा सम्बन्धित विषयमा अर्को तहको अधिकार कति छ भन्नेतर्फ पनि हेक्का राख्नु आवश्यक हुन्छ।

नेपालको संविधानले गरेको व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको अभ्यास नेपालमा भैरहेको अवस्था छ। पहिलो पाँच वर्षको कार्यकाल सम्पन्न भई दोस्रो कार्यकालको निर्वाचन सम्पन्न भएको र सबैं तहका सरकारले आफ्नो संवैधानिक र कानूनी दायित्त्व निर्वाह गरिरहेको छन्। हाल संघमा ३४८ वटा संघीय ऐनहरू कार्यान्वयनमा रहेका छन्।

सातवटै प्रदेशहरूले आवश्यक कानूनहरूको निर्माण गरिरहेको देखिन्छ। सबै प्रदेशहरूबाट आवश्यक कानून निर्माण गरि कार्यान्वयन भै रहेको अवस्था छ। कोशी प्रदेशबाट १४१, मधेश प्रदेशबाट ७८, बागमती प्रदेशबाट १४१, गण्डकी प्रदेशबाट ६२, लुम्बिनी प्रदेशबाट १५३, कर्णाली प्रदेशबाट ९५ र सुदुरपश्चिम प्रदेशबाट ८३ वटा कानूनहरू निर्माण भएको र सबै प्रदेशहरूले कानून निर्माण गरेको संख्या ७५३ वटा रहेको देखिन्छ। सबै स्थानीय तहहरूले समेत आवश्यक कानून निर्माण गरि कार्यसम्पादन गरिरहेको देखिन्छ। सबै प्रदेशहरू तथा स्थानीय तहहरूले एकल अधिकारका सूचीका कानूनहरू निर्माण गरेको भए तापनि संघ र प्रदेशको साझा अधिकारका सूचीका विषयका कानूनहरू र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयका कानूनहरूको निर्माण कार्य त्यति प्रभावकारी हुन सकेको छैन्। नेपालको संविधानको धारा २३२ ले निर्देशित गरेको सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई अंगिकार गरि तीनैतहका सरकारले कानून निर्माण गर्नु पर्ने अध्ययनबाट निष्कर्ष निकाल्न सकिन्छ।

संघबाट सामान्य सिद्धान्त, मापदण्ड र नीति तय गरि प्रदेश र स्थानीय सरकारबाट कार्यान्वयन हुनुपर्ने विषयहरू जस्तै शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सुकुम्बासी समस्या, विद्युत, खानेपानी, सिंचाई, प्रदेश लोकसेवा आयोग जस्ता विषयमा केही कानूनी व्यवस्था भए तापनि सबै विषयमा आवश्यक सिद्धान्त, मापदण्ड तथा नीति तय भै नसकेको अध्ययनबाट देखिन्छ। अन्तराष्ट्रिय कानूनी व्यवस्था तथा विभिन्न संघीय प्रणाली भएका राष्ट्रहरूको साझा अधिकारका विषयहरूको कानून निर्माण प्रकृया हेर्दा पनि संघले नै आपसी छलफल तथा प्रदेश र स्थानीय तहको लागि आवश्यक सिद्धान्त, मापदण्ड तथा नीति बनाउनुपर्ने अभ्यास र संवैधानिक व्यवस्था रहेको देखिन्छ।

संघ, प्रदेश र स्थानीय तहको एकल अधिकार तथा साझा अधिकारका समान वा सबै प्रकारका विषयमा समेत विश्लेषण गरी हेर्दा एकै प्रकृतिका विषयहरू एकल अधिकार तथा साझा

अधिकारका विषयका रुपमा समेत समावेश भएको विश्लेषणबाट देखिएकोले तीनै तहको आपसी समन्वय तथा सहकारिता आवश्यक देखिन्छ।

नेपालको संविधान जारी हुनुभन्दा अघिका धेरै जस्तो कानूनहरू संविधानको मर्म र भावना अनुसार परिमार्जन, संशोधन वा खारेजगरी नँया कानून निर्माण गर्नुपर्ने अवस्था देखिन्छ। मौलिक हक अधिकारसंग सम्बन्धित कानूनहरू निर्माण भई लागु भई सकेको र कतिपय कानूनहरू निर्माणका क्रममा रहेकोले संघीय शिक्षा ऐन, जनस्वास्थ्य ऐन, निजामती सेवा ऐन, नेपाल प्रहरी ऐन आदि जस्ता ऐनहरू प्राथामिकतामा राखि निर्माण गर्नुपर्ने देखिन्छ।

कतिपय प्रदेशहरूले साझा अधिकारका विषयमा संघीय कानूनले सिद्धान्त, मापदण्ड तथ नीति तर्जुमा गर्न ढिलाई गरेकै कारण प्रादेशिक कानूनहरू निर्माण गरी कार्यान्वयनमा ल्याएको अवस्था छ। जसले गर्दा कानूनको प्रभावकारी कार्यान्वयन गर्न कठिनाई भै रहेको देखिन्छ। यस्तो अवस्थामा संघले यथाशिघ्र चाँडो साझा अधिकारका विषयमा कानूनी व्यवस्था गर्न आवश्यक छ।

राज्यका काम कारवाही प्रभावकारी कानूनसम्मत र जनउत्तरदायी बनाउन कानूनको महत्वपूर्ण स्थान हुने भएकोले कानून निर्माण गर्दा संघले आफ्नो सहजता र सजिलोको लागि मात्र होइन्, जनताको सहजताको लागि बढि ध्यानदिनु उपयुक्त हुन्छ। कानूनलाई नियन्त्रणको औजार मात्र होइन्, विकास र नागरिकको अधिकारको उपभोगका लागि आवश्यक पर्ने आर्थिक, सामाजिक तथा शैक्षिक पूर्वाधार निर्माणका लागि सहजिकरण गर्ने माध्यमको रुपमा समेत निर्माण गरिनुपर्छ।

## ५.२ सुझावहरू (Suggestions)

१. साझा अधिकारका सूचीको विषय र दुबै वा तिनै तहको एकल अधिकारको सूचीमा परेका विषयमा विधेयकको मस्यौदा गर्दा संघ, प्रदेश र स्थानीय तहले एक अर्काको परामर्शमा आवश्यक समन्वय गरी कानून निर्माण गर्दा प्रभावकारी हुने।

२. साझा अधिकारको सूचीमा बन्ने कानूनले लाभ, जोखिम, अधिकार तथा दायित्वको सिर्जना गर्न सक्ने हुनाले सो को बाँडफाँड तथा प्रभावकारी व्यवस्थापनका लागी संघले अभिभावकीय भूमिका खेल्नु पर्ने।

३. संघले साझा वा राष्ट्रिय मापदण्ड आवश्यक पर्ने वा राष्ट्रिय सरोकारका विषय बाहेक प्रदेश वा स्थानीय विशिष्टता चाहिने विषयमा प्रदेश र स्थानीय तहलाई नै कानून बनाउन प्रोत्साहित गर्नुपर्ने।

४. साझा अधिकारका सबै विषयमा तीनै तहका सरकारले कानून बनाउन आवश्यक नहुने भएकाले कानून बनाउन प्रतिस्पर्धा गर्न आवश्यक नभएकोले सो विषयमा गम्भिर बन्नुपर्ने।

५. प्रदेश र स्थानीय तह संघको विकासात्मक, शासकीय वा प्रशासनिक एकाई नभएकाले संघले प्रदेश र स्थानीय तहको कार्यगत स्वतन्त्रता र स्वायत्तताको सम्मान गर्नु पर्ने र साझा अधिकारको सूचीमा प्रदेश र स्थानीय तहको भूमिका विकेन्द्रित संघियताको मान्यताबाट निर्देशित हुनुपर्ने देखिन्छ।

६. एकल अधिकार तथा साझा अधिकारका एकै प्रकृतिका विषयका जस्तै सहकारी सम्बन्धि, शिक्षा सम्बन्धी, स्वास्थ्य समबन्धी, कृषि सम्बन्धि आदि जस्ता विषयमा संघले नै प्रदेश र स्थानीय तह समेतको समन्वयमा आवश्यक कानून बनाई प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने र संघले सहजकर्ताको भूमिका खेल्दा उपयुक्त हुने देखिन्छ।

७. कानून निर्माण सम्बन्धि कार्ययोजना तथा क्यालेण्डर प्रणाली निर्माण गरी प्रत्येक आ.व. मा बनाउने कानूनको पहिचान गरी सोही अनुसार कानून निर्माण गर्न वैज्ञानिक हुने।

८. नेपालको संविधान अनुसार बन्न बाँकी कानूनहरूको पहिचान गरी सो को संख्या निर्धारण गरी प्राथमिकता समेत निर्धारण गर्ने र तत्काल निर्माण गर्नु पर्ने, एक वर्ष भित्रमा निर्माण गर्नुपर्ने र दुई वर्ष भित्रमा निर्माण गर्नुपर्ने कानूनहरूको सूची बनाई कानून निर्माण कार्य अघि बढाउन उपयुक्त हुने।

९. कानून निर्माण कार्यमा आम नागरिकको सहभागिता र पृष्ठपोषणलाई स्वागत गर्दै कानूनहरू दिगो विकास, मानव अधिकार र संघियतालाई प्रभावकारी बनाउने तर्फ लक्षित हुन आवश्यक छ।

१०. अधिवक्ता लोकेन्द्र बहादुर ओली वि. प्रदेश सभा, प्रदेश २, जनकपुरधाम धनुषासमेत (रिट नं. ००१७) भयको उत्प्रेषण/परमादेश, मुद्दामा प्रदेशहरूले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐनमा गरिएको दफा ३ को मासिक सुविधा र अनुसुची-१ मा तोकिएको मासिक सुविधाको रकम सम्बन्धी व्यवस्था पारिश्रमिक

स्वरुपको तलब प्रकृतिको देखिन आएकोले अप्रत्यक्ष तवरले पारिश्रमिक लिने कार्य संविधानप्रतिको जालसाझी (Fraud on Constitution) हुने भनी फैसला भएको जस्ता बिषयले संघीयताको अभ्यास पश्चात बेरुजुको मात्रा बढ्दो तथा भ्रष्टाचारको वृद्धि भएको भन्ने आमधारणा बनेको अवस्थामा यसलाई व्यवस्थापन गर्न संघले नै आवश्यक मापदण्ड तथा सहजीकरण गरी कानून निर्माण गर्न उपयुक्त हुने।

## सन्दर्भ सामग्री

**(Bibliography)**


१. Tharu Khushee Prasad (PhD.)(2021 A.D), Distribution of Competence in Federal System: A Case Study of Nepal Putalisadak,Kathmandu:Pairavi Book House PVT.Ltd.

२. ज्ञवाली,चन्द्रकान्त(डा.), (वि.सं.२०७८), नेपालको संवैधानिक कानून (सा.सं.), पुतलीसडक, काठमाण्डौ:पैरवी प्रकाशन ।

३. ज्ञवाली चन्द्रकान्त (डा.) (वि.सं.२०७७), नेपालको संविधानको व्याख्या (प्र.सं.), पुतलीसडक, काठमाण्डौ: पैरवी प्रकाशन ।

४. ज्ञवाली चन्द्रकान्त (डा.)(वि.सं.२०७५), नेपालमा संघीय शासन (प्र.सं.), पुतलीसडक, काठमाण्डौ: पैरवी प्रकाशन ।

५. वश्याल विनोद वि.सं.२०७७), संवैधानिक कानून: सिद्धान्त, संवैधानिक व्यवस्था र अभ्यास (प्र.सं.),संकटाटोल,टौंखा:वस्नधरी खरेल वश्याल ।

६. नेपालको संविधान,२०७२

७. Federalidm and State Restructuring in Nepal: The challenge for the Constituent Assembly(Report of a conference organised by the constitutional Advisory support unit,UNDP,23-24 March 2007)(Edited by Yash Ghai and Jill Cottrell),(April 2008),Kathmandu:UNDP Nepal.

८. शर्मा रुद्र(डा.), (वि.सं.२०७६), नेपाल,भारत र अमेरिकामा संघीय विवाद निरुपण (दो.सं.),काठमाण्डौ:युवा विकासको लागि संवैधानिक केन्द्र ।

९. Sharma,Rudra (Dr.),(2019 A.D), Federal Dispute Settlement in Nepal,India and USA (1st edn.),New Delhi,India:Adroit Publshors.

१०. Adhikari, Bipin (Edr.),(2010 A.D), Nepal: Design Option for the New Constitution (1st edn.),Kathmandu:Nepal Constitution Foundation et al.

११. नेपालको संविधानको अनुसूची ५,६,७,८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्यविस्तृतीकरण (नेपाल सरकार (मं.प्.) बाट मिति २०७३/१०/१८ गते स्वीकृत), सिंहदरबार, काठमाण्डौ: प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,चैत्र,२०७३।

१२. एण्डरसन,जर्ज(वि.सं.२०६४),सङ्घीयता:एक परिचय, युएन हाउस,पुल्चोक: परामर्श सहायता एकाइ, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम(युएनडीपी) ।

१३. मल्ल,गहेन्द्रलाल(वि.सं.२०६५),संघीय सन्दर्भमा नेपाल, काठमाण्डौ: संवैधानिक तथा संसदीय अभ्यास समाज(स्कोप) ।

१४. Gyawali,Chandra Kanta (Dr.)."Federalism:Restructuring of the State and International Practice on Concurrent Power (Enswing proportional Inclusion in the State Organs in

the process of Federalization.A Legal Anthropological Perspective)."Nepal Bar Council Law Journal.Vol XVI.2017. PP72-90**.**

१५. Pokhrel,Bela. "Concept of Federalism and Its Application in Nepal." NJA Law Jowrnal.Vol.**11**.No.1.(2017)PP.211-220.

१६. Tharu, Khushee Prasad. "Federalism and Power Sharing: A Case Study of Nepal."NJA Law Journal.Vol.11No.1(2017)**.**PP.199-210.

१७. Tharu, Khushee Prasad. "Federal system in Nepal: A Critical Analysis."NJA Law Journal. Vol.14,No.1(2020)**.PP.29-54.**

१८. Bashyal,Krishna Prasad."Federalism:Challenges and Opportunities in Nepalese Context." Nepal Bar Council Law Journal. Vol.XVIII.(2019).PP. 101-110.

१९. Gyawali,Chandra Kanta(Dr.)&Prakash A.Raj.(2010).Federalism in the world, Distributors,Pairavi Prakashan.

२०. संघीय संसद सेवा स्मारिका (२०७९), बर्ष ११ अङ्क १०.

२१. धौवन्धार, गोपाल(पि.एच.डी.).(२०७५).नेपालमा संघीयता र यसको ओचित्य, NUTA Journal,6(1&2):ISSN-017x

२२. Regmi, Damodar(DR.). (2079). Damodar Regmi Mini E-Library.